सातै प्रदेशबाट प्रकाशित पहिलो राष्ट्रिय दैनिक

नयाँ पत्रिका

nayapatrikadaily.com

२२ मंसिर २०८०, शुक्रबार (8 Dec 2023, Friday) ■ नेपाल संवत् ११४४ ■ वर्ष १७ ■ अंक २२८ ■ पृष्ठ ८ nayapatrikaofficial @NAYA_PATRIKA मूल्य रु. ५/-

■ एनसेलको सेयर किनबेच

छानबिन गर्न सरकारले बनायो उच्चस्तरीय समिति



पूर्वमहालेखा परीक्षक टंकमणि शर्मा (संयोजक)



सरकारका सचिव फणिन्द्र गौतम (सदस्य)



अर्थ सहसचिव रितेश शाक्य (सदस्य)



सञ्चार सहसचिव बाबुराम भण्डारी (सदस्य)



आइक्यान अध्यक्ष सुजन काफ्ले (सदस्य)

पवन तिमिल्सिना/नयाँ पत्रिका

सरकारले एनसेलको ८० प्रतिशत सेयर खरिद-बिक्रीबारे अध्ययन तथा छानबिन गर्न उच्चस्तरीय समिति गठन गरेको छ। बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले पूर्वमहालेखा परीक्षक टंकमणि शर्माको संयोजकत्वमा समिति गठन गरेको हो।

समितिमा सचिव फणीन्द्र गौतम, अर्थ मन्त्रालयका सहसचिव रितेशकुमार शाक्य, सञ्चार तथा सूचना प्रविधि मन्त्रालयका सहसचिव बाबुराम भण्डारी र नेपाल चार्टर्ड एकाउन्टेन्ट्स संस्थाका अध्यक्ष सुजनकुमार काफ्ले सदस्य छन्। समितिलाई एक महिनाभित्र प्रतिवेदन पेस गर्ने समय निर्धारण गरिएको छ। तर, कुन-कुन विषयमा आधारित रहेर अध्ययन गर्ने भन्ने कार्यादेश भने तयार नभएको समितिका सदस्य सुजन काफ्लेले बताए।

सञ्चारमन्त्री रेखा शर्माले जारी गरेको विज्ञप्तिमा 'सेयर खरिद-बिक्रीका सम्बन्धमा प्रचलित कानुनी प्रावधान तथा अन्तर्राष्ट्रिय विधि र प्रक्रियाको पालना एवं यस्ता क्रियाकलापबाट नेपालको दूरसञ्चार क्षेत्र र विदेशी लगानीमा पर्ने असर तथा नेपाल सरकारको राजस्वलगायतका विषयमा पर्ने प्रभावका बारेमा' अध्ययन तथा छानबिन गर्ने उल्लेख छ।

■ खरिद-बिक्री दर्ता नगर्न उच्च अदालतबाट अल्पकालीन अन्तरिम आदेश

एनसेलको सेयर खरिद-बिक्री दर्ता नगर्न उच्च अदालत पाटनले अल्पकालीन अन्तरिम आदेश दिएको छ। न्यायाधीश पुरुषोत्तमप्रसाद ढकालको एकल इजलासले २५ मंसिरसम्मका लागि खरिद-बिक्री भएका एनसेलका सेयरहरू दर्ता किताबमा दर्ता नगर्न अल्पकालीन अन्तरिम आदेश जारी गरेको हो।

'...हाल मिति २०८०/८/२५ सम्मका लागि खरिद-बिक्री भएका एनसेलका सेयरहरू दर्ता किताबमा दर्ता नगर्नू-नगराउनू भनी विपक्षीहरूका नाममा उच्च अदालत नियमावली, २०७३ को नियम ४२ (१) (क) बमोजिम यो अल्पकालीन अन्तरिम आदेश जारी गरिदिएको छ,' आदेशमा भनिएको छ, 'आदेशको जानकारी विपक्षीहरूलाई दिनू।'

आदेशलाई निरन्तरता दिनुपर्ने-नपर्ने सम्बन्धमा छलफलका लागि २५ मंसिरमा उपस्थित हुन भनेको छ। यस सम्बन्धमा कुनै निर्णय भएको छ भने सो निर्णयसमेत लिई उपस्थित हुन आदेश जारी भएको छ। २५ मंसिरको बहसपछि अदालतले अल्पकालीन अन्तरिम आदेशलाई जारी राख्ने वा अन्य आदेश जारी गर्ने भन्ने निर्णय गर्नेछ।

मलेसियाली कम्पनी आजियाटाले एनसेलमा ८० प्रतिशत सेयर स्वामित्व रहेको रेनोल्ड होल्डिङ्सलाई नेपाली

» पृष्ठ २ मा क्रमशः

■ कांग्रेस महामन्त्री गगन थापाको अपिल-

सामसुम पार्ने प्रयास हुन्छ, निरन्तर खबरदारी गरौं

महालेखा परीक्षक ६ महिनादेखि रिक्त

कार्यवाहककै भरमा ७५ खर्बको लेखा परीक्षण हुँदै, संवैधानिक पदहरू रिक्त हुनुभन्दा एक महिनाअघि नै नियुक्तिको सिफारिस गर्नुपर्ने संविधानको व्यवस्था

कृष्ण रिजाल/नयाँ पत्रिका

तीनै तहका सरकार, सरकारी लगानी भएका संस्थान/कम्पनी, सार्वजनिक तथा संगठित संस्थाको अन्तिम लेखा परीक्षण गर्ने संवैधानिक निकायको प्रमुख पद महालेखा परीक्षक ६ महिनादेखि रिक्त छ। रिक्त हुनुभन्दा एक महिनाअघि नै नयाँ नियुक्तिको सिफारिस गर्नुपर्ने संवैधानिक व्यवस्था भए पनि जेठमा रिक्त पदपूर्ति अहिलेसम्म गरिएको छैन।

गत ७ जेठमा टंकमणि शर्मा दंगालको कार्यावधि सकिएपछि सरकारी तथा सार्वजनिक संस्थाको वित्तियोजन, राजस्व, धरौटी तथा अन्य कोषको लेखा परीक्षण कार्यवाहककै भरमा चलिरहेको छ। संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिले महालेखा परीक्षक नियुक्ति गर्ने व्यवस्था संविधानमा छ। धारा २८४ को उपधारा ३ अनुसार संवैधानिक परिषद्ले संवैधानिक निकायका प्रमुख वा पदाधिकारीको पद रिक्त हुनुभन्दा एक महिनाअगावै नियुक्तिका लागि सिफारिस गर्नुपर्छ।

महालेखा परीक्षकजस्ता संवैधानिक पदहरू नियुक्तिमा ढिलाइ गरेर सरकारले संविधानकै अवज्ञा गरिरहेको पूर्वमहालेखा परीक्षक भानु आचार्यले बताए। 'संवैधानिक परिषद्मा सभामुख, राष्ट्रिय सभाका अध्यक्ष, प्रधानमन्त्री, प्रधानन्यायाधीशजस्ता संविधान परिपालना गराउनेहरू हुन्छन्,' उनले भने, 'उहाँहरूले नै संविधानको भावनाअनुसार काम नगर्नु भनेको उचित होइन, संविधानको अवज्ञा गर्ने छुट कसैलाई पनि छैन।'

सरकारकी प्रवक्ता तथा सञ्चारमन्त्री रेशा शर्माले प्राविधिक कारणले नियुक्ति सिफारिसमा ढिलाइ भएको बताइन्। संवैधानिक परिषद्को बैठक डाकेर छिट्टै रिक्त पदहरूमा नियुक्तिको सिफारिस गर्ने तयारी भइरहेको उनको भनाइ छ।

» पृष्ठ २ मा क्रमशः



■ **आवेदन मागियो, १६ ले आवेदन दिए, तर नियुक्ति प्रक्रिया अगाडि बढाइएन**

संवैधानिक परिषद्को सचिवालयले गत २० साउनमा नयाँ महालेखा परीक्षक नियुक्तिका लागि आवेदन मागेको थियो। प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार तीन बहालवाला सचिव, आठ पूर्वसचिव, दुई बहालवाला सहसचिव, एक पूर्वसहसचिव र दुई सिएले आवेदन दिएका छन्। तर, नियुक्ति प्रक्रिया नै अगाडि बढाइएन।

स्रोतका अनुसार दलहरूबीच संवैधानिक निकायहरूको नियुक्तिमा भागबन्डा नमिल्दा महालेखा परीक्षकसमेत नियुक्ति हुन नसकेको हो। महालेखाले ढूला-ढूला अनियमितता बाहिर ल्याइदिने तथा कैफियत देखाइदिने गरेको छ। महालेखाले औंल्याएका कैफियतकै आधारमा कतिपय भ्रष्टाचारका मुद्दासमेत अघि बढाउने गरिएको छ। त्यसैले पनि दलहरूले महालेखा परीक्षक आफ्नो कोटामा पार्न लाग्ने गरेका छन्।

६ महिनासम्म नियुक्ति सिफारिस नगर्नु संविधानकै अवज्ञा हो



● **भानुप्रसाद आचार्य**
पूर्वमहालेखा परीक्षक

महालेखा परीक्षक रिक्त हुनुभन्दा एक महिनाअघि नै संवैधानिक परिषद्ले नियुक्तिको सिफारिस गर्नुपर्ने व्यवस्था संविधानमै छ। तर, ६ महिनादेखि पद रिक्त राखेर संविधानकै अवज्ञा गरिएको छ। यस्तो छुट कसैलाई पनि छैन। महालेखाजस्तो संस्था जसले तीनै तहका सरकार, तिनको लगानी रहेका संस्थाहरू तथा संगठित संस्थाहरूको अन्तिम लेखापरीक्षण गर्छ, त्यसको प्रमुख रिक्त हुनु राम्रो होइन। कार्यवाहक हुँदा पनि दैनिक कामकारबाही र लेखा परीक्षण त रोकिँदैन, तर सैद्धान्तिक तथा नीतिगत हिसाबले हेर्दा महालेखा परीक्षक हुनु र नहुनुमा फरक पर्छ। किनभने ६ वर्षे कार्यकालका लागि आउने महालेखा परीक्षकसँग एउटा भिजन हुन्छ, जिम्मेवारी हुन्छ, लक्ष्य हुन्छ।

रिक्त पदहरूमा छिट्टै नियुक्ति सिफारिस गर्ने तयारी भइरहेको छ



● **रेखा शर्मा**
सूचना तथा सञ्चार प्रविधिमन्त्री

महालेखा परीक्षक छिटो नियुक्त गर्नुपर्छ भन्नेमा सरकार गम्भीर छ। तर, प्राविधिक कारणले ढिलाइ भइरहेको छ। नियतवश नियुक्ति रोकिएको होइन। महालेखा परीक्षक मात्रै होइन, अन्य संवैधानिक निकायमा पनि पदहरू रिक्त छन्। सबैमा एकैपटक नियुक्ति गर्नुपर्छ भन्ने हो, त्यसैको तयारी भइरहेको छ। भागबन्डा नमिलेर नियुक्तिमा ढिलाइ भएको भने होइन। अब छिट्टै संवैधानिक परिषद्को बैठक बस्ने र रिक्त पदहरूमा नियुक्तिको सिफारिस गर्ने तयारी छ।

केन्द्रीय समिति बैठक टार्दै देउवा

सरकारको कार्यशैलीको समीक्षा र मन्त्री फेरबदलको विषय उठ्ने भएपछि दबाबमा सभापति

बैठकसम्बन्धी कार्यतालिका पुनरावलोकन गछौं



मीनबहादुर विश्वकर्मा
प्रमुख, प्रचार विभाग

सभापतिले चासो देखाउनुभएको छैन



प्रदीप पौडेल
केन्द्रीय सदस्य

(विस्तृत पृष्ठ ३)

दूध किसानको आठ अर्ब बक्यौता उठ्न कठिन

किसानसँग दाना खुवाउने पैसासमेत सकियो

(विस्तृत पृष्ठ ६)

NIMB
नेपाल इन्भेष्टमेण्ट मेगा बैंक लि.
NEPAL INVESTMENT MEGA BANK LTD.

१२ वर्षसम्म पनि बनेन कमला नदीमा पक्की पुल



सिराहामा **सुरेन्द्र कामती**

सिराहा-धनुषा जोड्ने कमला नदीमा पक्की पुल बन्न लागेको १२ वर्ष पुगेको छ। तर, अहिलेसम्म पनि पुल अलपत्र छ। ०६८ जेठमा पप्पु कन्स्ट्रक्सन लुम्बिनी बिल्डर्स जेभीले भौतिक पूर्वाधार मन्त्रालयसँग करिब २५ करोड लागतमा पुल निर्माण गर्ने सम्झौता गरेको थियो। ०६८ मंसिरमा तत्कालीन भौतिक पूर्वाधारमन्त्री हृदयेश त्रिपाठीले पुलको शिलान्यास गरेका थिए। पप्पुले केही समय काम गरेर बीचमै छाडिदियो। तीन-चार वर्ष अलपत्र रहेको पुल जनदबाबपछि लुम्बिनी बिल्डर्सले सुरु गरेको थियो। ३२ मिटर लम्बाइको पुल बनाउनुपर्नेमा उसले १८ मिटर छोट्याएर १४ मिटर कायम गरेको थियो। पुलको सुपर स्ट्रक्चरको काम गरिरहँदा १७ असार ०७८ मा पायर भासियो। त्यसको तीन महिनापछि ३ कात्तिकमा अर्को पनि पायर भासियो। त्यसयता पुल निर्माणमा सरोकारवाला निकायले चासो देखाएका छैनन्।



लुम्बिनीको बजेट कार्यान्वयनसम्बन्धी कार्यविधि बनेन

प्रदेशका १२ जिल्लाका ५० कार्यालयको काम प्रभावित

- सम्बन्धित मन्त्रालयले बजेट कार्यान्वयनका लागि योजना तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी कार्यविधि तयार पारे पनि मुख्यमन्त्रीको कार्यालयले स्वीकृत नगर्दा अड्कियो कार्यविधि
- अन्य प्रदेशले स्मार्ट कार्ड छपाइ गर्ने मेसिन ल्याउने तयारी गर्दा लुम्बिनीले कार्यविधि नै ल्याउन सकेन, मेसिन खरिद नहुँदा दुई वर्षदेखि रोकियो स्मार्ट कार्ड छपाइ
- बजेट विनियोजन भएका थुप्रै कार्यक्रम कार्यविधि नबन्दा अलपत्र, फुर्सदिला कर्मचारी हाजिर गर्दै घर फर्कदै
- मुख्यमन्त्री कार्यक्रम उद्घाटन, शिलान्यास, अन्तर्क्रिया र भेटघाटमा व्यस्त हुँदा अत्यावश्यक नीति, नियम, कार्यविधि र नियमावली बनाउन फुर्सद नभएको कर्मचारीहरूको गुनासो



डिल्लीबहादुर चौधरी
मुख्यमन्त्री, लुम्बिनी प्रदेश

विगतका कार्यविधिले उत्पन्न गरेका समस्या हटाउन यो वर्ष कार्यविधिलाई सहज र सरल बनाउने प्रयास गरेका छौं। ढिलो होस्, तर चुस्त, दुरुस्त होस्।

कार्यविधि स्वीकृत नभएका ५० कार्यालय

- **प्रदेश सुशासन केन्द्र** (नेपालगन्ज)
- **सहकारी प्रशिक्षण केन्द्र** (बुटवल र नेपालगन्ज)
- **सामाजिक विकास कार्यालय** (बुटवल र नेपालगन्ज)
- **यातायात व्यवस्था कार्यालय** (नेपालगन्ज, दाङ र बुटवल)
- **भौतिक पूर्वाधार कार्यालय** (नेपालगन्ज, दाङ र बुटवल)
- **भूमिगत जल तथा सिँचाइ कार्यालय** (नेपालगन्ज, दाङ र बुटवल)
- **खानेपानी डिभिजन कार्यालय** (नेपालगन्ज, दाङ र बुटवल)
- **कृषि ज्ञान केन्द्र** (नेपालगन्ज, दाङ र बुटवल)
- **भेटेरेनरी तथा पशुविज्ञ कार्यालय** (नेपालगन्ज, दाङ र बुटवल)
- **ग्रामीण सडक पूर्वाधार कार्यालय** (नेपालगन्ज, दाङ र बुटवल)
- **घरेलु तथा साना उद्योग कार्यालय** (लुम्बिनीका १२ वटै जिल्ला)
- **वन डिभिजन कार्यालय** (लुम्बिनीका १२ वटै जिल्ला)

बाँकेमा **विश्वराज पछ्लडङ्गया**

चालू आव ०८०/८१ को बजेट विनियोजन भएको पाँच महिना बित्दै लाग्दासमेत लुम्बिनी प्रदेश सरकारले योजना तथा कार्यक्रम कार्यान्वयनसम्बन्धी कार्यविधि स्वीकृत नगर्दा १२ जिल्लाका ५० कार्यालय कामविहीन बनेका छन्। बजेट कार्यान्वयनका लागि हरेक निकायको कार्यविधि स्वीकृत गर्नुपर्ने भए पनि मुख्यमन्त्री तथा

» पृष्ठ २ मा क्रमशः

महालेखा...

पृष्ठ १ बाट क्रमशः

आवेदन मागियो, १६ ले आवेदन दिए, तर नियुक्ति प्रक्रिया अगाडि बढाइएन

संवैधानिक परिषद्को सचिवालयले गत २० साउनमा नयाँ महालेखा परीक्षक नियुक्तिका लागि आवेदन मागेको थियो। संविधानबमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले सूचना प्रकाशित भएको मितिले १५ दिनभित्र आवेदन दिन सक्ने भनिएको थियो।

प्रधानमन्त्री कार्यालय स्रोतका अनुसार तोकिएको समयभित्र महालेखा परीक्षक हुन तीन बहालवाला सचिव, आठ पूर्वसचिव, दुई बहालवाला सहसचिव, एक पूर्वसहसचिव र दुई सिएले आवेदन दिएका थिए। बहालवाला सचिवत्रय महेश्वर काफ्ले, वामदेव शर्मा अधिकारी र तोयम राय तथा पूर्वसचिवहरू शिशिरकुमार ढुंगाना, गोपीनाथ मैनाली, रामशरण पुडासैनी, हरि बस्याल, शंकर खरेल, रामप्रसाद थपलिया, राममाया कुँवर र बाबुराम गौतमले आवेदन दिएका हुन्। त्यस्तै, सहसचिवमा वैकुण्ठबहादुर अधिकारी र चन्द्रकान्त भण्डारीको आवेदन परेको थियो। त्यस्तै, महालेखा परीक्षक कार्यालयबाटै सेवानिवृत्त भएका सहसचिव अशोक कार्कीले पनि आवेदन हालेको स्रोतले बतायो। महालेखा परीक्षकका लागि दुई सिए सुवोधकुमार कर्ण र हरि सिलवालले पनि आवेदन दिएका छन्।

तर, नियुक्ति प्रक्रिया अगाडी बढाइएन। महालेखाले ठूला-ठूला अनियमितता बाहिर ल्याइदिने तथा कैफियत देखाइदिने गरेको छ। उसले औँल्याएका कैफियतकै आधारमा कतिपय भ्रष्टाचारका मुद्दासमेत अघि बढाउने गरिएको छ। त्यसैले पनि दलहरूले महालेखा परीक्षक आफ्नो कोटामा पार्न लाग्ने गर्छन। महालेखा परीक्षकको दौडमा रहेकाहरूमा पनि दलको फेरो समाउने प्रवृत्ति रहेको छ। दलहरूबीच संवैधानिक निकायहरूको नियुक्तिमा भागबन्डा नमिल्दा महालेखा परीक्षकसमेत नियुक्ति हुन नसकेको स्रोतको भनाइ छ।

तर, सञ्चारमन्त्री शर्माले भने नियतवश नभई प्राविधिक कारणले नियुक्तिमा ढिलाइ भएको बताइन। 'गठबन्धनको सरकारमा जिम्मेवारीको बाँडफाँट स्वाभाविक हो, सरकारमा सहभागी दलहरूलाई जिम्मेवारी दिनुपर्छ नै,' उनले भनिन्, 'तर, बाँडफाँट नमिलेर वा कुनै नियत राखेर नियुक्ति सिफारिसमा ढिलाइ गरिएको होइन।'

७५ खर्ब हाराहारीको लेखा परीक्षण कार्यवाहककै भरमा

महालेखा परीक्षकको कार्यालयले यतिवेला आर्थिक वर्ष ०७९/८० को वार्षिक प्रतिवेदन तयार पारिरहेको छ। माघ मसान्तसम्म लेखा परीक्षण सकेर चैत मसान्तमा राष्ट्रपतिलाई बुझाउने कार्यालयको योजना छ। गत वर्ष ६ हजार पाँच सय ७६ वटा संस्थाको ७१ खर्ब ३८ अर्ब १७ करोड रुपैयाँको लेखा परीक्षण गरेकोमा एक खर्ब १९ अर्ब ७८ करोड बेरुजु देखिएको थियो। यस वर्ष पनि गत वर्षकै हाराहारी रकमको लेखा परीक्षण हुने महालेखाका एक अधिकारीले बताए। तर, यति ठूलो रकमको लेखा परीक्षण पनि कार्यवाहककै भरमा हुनु उचित नहुने उनको भनाइ छ।

'यस वर्ष पनि गत वर्षकै हाराहारी अर्थात् ७०-७५ खर्बको लेखा परीक्षण भइरहेको छ, अहिले लेखा परीक्षण योजनाअनुसार नै काम भइरहेको छ, कुनै काम रोकिएको छैन,' उनले भने, 'तर, कार्यवाहकको भरमा महालेखा चल्दा नयाँ काम हुँदैन, नयाँ नीति बन्दैन, दीर्घकालीन योजना बन्दैन।'

के छ महालेखा परीक्षकसम्बन्धी संवैधानिक व्यवस्था ?

संविधानको धारा २४० ले महालेखा परीक्षकको व्यवस्था गरेको छ। उक्त धाराको उपधारा २ मा राष्ट्रपतिले संवैधानिक परिषद्को सिफारिसमा महालेखा परीक्षकको नियुक्ति गर्ने व्यवस्था गरिएको छ। संविधानको धारा १४१ मा महालेखा परीक्षकको काम, कर्तव्य र अधिकार तोकिएको छ। उक्त धाराको उपधारा १ मा भनिएको छ, 'राष्ट्रपति र उपराष्ट्रपतिको कार्यालय, सर्वोच्च अदालत, संघीय संसद्, प्रदेश सभा, प्रदेश सरकार, स्थानीय तह, संवैधानिक निकाय, अदालत, महान्यायाधिवक्ताको कार्यालय, सेना, नेपाल प्रहरी र सशस्त्र प्रहरीलगायत सबै संघीय र प्रदेश सरकारी कार्यालयको लेखा कानुनबमोजिम नियमितता, मितव्ययिता, कार्यदक्षता, प्रभावकारिता र औचित्यसमेतको विचार गरी महालेखा परीक्षकबाट लेखा परीक्षण हुनेछ।'

त्यस्तै, उपधारा २ ले ५० प्रतिशतभन्दा बढी सेयर वा जायजेथामा नेपाल सरकार वा प्रदेश सरकारको स्वामित्व भएको संगठित संस्थाको लेखा परीक्षणका लागि लेखा परीक्षक नियुक्त गर्दा महालेखा परीक्षकसँग परामर्श गर्नुपर्ने व्यवस्था गरेको छ। त्यस्तो संगठित संस्थाको लेखा परीक्षण गर्दा अपनाउनुपर्ने सिद्धान्तको सम्बन्धमा महालेखा परीक्षकले आवश्यक निर्देशन दिन सक्नेछ। महालेखा परीक्षकलाई लेखासम्बन्धी कागजपत्र जुनसुकै बखत हेर्न पाउने अधिकार हुने, महालेखा परीक्षक वा कार्यालयका कुनै कर्मचारीले माग गरेको जुनसुकै कागजपत्र तथा जानकारी उपलब्ध गराउनु सम्बन्धित कार्यालय प्रमुखको कर्तव्य हुने संविधानमा उल्लेख छ।

सात वर्षसम्म महालेखा परीक्षक रिक्त रहेको खराब नजिर

यसअघि पनि ०६३ देखि ०७० सम्म सात वर्ष महालेखा परीक्षक कार्यालय कार्यवाहकको भरमा चलेको थियो। तत्कालीन महालेखा परीक्षक गहेन्द्रनाथ अधिकारीको पदावधि १६ पुस ०६३ मा सकिएपछि २४ वैशाख ०७० सम्म कार्यवाहककै भरमा महालेखा चल्यो। २५ वैशाख ०७० मा भानुप्रसाद आचार्य महालेखा परीक्षकमा नियुक्त भए। उनले ८ असार ०७३ सम्म महालेखाको नेतृत्व गरे।

त्यसपछि करिब एक वर्ष महालेखा परीक्षक पद फेरि रिक्त रह्यो। ८ जेठ ०७४ मा टंकमणि शर्मा दंगाल महालेखा परीक्षक भए। उनी ६ वर्षे कार्यकाल पूरा गरी ७ जेठ ०८० मा सेवानिवृत्त भए। तर, त्यसपछि अहिलेसम्म कार्यवाहककै भरमा चलिरहेको छ।

महालेखाजस्तो महत्त्वपूर्ण संस्थालाई लामो समयसम्म कार्यवाहकको भरमा चलाउनु आर्थिक अनुशासन, पारदर्शिता र जवाफदेहिताप्रति अनुदार भएको मानिने एक पूर्वमहालेखा परीक्षक बताउँछन्। 'सात वर्षसम्म कार्यवाहकको भरमा महालेखा चलाएको खराब नजिर छ, जुन सुशासन र पारदर्शिताका दृष्टिकोणले मात्रै नभई संविधान र कानुन परिपालनाका हिसाबले समेत गलत छ,' उनले भने, 'यस्तो प्रवृत्तिलाई रोक्नुपर्छ।'

नेपाल प्रहरी अस्पताल महाराजगंज, काठमाण्डौ

सूचना नं. ४०/०८०/०८१

सूचना प्रकाशित मितिः २०८०/०८/२२ गते ।

बिद्युतीय बोलपत्र स्वीकृत गर्ने आशय-पत्र जारी भएको सूचना

उपरोक्त विषयमा यस अस्पतालको लागि आ.व.२०८०/०८१ मा आवश्यक पर्ने मेशिनरी उपकरणहरु बोलपत्रको माध्यमबाट खरिद गर्न २०८०/०५/१७ गते आईतबार नेपाल समाचारपत्र राष्ट्रिय दैनिकमा प्रकाशित निम्नानुसारका सूचना नं. NPH/NCB/04/080/081, NPH/NCB/05/080/081 र NPH/NCB/06/080/081 को लागि पेश भएका बोलपत्रलाई सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) तथा सार्वजनिक खरिद नियमावली, २०६४ (संशोधन सहित) को अधिनमा रही बिभिन्न पक्षको मूल्याङ्कन गर्दा सारभूत रुपमा प्रभावग्राही भई सफल भएका बोलपत्र मध्ये तुलनात्मक तालिकामा न्यूनतम मूल्याङ्कित बोलपत्र स्वीकृतिको लागि छनौट गरी सार्वजनिक खरिद ऐन, २०६३ (संशोधन सहित) को दफा २७ को उपदफा २ को प्रयोजनार्थ आशय-पत्र जारी भएको सूचना प्रकाशित गरिएको छ । साथै, सो सम्बन्धमा चित्त नबुझेमा मिति २०८०।०८।२८ गते कार्यालय समय भित्र नियमानुसार कार्यालय प्रमुख समक्ष लिखित निवेदन दिन हुन सूचित गरिएको छ । साथै विस्तृत जानकारीको लागि यस अस्पतालको प्रबन्ध शाखाको टेलिफोन नं. ०१-४५१२४३०, ०१-४५१२५३०, Ext. No. १२८/१२९ मा सम्पर्क गर्न सकिने व्यहोरा समेत सुचित गरिएको छ ।

छानबिन...

पृष्ठ १ बाट क्रमशः

मूलका सतिशलाल आचार्यको स्पेक्ट्रलाइट युके लिमिटेडलाई बिक्री गरेको थियो। यो विषय बाहिरिएपछि गोकुलबहादुर रोकायाले उक्त कारोबारलाई मान्यता नदिन भन्दै उच्च अदालत पाटनमा रिट दायर गरेका थिए। रिट निवेदकको तर्फबाट वरिष्ठ अधिवक्ता सुरेन्द्र भण्डारी, अधिवक्ता अनिता शर्मा र महेश डंगोलले बहस गरेका थिए।

यसअघि १४ मंसिरमा धितोपत्र बोर्डमा सूचीकृत नभई सेयर बिक्री गर्न लागेको भन्दै एनसेलको सेयर खरिद रोक्न माग राख्दै रिट परेको थियो। अदालतले २५ मंसिरमा एनसेलसँगै नियामक निकायलाई बोलाउँदै 'कारण देखाऊ' आदेश जारी गरेको थियो। रिट दायर गरेको समयमा एनसेलको ८० प्रतिशत सेयर बिक्री नभएकोमा आदेश आएकै दिन एनसेलको सेयर आजियाटाले स्पेक्ट्रलाइट युके लिमिटेडलाई बिक्री गरेको रिटमा दाबी गरिएको छ।

रिटमा दूरसञ्चार प्राधिकरणले १५ मंसिरमै एनसेललाई पूर्वस्वीकृतिविना सेयर खरिद-बिक्री नगर्न भनी पत्र लेख्दालेख्दै पनि बिक्री भएको उल्लेख छ। सरकारलाई तिर्नुपर्ने कर (खासगरी पुँजीगत लाभकर) छल्ने उद्देश्यबाट विदेशमा केवल दुई महिनाअघि मात्रै कम्पनी खोली सेयर बिक्री गरेको रिटमा उल्लेख छ। यो गैरकानुनी भएकाले एनसेल सेयर खरिद-बिक्रीलाई कानुनी मान्यता दिन नसकिने भन्दै ८० प्रतिशत सेयरको बिक्री बदर गर्न माग गरिएको थियो। संसद्को सार्वजनिक लेखा समितिले सेयर खरिद-बिक्री रोक्का गर्न सरकारलाई निर्देशन दिइसकेको छ।

कांग्रेस महामन्त्री थापाको अपिल- सामसुम पार्ने प्रयास हुन्छ, निरन्तर खबरदारी गरौँ

कांग्रेस महामन्त्री गगन थापाले एनसेलको सेयर खरिद-बिक्रीमा ठूलो अनियमितता भएकाले यो प्रकरण सामसुम पार्ने प्रयास हुने भन्दै निरन्तर खबरदारी गर्नुपर्ने अपिल गरेका छन्। सरकारले छानबिन समिति बनाउँदैमा सबै ठीक हुने अवस्था नरहेको उनको भनाइ छ। उनले सामाजिक सञ्जालमा लेखेका छन्, 'सरकारले समिति बनाएको छ भने सार्वजनिक लेखा समितिले समग्र प्रक्रियामा अनुसन्धान गर्नुपर्ने देखिएकाले त्यो पूरा नहुन्जेल सेयर बिक्रीको प्रक्रियालाई रोक्न निर्देशन दिएको छ। तर, समिति बन्यो सबै ठीक हुन्छ भन्ने अवस्था छैन।'

कानुनको छिद्र दुरुपयोग गरेर एनसेलको सेयर खरिद-बिक्री गरेको प्रस्ट देखिएकाले यसमा बदनियत रहेको उनको भनाइ छ। उनले भने, 'पहिला पनि पटक-पटक यस्तो गरेका दृष्टान्त छन्। राजनीतिक र प्रशासनिक नेतृत्वमध्ये कसैको साथ र आश्वासन नपाईकन यत्रो अनियमितताको हिम्मत आउँदैन। जसको आडमा यो भएको छ र जो प्रत्यक्ष-परोक्ष संलग्न छन्, अहिले हुने छानबिन प्रभावित गर्न उनीहरू लाग्ने नै छन्।' त्यस्तैले, समिति औपचारिकतामा मात्र सीमित नहुने र पार्न नदिन हरक्षण सचेत र चनाखो हुनु जरुरी रहेको उनको अपिल छ। महामन्त्री थापाले भनेका छन्, 'हरेकपटक अनेकन भ्रष्टाचार र आर्थिक अनियमितताका काण्ड सार्वजनिक हुन्छन्, दबाब हुन्छ, छानबिनको प्रयास हुन्छ, अनि विभिन्न दृश्य-अदृश्य साँठगाँठमा प्रकरणलाई सामसुम पार्ने प्रयास हुन्छ। यस्तो हुन नदिन निरन्तर खबरदारी गरौँ।'

घोषणा भएको तीन दिनमै सेयर बिक्री गर्नु अध्ययनको विषय हो : सभामुख

सभामुख देवराज घिमिरेले एनसेलको सेयर खरिद-बिक्रीको विषय अध्ययन गर्नुपर्ने खालको रहेको बताएका छन्। छानबिनको माग राख्दै उनलाई भेट्न पुगेका अखिल नेपाल राष्ट्रिय स्वतन्त्र विद्यार्थी युनियन (अनेरास्ववियु) का कार्यवाहक अध्यक्ष गोविन्द गिरी नेतृत्वको प्रतिनिधिमण्डलसँग कुरा गर्दै उनले यस्तो बताएका हुन्। अनेरास्ववियुले एनसेल सेयर खरिद-बिक्रीसँगै एनसेलको आयव्ययसमेत छानबिन गर्न माग गरेको छ।

सभामुख घिमिरेले भने, 'एनसेल फिर्ता हुने भन्ने समाचार आएपछि मैले तत्कालै भनेको थिएँ- विदेशी लगानीकर्ताहरूले लगानी फिर्ता लैजाने होइन, थप लगानी ल्याएर अरू मुनाफा कमाउनुपर्छ। तर, लगानी फिर्ता गर्ने घोषणा भएको तीन दिनभित्रै सेयर बिक्री गरेको विषय अध्ययन गर्नुपर्ने खालको रह्यो।' संसद् अधिवेशन अन्त्य भइसकेको अवस्थामा संसदीय समितिहरूले छलफल गर्दै निर्णयसमेत गरिसकेको उनले बताए।

प्रदेशका १२ जिल्लाका...

पृष्ठ १ बाट क्रमशः

मन्त्रिपरिषद्को कार्यालयले अड्काएर राखेको छ। जसकारण कार्यालय प्रमुख र कर्मचारीले दैनिक हाजिरी लगाउनेबाहेक अन्य काम गर्न सकेका छैनन्।

घरेलु तथा साना उद्योग कार्यालय नेपालगन्जका प्रमुख रमेशबहादुर बुढाथोकीले बजेट, योजना तथा कार्यक्रमको सिलिङ आए पनि कार्यविधि स्वीकृत हुन नसक्दा नयाँ काम गर्न नसकेको बताए। 'बजेट आएको पाँच महिना बित्नै लाग्यो, तर बजेट कार्यान्वयनका लागि अहिलेसम्म कार्यविधि बन्न सकेको छैन,' उनले भने, 'कार्यविधि नबन्दा बजेट, नीति तथा कार्यक्रममा समेटिएका योजना र कार्यक्रमअन्तर्गतका कुनै काम अगाडि बढाउन सकिएको छैन।'

घरेलु तथा साना उद्योग कार्यालयले छोटो अवधिका सीपमूलक तालिम, सीपपरीक्षण तालिम, गोष्ठी, अन्तर्क्रिया र उद्यमीलाई प्रविधि हस्तान्तरणका कार्यक्रम गर्दै आएको छ। गत वर्ष कात्तिक, मंसिरमा उद्यमीलाई प्रविधि हस्तान्तरण गरिसकेको उनले बताए।

गत आर्थिक वर्षको भदौमै कार्यविधि स्वीकृत भएको थियो भने दसैँ, तिहारलगत्तै उद्यमीलाई प्रविधि हस्तान्तरणको काम भएको थियो। 'अब पुसमा कार्यविधि आयो भने माघदेखि कार्यक्रम सुरु होला। यति छोटो अवधिमा तोकिएको कार्यक्रम गर्न सक्ने सम्भावना देखिँदैन,' उनले भने।

कार्यविधि नआउँदा महत्त्वपूर्ण योजना कार्यान्वयनमा लैजान नसकेको कृषि ज्ञान केन्द्र नेपालगन्जका निमित्त प्रमुख सकिल अहमदले बताए। उनले नियमित कार्यक्रम तथा योजना अगाडि बढाइए पनि कृषकले प्रत्यक्ष फाइदा पुग्ने योजना तथा कार्यक्रम थन्किएको बताए। साना सिँचाइका लागि बोरिङ जडान गर्ने योजना कार्यविधिकै कारण अड्किएको बताउँदै उनले कृषकलाई प्रत्यक्ष फाइदा पुग्ने अन्य कार्यक्रम पनि रोकिएको बताए।

'साना सिँचाइका लागि बोरिङ जडान गर्न एक करोड ५० लाख रूपैयाँ विनियोजन भएको छ, तर यो कार्यक्रम कार्यविधिकै कारण रोकिएको छ। कार्यविधि छिट्टै आयो भने मात्र गर्न सकिन्छ। नत्र प्रक्रिया पुऱ्याउँदैमा आर्थिक वर्ष सकिनेछ,' उनले भने, 'कृषकलाई प्रत्यक्ष फाइदा पुग्ने अन्य ठूला-साना योजना पनि अलपत्र छन्। कर्मचारी काम नपाएर बेरोजगार छौँ।'

लुम्बिनी प्रदेशको मातहतमा रहेको सुशासन केन्द्रको अवस्था यी कार्यालयको भन्दा भनै नाजुक छ। केन्द्र सञ्चालनका लागि अहिलेसम्म ऐन, कानुन बन्न नसकेको अवस्था छ। यहाँका कर्मचारी कार्यालयमा आएर हाजिरी गरेर फर्किनेबाहेक अरू काम पाउन नसकेको लेखा अधिकृत उजिर न्यौपानेले बताए। उनले केन्द्र सञ्चालनका लागि अहिलेसम्म ऐन नआउँदा नीति तथा कार्यक्रममा समेटिएका योजना अगाडि बढाउन नसकिएको बताए।

'सर्वप्रथम केन्द्र सञ्चालनका लागि ऐन आउनुपऱ्यो। त्यसपछि नीति तथा कार्यक्रममा समेटिएका योजना कार्यान्वयनका लागि कार्यविधि बन्नुपऱ्यो। अनि मात्र बजेट कार्यान्वयनका लागि काम अगाडि बढ्नेछ,' उनले भने, 'ऐन र कार्यविधि नबन्दा कार्यालय आएर हाजिरी लगाउने, घाम ताप्ने अनि घर फर्किनेशिवाय अरू केही काम छैन। हामीलाई काम दिनुस् भन्दा पनि प्रदेश सरकारले दिन नसक्नु दुर्भाग्य मान्नुपर्छ।'

मुख्यमन्त्री डिल्लीबहादुर चौधरीले उद्योग तथा पर्यटन डिभिजन कार्यालय, यातायात व्यवस्था कार्यालय, प्रदेश सुशासन केन्द्र, घरेलु तथा साना उद्योग कार्यालय र वन डिभिजन कार्यालय मुख्यमन्त्री कार्यालयमातहत राखेका छन्। सम्बन्धित मन्त्रालयले बजेट कार्यान्वयनका लागि कार्यविधि तयार पारे पनि मुख्यमन्त्रीको कार्यालयले स्वीकृत नगर्दा अड्किएको मन्त्रालयका कर्मचारी बताउँछन्। 'मुख्यमन्त्रीज्यूलाई सबै मन्त्रालय हेर्ने अधिकार त हुन्छ नै, तर मन्त्रिमण्डल विस्तार नहुँदा केही मन्त्रालय आफैँसँग राख्नुभएको छ,' उद्योग तथा पर्यटन मन्त्रालयका एक कर्मचारीले भने, 'मुख्यमन्त्रीलाई कार्यक्रम उद्घाटन, शिलान्यास, अन्तर्क्रिया, भेटघाट गर्न भ्याइनभ्याई छ। नीति, नियम, कार्यविधि र नियमावली बनाउने फुर्सद हुने कुरै भएन। उहाँकै कारण कार्यविधि मुख्यमन्त्रीको कार्यालयमा अड्किएको छ।'

मुख्यमन्त्री चौधरीले आफूसँग राखेको यातायात व्यवस्था कार्यालय नेपालगन्जको अवस्था पनि दयनीय छ। नयाँ लाइसेन्स, नवीकरण, सवारीसाधनको नवीकरण, नामसारीजस्ता दैनिक कामकाज भए पनि स्मार्ट कार्ड छपाइको काम हुन नसकेको कार्यालय प्रमुख माधवप्रसाद ज्ञवालीले बताए। उनले दुई वर्षदेखि स्मार्ट कार्ड छपाइ हुन नसकेको बताए। 'अन्य प्रदेशले स्मार्ट कार्ड छपाइ गर्ने मेसिन ल्याउने तयारी गरिसके, तर लुम्बिनी प्रदेश सरकारले अहिलेसम्म बजेट कार्यान्वयन गर्ने कार्यविधि ल्याउन सकेको छैन। मेसिन खरिद गर्न नसकेकै कारण विगत दुई वर्षदेखि स्मार्ट कार्ड छपाइको काम हुन सकेको छैन,' उनले भने।

मुख्यमन्त्री चौधरीले भने बजेट बजेट कार्यान्वयनका लागि कार्यविधि ल्याउन केही ढिलाइ भएको बताए। 'विनियोजित बजेट कार्यान्वयन गर्न सहज, सरल, छिटोछरितो होओस् भन्ने उद्देश्यले हामीले कार्यविधि निर्माणमा बढ्ता ध्यान दिँदा केही ढिलाइ भएको हो। विगतका कार्यविधिले उत्पन्न गरेका समस्या हटाउन यो वर्ष कार्यविधिलाई सहज र सरल बनाउने प्रयास गरेका छौँ। ढिलो होओस्, तर चुस्त, दुरुस्त होस्। लक्षित वर्गलाई समेट्ने गरी बनोस् भन्ने उद्देश्यले बनाइएको छ,' उनले भने।

ग्लोबल आइएमई बैंक लिमिटेडको

गैर बैंकिङ्ग सम्पति बिक्री सम्बन्धी गोप्य शिलबन्दी बोलपत्र आव्हान गरेको सूचना

प्रकाशित मिति : २०८०/०८/२२ गतेको नयाँ पत्रिका राष्ट्रिय दैनिक

यस ग्लोबल आइएमई बैंक. को स्वामित्वमा रहेको तपसिल बमोजिमको सम्पत्ति (घर/जग्गाहरु) जे जस्तो अवस्था र परिमाणमा छ, सोही अवस्था र परिमाणमा गोप्य शिलबन्दी बोलपत्र मार्फत बिक्री गरिने भएको हुँदा खरिद गर्न ईच्छुक व्यक्ति तथा संस्थाहरुले यस बैंकबाट उपलब्ध गराईने बोलपत्र फारममा उल्लिखित शर्तहरुको अधिनमा रही आफूले कबुल गरेको रकमको कम्तीमा १० (दश) प्रतिशतका दरले हुने रकम धरौटी वापत जम्मा गरेको बैंक भौचर गोप्य शिलबन्दी पत्र साथमा संलग्न गरी यो सूचना प्रथम प्रकाशित भएको मितिले १५ दिनभित्र कार्यालय समयमा यस बैंकको प्रधान कार्यालय, नक्साल, काठमाडौं स्थित कर्जा असुली बिभाग वा बैंकको अन्य शाखा कार्यालयमा गोप्य शिलबन्दी बोलपत्र फाराम रितपूर्वक भरी पेश हुन यसै सूचनाद्वारा आव्हान गरिन्छ। यस बैंक समक्ष प्राप्त हुन आएका बोलपत्रहरु तपसिलमा उल्लिखित मिति, समय र स्थानमा खोलिने हुँदा सोही स्थानमा उपस्थित हुन समेत इच्छुक खरिदकर्ता/बोलपत्रवाला वा निजको आधिकारीक प्रतिनिधिलाई यसै सूचनाद्वारा सूचित गरिएको छ। सो तोकिएको दिन बिदा परेमा त्यस पछिको लगतै बैंक खुलेको दिन साविक समय र सोही स्थानमा बोलपत्र खोलिनेछ। प्राप्त हुन आएका बोलपत्रहरु कारण खुलाई वा नखुलाई स्वीकृत गर्ने/नगर्ने वा रद्द गर्ने बा नेगोसियशन गर्ने सम्पूर्ण अधिकार यस बैंकमा सुरक्षित रहनेछ। बोलपत्र फारम तोकिएको दस्तुर तिरी यस बैंकबाट खरिद गर्न सकिने छ। साथै बोलपत्र सम्बन्धी शर्तहरु बोलपत्र फारममा उल्लेख गरिए बमोजिम हुनेछ। उपरोक्त विषयमा थप बुझ्न चाहने महानुभावहरुले कार्यालय समयभित्र सम्पर्क गर्नु होला।

तपसिल


बिक्री गरिने सम्पत्तिको विवरण

धनगढी शाखा, कैलाली


क. मालपोत कार्यालय धनगढी, कैलालीमा दर्ता कायम रहेको :

१. कैलाली जिल्ला, धनगढी न.पा वडा नं. ३ स्थित कित्ता नं. ४५, ९५, ११५९, ११६१ र ११६३ को क्षेत्रफल क्रमश : १३७.५०, २६.७०, ६८.८०, ६३.८३ र ३६.६१ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।

२. कैलाली जिल्ला, धनगढी न.पा वडा नं. ३ स्थित कित्ता नं. ४६ को क्षेत्रफल १२७.७४ व.मि. को घरजग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।




३. कैलाली जिल्ला, धनगढी न.पा वडा नं. ३ स्थित कित्ता नं. ६७२ को क्षेत्रफल ४१०.०० व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।



ख) मालपोत कार्यालय बेलौरी, कन्चनपुरमा दर्ता कायम रहेको :

१. कन्चनपुर जिल्ला, त्रिभुवनवस्ती गा.वि.स./न.पा वडा नं. ६ स्थित कित्ता नं. ९०० को क्षेत्रफल ५२२७.३७ व.मि. को जग्गा तथा सो ले चर्चेको सम्पूर्ण लिगलगापात समेत।



बोलपत्र पेश गर्ने अन्तिम मिति र समय : २०८० पौष ६ गतेको शुक्रबार कार्यालय समयसम्म।

बोलपत्र खोलिने मिति र समय : २०८० पौष ८ गतेको आइतबार दिनको ३:०० बजे।

बोलपत्र खोलिने स्थान : ग्लोबल आइएमई बैंक लिमिटेडको सम्बन्धित शाखा कार्यालयहरुमा

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

रजिष्टर्ड/कर्पोरेट कार्यालय
फोन नं.: ०१-४२२८६७१/४२२६२४७
ग्लोबल कनेक्ट : ०१-५९७०६००
[ICRANP-IR] A रेटिङ्ग प्राप्त

कुमारी बैंक लिमिटेड, शाखा कार्यालय नयाँ पर्साको तपसिलमा उल्लेखित ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्ने ३५ दिने सूचना

(प्रकाशित मिति २०८०/०८/२२ गते नयाँ पत्रिका दैनिक)

यस कुमारी बैंक लिमिटेडको शाखा कार्यालय नयाँ पर्साबाट तपसिलमा उल्लेखित ऋणीहरुले प्राप्त गरेको ऋणकर्जाको बैंकलाई समय-समयमा तिर्नु बुझाउनुपर्ने साँवा, ब्याज लगायतका रकम चुक्ता-भुक्तान गर्न पटक-पटक मौखिक एवं लिखित रुपमा सूचित गरी तर-ताकेता गर्दा समेत ऋणकर्जा चुक्ता भुक्तान गर्ने तर्फ कुनै चासो नदेखाई बेवास्ता गरेकोले ऋणीहरुलाई ऋणकर्जा चुक्ता भुक्तान गर्न यो ३५ दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (**पैतीस**) दिनभित्र यस बैंकको शाखा कार्यालयमा सम्पर्क गरी उपभोग गरिरहेको ऋणकर्जाको साँवा, ब्याज लगायतका बैंकलाई तिर्नु/बुझाउनुपर्ने सम्पूर्ण रकम चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन, कानून, राष्ट्र बैंकबाट जारी निर्देशनहरु एवं यस बैंक कर्जा असुली विनियमावली बमोजिम धितोमा रहेको चल/अचल सम्पत्ति लिलाम बिक्रि वा अन्य व्यवस्था गरी बैंकको लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा सम्बन्धित पक्षलाई **कर्जा सूचना केन्द्रको कालोसूचिमा** नाम सूचिकृत गर्न समेत लेखि पठाइने व्यहोरा यसै सूचना मार्फत अवगत गराउँदै, ऋणकर्जा चुक्ता भुक्तान गर्न/गराउनुहुन सम्बन्धित सबै पक्षलाई यसै सूचना मार्फत जानकारी समेत गराउँदछौं। **उल्लेखित ऋणकर्जाको लागि सुरक्षण बापत रहेको धितोबाट बैंकको सम्पूर्ण लेना रकम असुलउपर नभएमा बैंक तथा वित्तिय संस्था सम्बन्धि ऐन, २०७३ तथा अन्य प्रचलित नियम, कानून तथा कर्जा सम्झौता अनुसार ऋणी, संचालक तथा जमानीकर्ताहरुको अन्य चल/अचल जायजेथा तथा श्रीसम्पत्तिहरुबाट बैंकको बाँकी लेना रकम असुलउपर गरिने व्यहोरा समेत ऋणी, जमानतकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्धारा सुचित गरीन्छ।**

तपसिल

१. ऋणीको विवरणः

बालकृष्ण अधिकारी/विष्णु माया अधिकारीको नाति, तेजनाथ अधिकारी/मन कुमारी अधिकारीको छोरा, कमला बन्जरा अधिकारीको पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४, (साबिक चितवन जिल्ला चैनपुर गा.वि.स. वडा नं. ९) बस्ने **अनोज अधिकारी** (ना.प्र.नं. ०४२७८३, जारी मिति २०६५/१०/०५, जिल्ला प्रशासन कार्यालय चितवन)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. उमाकान्त बन्जरा/लाली माया बन्जराको नातिनी, इन्द्र प्रसाद बन्जरा/ज्ञानु माया बन्जराको छोरी, तेजनाथ अधिकारी/मन कुमारी अधिकारीको बुहारी, अनोज अधिकारीको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४ बस्ने **कमला बन्जरा अधिकारी** (ना.प्र.नं. ३५-०१-७३-१३८८७, जारी मिति २०७३/१२/१५, जिल्ला प्रशासन कार्यालय चितवन)।

२. गुण प्रसाद रिजाल/माया देबी रिजालको नातिनी, गंगा दत्त रिजाल/हरिकला रिजालको छोरी, बालकृष्ण अधिकारी/विष्णु माया अधिकारीको बुहारी, तेजनाथ अधिकारीको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४, (साबिक चितवन जिल्ला, चैनपुर गा.वि.स. वडा नं. ९) बस्ने **मन कुमारी अधिकारी** (ना.प्र.नं. ११२६/०४४, जारी मिति २०५५/०१/१४, जिल्ला प्रशासन कार्यालय चितवन)।

३. अनिरुद्र अधिकारी/बृद्धि माया अधिकारीको नाति, बालकृष्ण अधिकारी/विष्णु माया अधिकारीको छोरा, मन कुमारी अधिकारीको पति, धादिङ जिल्ला, सल्यानकोट गा.वि.स., वडा नं. ६ स्थायी ठेगाना भई हाल चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ४ बस्ने **तेजनाथ अधिकारी** (ना.प्र.नं. २१/५५१३/०३७/०३८, जारी मिति २०३७/१२/११, जिल्ला प्रशासन कार्यालय धादिङ)।

धितो सुरक्षणको विवरण :

१. **तेजनाथ अधिकारी**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, विरेन्द्रनगर गा.वि.स./न.पा. वडा नं. ०९ स्थित कित्ता नं. १०१ र ५८२ को क्षेत्रफल क्रमशः ०-४-१२ र ०-३-१५ (वि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

२. ऋणीको बिवरणः

बुटन महतो/मङनी महतोको नातिनी, छन्नु महतो/जलुई महतोको छोरी, जियन महतो/सोहदरिया महतोको बुहारी, आसा राम महतोको पत्नी, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०५, (साबिक चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं.०८) बस्ने **एसनि देवि महतो** (ना.प्र.नं. ९०८, जारी मिति २०५०/१२/१२, जिल्ला प्रशासन कार्यालय चितवन)।

व्यक्तिगत जमानीकर्ताहरुको विवरण :

१. गडाहि महतो/सोनिया महतोको नाति, जियन महतो/सोहदरिया महतोको छोरा, एसनि देवि महतोको पति, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०५, (साबिक चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं.०८) बस्ने **आसा राम महतो** (ना.प्र.नं. ४२८९, जारी मिति २०४२/०५/०६, जिल्ला प्रशासन कार्यालय चितवन)।

२. जियन महतो/सोहदरिया महतोको नाति, आसा राम महतो/एसनि देवि महतोको छोरा, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०५, (साबिक चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं.०८) बस्ने **बिसुना चौधरी** (ना.प्र.नं. २७२८/०४४, जारी मिति २०६२/१२/२५, जिल्ला प्रशासन कार्यालय चितवन)।

३. जियन महतो/सोहदरिया महतोको नाति, आसा राम महतो/एसनि देवि महतोको छोरा, चितवन जिल्ला, खैरहनी न.पा., वडा नं. ०५, (साबिक चितवन जिल्ला, खैरहनी गा.वि.स. वडा नं.०८) बस्ने **किशन चौधरी** (ना.प्र.नं. ३५१००४/७३४, जारी मिति २०६८/०३/०५, जिल्ला प्रशासन कार्यालय चितवन)।

धितो सुरक्षणको विवरण :

१. **आशाराम महतो**को नाममा मालपोत कार्यालय, चितवनमा दर्ता कायम रहेको चितवन जिल्ला, खैरहनी गा.वि.स./न.पा. वडा नं. ०८ स्थित कित्ता नं. ८४५ को क्षेत्रफल ०-२-०(वि.क.धु) जग्गा तथा सोको सम्पूर्ण लिगलगापातहरु समेत।

कुमारी बैंक लिमिटेड
KUMARI BANK LIMITED
सबैका लागि, सधैंका लागि

शाखा कार्यालय नयाँ पर्सा फोन नं. ०५६-५८३३२६/२७

राष्ट्रिय वाणिज्य बचत तथा ऋण सहकारी संस्था लि.
(साविक राष्ट्रिय वाणिज्य सहकारी कोष लि.)
Rastriya Banijya Saving and Credit Co-operative Ltd.

२३औं वार्षिक साधारणसभामा उपस्थित हुने सूचना

यस संस्थाको संचालक समितिको मिति २०८०/०८/१५ गते बसेको २९१ औ बैठकको निर्णय अनुसार निम्न प्रस्तावहरु उपर छलफल गरि निर्णय लिन संस्थाको २३ औं वार्षिक साधारणसभा निम्न मिति, स्थान र समयमा बस्ने भएको हुँदा उक्त सभामा सबै शेयर सदस्य महानुभावहरुलाई तोकिएको समयमा उपस्थितिको लागि हार्दिक अनुरोध गरिन्छ।

मिति : २०८० साल पौष २८ गते शनिबार।
समय : बिहान ११:०० बजे देखी।
स्थान : नेपाल सांस्कृतीक संघको भवन हल कालिका स्थानमा।
सम्पर्क : टेलीफोन नं. ०१-४५११०८०, ४५११०९३ मो नं. ९८५१३२७७८०

छलफलका विषयहरु :

१. आ.व. २०७९/०८० को वार्षिक प्रतिवेदन तथा आ. व. २०८०/०८१ को वार्षिक कार्यक्रम प्रस्तुत, छलफल र पारित गर्ने।
२. आ.व. २०७९/०८० को आर्थिक प्रतिवेदन तथा आ.व. २०८०/०८१ को अनुमानित वजेट प्रस्तुत छलफल र पारित गर्ने।
३. आ.व. २०७९/०८० को आन्तरिक लेखा प्रतिवेदन प्रस्तुत, छलफल र पारित गर्ने।
४. आ.व. २०७९/०८० को वाह्य लेखा परीक्षकको लेखा परीक्षण प्रतिवेदन प्रस्तुत छलफल र पारित गर्ने।
५. आ.व. २०७९/०८० को लागि लेखा परीक्षक नियुक्ति तथा पारिश्रमिक निर्धारण गर्ने।
६. संस्थाका कार्यविधिहरु स्वीकृत तथा अनुमोदन सम्बन्धमा।
७. साधारणसभाको निर्णय पुस्तिकामा दस्तखत गर्न शेयर सदस्यहरुको तर्फबाट प्रतिनिधि चयन गर्ने।
८. विविध सम्बन्धमा।

साधारणसभा सम्बन्धी थप जानकारी

१. साधारणसभामा उपस्थित सदस्यहरुको लागि हाजिर पुस्तिका सभा स्थलमा बिहान १० बजे देखि खुल्ला रहने छ।
२. साधारणसभामा उपस्थित हुनु हुने शेयर सदस्य महानुभावहरुले आफ्नो परिचय खुल्ने आधिकारिक परिचय पत्र साथमा लिई आउनु पर्ने छ।
३. वार्षिक प्रतिवेदन लगायत अन्य जानकारी सोही समयमा उपलब्ध गराईने छ।
४. यातायात खर्च वापतको रकम सोही समयमा उपलब्ध गराईने छ।
५. अन्य थप जानकारीका लागि संस्थाको कार्यालयमा सम्पर्क राख्नु हुनेछ।

संचालक समितिको आज्ञाले
प्रविणराज चालिसे, व्यवस्थापक

केन्द्रीय समिति बैठक टार्दै देउवा

सरकारको कार्यशैलीको समीक्षा र मन्त्री फेरबदलको विषय उठ्ने भएपछि दबाबमा सभापति

केशवप्रसाद पाण्डे/नयाँ पत्रिका

कांग्रेसमा केन्द्रीय समिति बैठक बोलाउन सभापति शेरबहादुर देउवामाथि दबाब बढ्न थालेको छ। केन्द्रीय सदस्यले सरकारमा कांग्रेसको प्रभावकारितालगायत विषयमा समीक्षाका लागि बैठक बोलाउन दबाब बढाएका हुन्। तर, सभापति देउवाले बैठक बोलाउन कुनै चासो दिएका छैनन्।

कांग्रेस विधानको व्यवस्थाअनुसार केन्द्रीय समिति बैठक प्रत्येक दुई महिनामा बस्नुपर्ने हुन्छ। २ देखि १० साउनसम्म बसेको केन्द्रीय समिति बैठकले कार्यतालिका पारित गर्दै प्रत्येक दुई महिनाको पहिलो साता बैठक बोलाउने निर्णय गरेको थियो। तर, ४ देखि ८ असोजमा बसेको केन्द्रीय समिति बैठकपछि कांग्रेसको बैठक बसेको छैन। २३ असोजमा संसदीय दलको बैठक बसेको थियो।

केन्द्रीय सदस्य प्रदीप पौडेलले केन्द्रीय समिति बैठक बोलाउन सभापतिलाई पटक-पटक ध्यानाकर्षण गराएको बताए। बैठक नबस्दा सरकारको कार्यशैलीलगायत पछिल्लो राजनीतिक र समसामयिक विषयमा बैठकमा छलफल हुन नपाएको उनको भनाइ छ। 'दुई महिनामा बैठक बस्नुपर्ने हो, तर बैठक बसेको छैन। हामीले सरकारको समीक्षाका लागि संसदीय दलको बैठक र केन्द्रीय समितिको बैठक राख्न भनेका थियौं। तर, सभापतिज्यूले खासै चासो देखाउनुभएको छैन। यो सरकारले गर्ने काम हाम्रो ०८४ को चुनावसँग जोडिएको छ। त्यसैले यो सरकारमा जानुभएका साथीहरूलाई जनताको पक्षमा कामै नगरी बस्न छुट छैन। सरकारमा रहनु अवसर हो, काम गर्ने मौका हो। तर, निर्णय हेर्दा साथीहरूले त्यो अवसर सदुपयोग गर्नुभएको देखिँदैन। सरकारले प्रभावकारी काम गर्न नसक्दा अराजक तत्त्वले गतविधि बढाएका छन्। हामीले त्यसका लागि दबाब बढाउन बैठक गर्न खोजेका हौं, तर त्यो भइरहेको छैन,' उनले नयाँ पत्रिकासँग भने।

बैठकमा सरकारमा सहभागी मन्त्रीहरूको कार्यशैलीमाथि प्रश्न उठ्ने र फेरबदलको विषय उठ्ने सम्भावना रहेकाले सभापति देउवाले बैठक राख्न चासो नदेखाएको नेताहरू बताउँछन्। त्यसो त देउवा संसदीय दलमा पनि कमजोर देखिन चाहँदैनन्। त्यसैले संसदीय दलको बैठक पनि बोलाइएको छैन। कांग्रेसमा सरकारबाहेक कोशी प्रकरणपछिको समीक्षा, मन्त्रीहरूको कार्यशैली, जाजरकोट र रुकुम पश्चिमको भूकम्पपछि कांग्रेस र सरकारबाट भएका कामको समीक्षा, राष्ट्रिय सभा निर्वाचनसहित समसामयिक राजनीतिक विषयमा समीक्षा हुन बाँकी छ।

प्रचार विभाग प्रमुख मीन विश्वकर्माले १६ देखि १९ पुससम्म हुने महासमिति बैठक (नीति अधिवेशनसमेत)को तयारी र पछिल्ला घटनाक्रमले बैठक बस्न नसकेको बताए। आवश्यकताअनुसार बैठक बस्ने बताएका उनले दुई-दुई महिनामा बैठक बस्ने कार्यतालिकाले जटिलता ल्याएकाले पुनरावलोकन गरेर जानुपर्ने अवस्था रहेको धारणा राखे। उनले महासमिति बैठकअघि केन्द्रीय समिति बैठक बस्ने जानकारी दिए। 'लामो समयसम्म नबस्दा बैठक नै सबै थोक हो भन्ने भयो। हामीले कार्यतालिका नै बनाएर बैठकबाट पनि पारित गर्‍यौं, तर कार्यतालिकामा जटिलता आए। धेरै योजनाबद्ध कार्यक्रम पनि ओभरल्याप भए, कतिपय कार्यक्रम हुन सकेका छैनन्। बैठक सुरु भएको मितिका आधारमा कार्यसमिति बैठक प्रत्येक दुई महिनाको पहिलो साता राख्ने भनियो, तर लामो समय बैठक चलेर सकिँदा आधा महिनामा नै कार्यसमिति बैठक बस्ने अवस्था आयो। बैठकका लागि मात्रै बैठक गर्नु उपयुक्त होइन। त्यसैले महासमिति बैठकबाट विधानमा रहेका यस्ता जटिलतालाई पुनरावलोकन गरेर जान्छौं,' विश्वकर्माले भने।

केन्द्रीय सदस्य नैनसिंह महर पनि विधानअनुसार बैठक नियमित हुन नसकेकोमा आपत्ति जनाउँछन्। नीति अधिवेशनका एजेन्डामाथि समेत केन्द्रीय समितिसहितका बैठक बसेर पर्याप्त छलफल नभएको उनको गुनासो छ।

'दलको बैठक विधानसम्मत र र पारदर्शी हुनुपर्ने हो। तर, नेतृत्वले विधानको कार्यान्वयन गर्दैन र आफैंले बनाएको क्यालेन्डर फलो गर्दैन भने स्वाभाविक रूपमा प्रश्न उठ्छ। कुरा यतिमा मात्र सीमित छैन। कांग्रेसको इतिहासमा पहिलोपटक हुन लागेको नीति अधिवेशनमा जनताका सरोकारका विषयमा पनि छलफल हुन सकिरहेको छैन। सहमहामन्त्री र केन्द्रीय सदस्यको भूमिका गौण छ। खास राय लिनुपर्ने जनस्तरदेखि र तल्ला तहदेखिका नेता-कार्यकर्ताका भावना पार्टीका बैठक नबस्दा नसमेटिने अवस्था छ। बैठक नबस्दा पार्टीका गतिविधि सुस्त छन्,' महरले भने। उनले बैठकको माग गर्दै केन्द्रीय कार्यालयमा निवेदनसमेत दर्ता गराउने तयारीमा रहेको जानकारी दिए।

कांग्रेसमा यसअघि ११ महिनासम्म बैठक बस्न नसक्दा नेतृत्वको चर्को आलोचना भएको थियो। त्यसपछि बैठकलाई नियमित गर्न महामन्त्रीद्वय गगन थापा र विश्वप्रकाश शर्माले कार्यतालिका नै बनाएर गत असोजमा भएको केन्द्रीय समिति बैठकमा प्रस्ताव गरेका थिए। सो प्रस्ताव पारित भएको छ, तर कार्यान्वयन भएको छैन। कांग्रेसमा केन्द्रीय समिति बैठक बोलाउने अधिकार सभापतिलाई हुन्छ। केन्द्रीय सदस्य डा. गोविन्दराज पोखरेल संविधानविरोधी गतिविधि, जनस्तरमा बढेको आक्रोश, अर्थतन्त्रको संकटलगायत विषयमा छलफल नगर्नु कांग्रेसकै लागि घाटा भएको बताउँछन्। 'पार्टीलाई संस्थागत र प्रणालीगत रूपमा सञ्चालन गर्न महामन्त्रीहरूले कार्यतालिका नै लगेर प्रयास गनुभएको थियो। तर, कांग्रेसको पुरानै परम्पराका अगाडि यसअनुसार काम गर्न नेतृत्वले चासो दिएन। मुलुकको पहिलो र पुराना पार्टीले जनतामा रहेका तमाम निराशालाई चिर्न र छलफलको एजेन्डा बनाएर व्यापक छलफल गरेर एउटा सन्देश प्रवाह गर्न सक्थ्यो र आशा-भरोसा दिन सक्थ्यो, तर त्यसो हुन सकेको छैन,' पोखरेलले भने।

सरकारमा कांग्रेसबाट नौ मन्त्री छन्। ती मन्त्रीको कार्यसम्पादन उत्कृष्ट नभएको भन्दै कांग्रेस वृत्तमा आलोचना हुँदै आएको छ। यसअघिको कार्यसमिति बैठकमा पनि पार्टी र सरकारको कार्यशैलीमा तालमेल नभएको भन्दै केन्द्रीय सदस्यले धारणा राखेका थिए।

बैठकसम्बन्धी कार्यतालिका पुनरावलोकन गर्छौं



■ **मीनबहादुर विश्वकर्मा**
प्रमुख, प्रचार विभाग

कार्यतालिका बनाएर बैठक गर्न खोजिएको थियो। तर, कार्यतालिकामा जटिलता आयो। धेरै योजनाबद्ध कार्यक्रम ओभरल्याप भए, कतिपय कार्यक्रम हुन सकेका छैनन्। बैठकका लागि मात्रै बैठक गर्नु उपयुक्त होइन। त्यसैले महासमिति बैठकबाट विधानमा रहेका यस्ता जटिलतालाई पुनरावलोकन गरेर जान्छौं।

सभापतिले चासो देखाउनुभएको छैन



■ **प्रदीप पौडेल**, केन्द्रीय सदस्य

संसदीय दलको बैठक र केन्द्रीय समितिको बैठक राख्न सभापतिज्यूले चासो देखाउनुभएको छैन। यो सरकारले गर्ने काम ०८४ को चुनावसँग जोडिएको छ। सरकारमा जानुभएका साथीहरूलाई जनताको पक्षमा कामै नगरी बस्न छुट छैन। तर, निर्णय हेर्दा साथीहरूले त्यो अवसर सदुपयोग गर्नुभएको देखिँदैन। त्यसैले पनि समीक्षा गर्न बैठक गर्न खोजेका हौं, तर त्यो भइरहेको छैन।

सरकारले जनतामा निराशा बढायो : ओली



बाग्लुङमा **नारायण रिजाल**

एमाले अध्यक्ष केपी ओलीले नेपाली जनतामा अन्योल र निराशाको अन्त्य गर्न एमालेको नेतृत्वमा सरकार निर्माण हुनुपर्ने बताएका छन्। भुलाघाट-चिवाभञ्ज्याङ संकल्प यात्राका क्रममा बिहीबार बाग्लुङ सदरमुकाममा भएको सन्देश सभालाई सम्बोधन गर्दै उनले वर्तमान गठबन्धन सरकारले जनतामा उत्साह पैदा गर्न नसकेको आरोप लगाए।

गठबन्धन सरकारलाई हुतिहाराको संज्ञा दिँदै ओलीले बढ्दो युवा पलायन, बेरोजगारी, गरिबी, अराजकता, जनतामा अन्योल, निराशाको अन्त्य गर्न एमालेकै नेतृत्वमा सरकार बन्नुपर्ने तर्क गरे। उनले एमाले सरकारमा हुँदा सुरुवात गरेका विकासका कामको चर्चा पनि गरे। ओलीले संकल्प यात्रा तय गर्नुको मुख्य उद्देश्य जनताको मनोभावना अध्ययन गर्नु र मध्यपहाडी लोकमार्गको सम्भावना खोज्नु रहेको पनि बताए। जनताको अपेक्षाअनुसार सुखी नेपाली समृद्ध नेपाल बनाउने संकल्प पूरा गर्न पार्टीको तल्लो तहदेखि नै काम गर्न उनले कार्यकर्तालाई आह्वान गरे।

पहाडी क्षेत्रका नागरिकलाई सुखी र समृद्धि बनाउन बसाइँसराइ रोकी रोजगार सिर्जना गर्नुपर्ने आवश्यक रहेको उनको भनाइ थियो। 'यो देशमा विकासको खाका तयार गर्ने पार्टी एमाले मात्र हो। एमालेबाहेक अन्य पार्टीमा त्यो भिजन छैन। अहिले हामी जहाँ-जहाँ पुग्छौं, त्यहाँ-त्यहाँ विकासले गति लिएको छ, विकासको थालनी एमालेले गरेको हो,' पूर्वप्रधानमन्त्री ओलीले भने, 'हामी पश्चिम भुलाघाटदेखि चिवाभञ्ज्याङसम्मको समृद्धि यात्रामा छौं, यसबीचमा हामीहरूले धेरै सम्भावनाको अध्ययन गरेका छौं। यहाँ नागरिकलाई कसरी विकाससँग जोड्ने, यहाँ कसरी समृद्धि ल्याउने भन्ने योजना बनाउन थालेका छौं।' मध्यपहाडको समस्या र विकासको सम्भावना खोज्न एमालेले १४ मंसिरदेखि भुलाघाटबाट अभियान सुरु गरेको हो। यात्रा १ पुसमा पाँचथरको चिवाभञ्ज्याङ पुगेर टुंगिनेछ।

पोर्चुगलका लागि प्रस्तावित राजदूतको सुनुवाइ आज

काठमाडौं/ पोर्चुगलका लागि नेपाली राजदूतमा प्रस्तावित सनिल नेपालको संसदीय सुनुवाइ शुक्रबार हुने भएको छ। मन्त्रिपरिषद्बाट २३ कात्तिकमा राजदूत सिफारिस नेपालविरुद्ध परेको उजुरीमा छलफल गरेर संसदीय सुनुवाइ समितिले शुक्रबार दिउँसो सुनुवाइ गर्ने निर्णय गरेको हो।

समितिले बिहीबार प्रस्तावित राजदूत नेपालविरुद्ध परेको एउटा उजुरी खोलेर सांसदहरूलाई वितरण गरेको छ। उज्ज्वलकृष्ण श्रेष्ठले दिएको उजुरीमा राजदूत नियुक्तिसम्बन्धी निर्देशिकाविपरीत भएको अनुपयुक्त सिफारिस अनुमोदन नगर्न माग गरिएको छ। कांग्रेस भ्रातृ संगठन नेविसंघको नेता र कांग्रेस नेता शशांक कोइरालानिकट हुनुबाहेक उनको कुनै योग्यता नरहेको, पोर्चुगल देशसहित कुनै पनि परराष्ट्र मामिला नीति र अन्तर्राष्ट्रिय सम्बन्ध एवं कूटनीतिक क्षेत्रका अनुभव र ज्ञान नभएकाले अयोग्य रहेको उजुरीकर्ताको जिकिर छ। उजुरीको पुस्ट्याइँ र औचित्यतता पुष्टि गर्न समितिले शुक्रबारै उजुरीकर्ता श्रेष्ठलाई बोलाएको छ। उनीसँग छलफल गरिसकेपछि समितिले प्रस्तावित राजदूत नेपालको सुनुवाइ सुरु गर्नेछ।

पोर्चुगलमा दूतावास खोल्ने र राजदूत पठाउने निर्णयबारे स्पष्ट पार्न समितिले परराष्ट्रमन्त्री एनपी साउदलाई बोलाएको छ। शुक्रबार साढे २ बजे बस्ने बैठकमा दूतावास खोल्ने निर्णयबारे जानकारी गराउन मन्त्री साउदलाई आमन्त्रण गरिएको समिति सचिव पद्मप्रसाद पाण्डेयले जानकारी दिए। बिहीबारको बैठकमा एमाले सचेतक महेश बर्तौलाले मुलुकको आर्थिक अवस्था ठीक नभएको, तर दूतावासको आवश्यकता खड्किएका बेला सरकारले आवश्यकताका आधारमा दूतावास खोल्ने निर्णय गरेको हो कि एकाध व्यक्तिलाई नियुक्ति गर्न भन्ने सवाल उठाउँदै सरकारसँग जवाफ मागेका थिए। त्यसपछि समितिले परराष्ट्रमन्त्रीलाई बोलाउने निर्णय गरेको हो।

■ ६ न्यायाधीशको सुनुवाइ अर्को साता

समितिले सर्वोच्च अदालतमा सिफारिस ६ जना न्यायाधीशको सुनुवाइ अर्को साता गर्ने भएको छ। समितिका ज्येष्ठ सदस्य पशुपतिशमशेर जबराका अनुसार २७ मंसिरदेखि न्यायाधीशको सुनुवाइ अघि बढ्नेछ। ५ मंसिरमा न्यायपरिषद्ले सारंगा सुवेदी, अब्दुल अजिज मुसलमान, महेश शर्मा पौडेल, टेकप्रसाद ढुंगाना, सुनीलकुमार पोखरेल र बालकृष्ण ढकाललाई सर्वोच्च न्यायाधीश पदमा सिफारिस गरेको थियो। सुवेदी, मुसलमान, पौडेल र ढुंगाना उच्च अदालतका न्यायाधीश हुन् भने पोखरेल र ढकाल वरिष्ठ अधिवक्ता हुन्।

Invitation for Sealed Quotation

Devghat Rural Municipality
Office of the Rural Municipal Executive
Devghat, Tanahun
Gandaki Province, Nepal

Invitation for Sealed Quotation for the procurement of Gabion Box

Sealed Quotation No:08/2080/2081

Date of first Publication: Dec 8th, 2023 (22 Mangsir,2080)

1. The Devghat Rural Municipality, Office of Rural Municipal Executive invites sealed quotations from registered Suppliers for the supply, delivery of **Gabion Box**
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of Devghat Rural Municipality, Office of Rural Municipal Executive [or may visit PPMO website www.bolpatra.gov.np.
3. A complete set of Bidding Documents may be purchased from the office Devghat Rural Municipality, Office of Rural Municipal Executive by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of NRs. 1000.00 till Dec 22, 2023 during office hours.

Information to deposit the bidding documents fee in bank

Name of the Bank: Siddhartha Bank Limited — Name of Office: Devghat Rural Municipality
Office Code no. :80438504300 — Office Account no.: 00815412921

4. Sealed bids must be submitted to the office Devghat Rural Municipality, Office of Rural Municipal Executive] by hand on or before 12:00 Hrs on Dec 23th, 2023. Bids received after this deadline will be rejected.
5. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14 :00 Hrs Dec 23th, 2023 at the office of Devghat Rural Municipality, Office of Rural Municipal Executive. Bids must be valid for a period of 45 days after bid opening and must be accompanied by a bid security amounting to a minimum of **38,500.00** which shall be valid for 30 days beyond the validity period of the bid Feb 20th, 2024. If bidder wishes to submit the Cash Security, the cash should be deposited in Following Account Number and submit the receipt of the deposited amount of cash along with the Sealed Quotation.

Information to deposit the bid Security in bank

Name of the Bank: Siddhartha Bank Limited — Name of Office: Devghat Rural Municipality
Rajaswa Shirsak : Ga,3 Sthaniya tatha Dharauti Khata — Office Account no.: 00815169863

6. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid submission.
7. The Purchaser reserves the right to accept or reject, wholly or partly any or all the Sealed Quotations without assigning any reason, whatsoever.

Chief Administrative Officer

■ नक्कली भुटानी शरणार्थी प्रकरण

धरौटी रकम बुझाउन नसकेपछि रिजाल थुनामै

काठमाडौं/ धरौटी रकम बुझाउन नसकेपछि नक्कली भुटानी शरणार्थी प्रकरणका प्रतिवादी टेकनाथ रिजाल रिहा हुन सकेनन्। उनलाई उच्च अदालत पाटनले १५ मंसिरमा १५ लाख रुपैयाँ धरौटी रकम बुझाएर कैदमुक्त गर्न आदेश गरेको थियो। उच्चको आदेशपछि जिल्ला अदालत काठमाडौंले १८ मंसिरमा धरौटी रकम बुझाउन पत्र काटेको थियो। तर, उनले बिहीबारसम्म पनि धरौटी रकम पेस गर्न सकेका छैनन्। त्यसकारण उनलाई कैदमुक्त नगरिएको हो।

केन्द्रीय कारागार सुन्धाराका प्रमुख ललितकुमार बस्नेतले धरौटी रकम बुझाउन नसकेपछि रिजाल कैदमुक्त हुन नसकेको बताए। 'टेकनाथ रिजाल कैदमुक्त भएका छैनन्। उनलाई उच्च अदालत पाटनले १५ लाख रुपैयाँ धरौटी रकम माग गरेको थियो। तर, बिहीबारसम्म पनि रकम पेस गर्न नसकेकाले उनलाई कैदमुक्त गर्न सकिएको छैन,' उनले भने।

धरौटी रकम बुझाउन नसकेपछि भुटानी शरणार्थीका नेता रिजालसँग कारागार प्रमुख बस्नेतले कार्यालयमै बोलाएर कुराकानी गरेका थिए। त्यसक्रममा उनले आफूलाई कारागारमै ठीक रहेको र रिहा हुन हतार नगर्ने प्रतिक्रिया दिएका थिए। रिजालसँगै उच्चले अन्य १० जनालाई कैदमुक्त गर्ने आदेश गरेको थियो। जसमध्ये ६ प्रतिवादीसँग धरौटी रकम मागिएको थियो। अन्य चार प्रतिवादीलाई भने साधारण तारेखमा छाड्ने भनिएको थियो।

धरौटी रकम माग गरिएका प्रतिवादी नरेन्द्र केसी, हरिभक्त महर्जन, शमशेर मियाँ, सन्दीप रायमाझी, टेकनाथ रिजाल, रामशरण केसी छन्। केसीलाई १० लाख, महर्जनलाई १५ लाख, मियाँलाई १० लाख, रायमाझीलाई ३० लाख, रिजाललाई १५ र केसीलाई १५ लाख धरौटी रकम बुझाउन भनिएको थियो। रिजालबाहेक सबैले धरौटी रकम बुझाएर कैदमुक्त भइसकेका छन्। लक्ष्मी महर्जन, टंक गुरुङ, आशिष बुढाथोकी र केशव तुलाधरलाई भने साधारण तारेखमा छाड्ने आदेशपछि उनीहरू कैदमुक्त भइसकेका छन्।

गत १५ मंसिरमा भएको आदेशमा पूर्वमन्त्री तथा एमाले नेता टोपबहादुर रायमाझी, तत्कालीन गृहसचिव टेकनारायण पाण्डेसहितका 'हाई प्रोफाइल' नौजनालाई भने थुनामै राख्ने भनिएको छ। पूर्वगृहमन्त्री तथा काग्रेस नेता बालकृष्ण खाणको हकमा न्यायाधीशद्वय जनक पाण्डे र प्रकाश खरेलको मत बाझिएको थियो। निर्णयका लागि तेस्रो न्यायाधीश मत आवश्यक पर्ने आदेशमा भनिएको थियो। २८ मंसिरका लागि उनको पेसी तोकिएको छ।

सिग्देल रथीमा बढुवा

काठमाडौं/ मन्त्रिपरिषद् बैठकले नेपाली सेनाको रिक्त रथी पदमा उपरथी अशोक सिग्देललाई बढुवा गरेको छ। जंगी अड्डाको सिफारिस र रक्षा मन्त्रालयको प्रस्तावमा बिहीबार बसेको मन्त्रिपरिषद् बैठकले उनलाई बढुवा गरेको हो। रथी भएसँगै सिग्देल आगामी २४ भदौदेखि नेपाली सेनाको प्रधानसेनापति बन्ने गरी वरीयताको लाइनमा पुगेका छन्।

नेपाली सेनाका प्रवक्ता सहायक रथी कृष्णप्रसाद भण्डारीले सेनामा रथी र उपरथी बढुवाको औपचारिक जानकारी जंगी अड्डामा आइनसकेको जानकारी दिए। तत्कालीन बलाधिकृत रथी सरोजप्रताप राणाले ११ कात्तिकमा अवकाश पाएपछि सेनामा एक रथी पद रिक्त थियो। त्यसलगत्तै २९ असोजमा सेनाले वरीयतामा अगाडि रहेका उपरथी ताराध्वज पाण्डेलाई रथीमा सिफारिसका लागि सातदिने सूचना प्रकाशित गरेको थियो। तर, पाण्डेको नागरिकता र शैक्षिक प्रमाणपत्रमा फरक जन्ममिति देखिएपछि जंगी अड्डाले पुनः छानबिन गरेपछि पाण्डेले २४ कात्तिकमा राजीनामा दिएका थिए। त्यही मितिबाट लागू हुने गरी मन्त्रिपरिषद्ले ७ मंसिरमा उनको राजीनामा स्वीकृत गरिसकेको छ। त्यसपछि सिग्देललाई सेनाले वरीयताका आधारमा बढुवाको सिफारिससम्बन्धी सूचना प्रकाशित गरेको थियो। उनीविरुद्ध जंगी अड्डाको बढुवा समितिमा उजुरी नपरेपछि जंगी अड्डाले रक्षामा सिफारिस गरेको थियो। यही पृष्ठभूमिका आधारमा रक्षाको प्रस्तावमा मन्त्रिपरिषद्ले सिग्देललाई बढुवा गरेको हो। सिग्देल २५ बेसिकका सैनिक अधिकृत हुन्।

Government of Nepal
Ministry of Physical Infrastructure & Transport
Department of Roads
Federal Road Supervision & Monitoring Office, Kathmandu
Road Division Bharatpur
Chitwan

Invitation for Bids (IFB) No. RDBHT-080/81-04

Date of first publication: B.S. 2080/08/22 (A.D. 2023/12/08)

1. Road Division Office invites sealed bids from eligible domestic bidders for the construction works enlisted below:

S. N.	Contract No.	Name and Location of the Construction Work	Estimated Amount Excl. of VAT, Contingencies & PS (NRs)	Bid Security Amount (NRs)	Validity of Bid Security (Days)	Non Refundable Bid Document Fee (NRs)
1	RDBHT/ 337310113/ 080/81-17	Upgrading of Kalitar-Kanda Sadak Rapti Municipility-13 , Chitwan.	5,982,344.05	186,000	120	3,000
2	RDBHT/ 337310113/ 080/81-18	Construction of Drain, Drain cover and Pavements works at Bharatpur Rampur Megauli Road, Chitwan	8,503,535.64	265,000	120	3,000
3	RDBHT/ 337310113/ 080/81-19	Upgrading of Lokaha Khola Pul Dekhi Purba Tarfa Sadak, Devchuli-09, Nawalpur	5,982,781.33	186,000	120	3,000
4	RDBHT/ 337310113/ 080/81-20	Upgrading of Mahendra Rajmarg Nipniya Chok Dekhi Wada Karyalaya Hudai Swasthya Chauki Sadak, Devchuli-09, Nawalpur	4,272,390.05	133,000	120	3,000
5	RDBHT/ 337310113/ 080/81-21	Recurrent Maintenance of Road Structure on along Mugling Narayanghat Road (NH44) and Aaptari Devghat Road(F126)	4,803,200.75	149,000	120	3,000
6	RDBHT/ 337310113/ 080/81-22	Roadside Maintenance Works on Thori Bhandara Chuniyadhara Road (Chepang Marg), Chitwan, NH42	1,737,682.86	54,000	120	3,000

2. Bidders shall have the option of submitting their bids electronically only from PPMO's Web Site www.bolpatra.gov.np./egp.

Last Date & Time for Bid Purchase and Bid Submission	Date and Time for Bid Opening
Date: B.S. 2080/09/22 (A.D. 2024/01/07)	Date: B.S. 2080/09/22 (A.D. 2024/01/07)
Time: Within 12:00 hours	Time: At 12:15 hours

3. Eligible Bidders may refer Road Project Office or PPMO's website: www.bolpatra.gov.np/egp for further information.

Division Chief

जाजरकोट भूकम्पपछिको पुनर्निर्माण र ०७२ को अनुभव

गोरखा भूकम्पका लाभग्राहीले अनुदान लिन एक वा दुईकोठे भूकम्पप्रतिरोधी 'भूकम्पको घर' र उपयोगका लागि भूकम्पप्रतिरोधी प्रविधिविनाको 'आफ्नो घर' बनाए



● यमनाथ गिरी
अग्रलेख

०८० कात्तिक १७ गते जाजरकोटको रामीडाँडालाई केन्द्रबिन्दु बनाएर गएको भूकम्पले जाजरकोट र पश्चिम रुकुममा मात्रै एक सय ५३ जनाको ज्यान लियो भने तीन सय ६४ भन्दा बढी घाइते भए। करिब ६० हजारभन्दा धेरै घर पूर्ण र आंशिक रूपमा क्षति भए।

विपत् प्रतिकार्यअन्तर्गतको खोज तथा उद्धार र राहतको काम सकिएर विपत् पुनर्लाभअन्तर्गत पुनर्निर्माण र पुनर्स्थापना तयारीका काम सुरु भएका छन्। नेपाल सरकारले एक वर्षभित्रैमा पुनर्निर्माण सक्ने गरी कार्ययोजना बनाउने भनेको छ। सरकारको यो प्रतिबद्धता सराहनीय हुँदाहुँदै अत्यन्त चुनौतीपूर्ण र महत्त्वाकांक्षी पनि हो। गोरखा भूकम्प पुनर्निर्माणको काम करिब आठ वर्षमा समेत सम्पन्न गर्न नसकेको सरकारले मात्र एक वर्षमा करिब ६० हजारभन्दा धेरै घर पुनर्निर्माण गर्छु भन्नु पत्याइहाल्न कठिन लाग्छ। तर, गोरखा भूकम्पको पुनर्निर्माणका क्रममा देखिएका समस्या तथा चुनौतीहरूलाई सिकाइको रूपमा लिने हो भने यो लक्ष्य असम्भव नहुन पनि सक्छ। त्यसका लागि सरकारले गोरखा पुनर्निर्माण प्रतिफलमा मात्र सीमित भयो कि उपलब्धिमूलक पनि भयो भनेर अध्ययन गर्नुपर्ने हुन्छ। जुन स्वतन्त्र रूपले अहिलेसम्म भएको पाइँदैन।

जाजरकोट भूकम्पको पुनर्निर्माण कार्य उपलब्धिमूलक रूपले समयसीमाभित्रै सम्पन्न हुने कुरा गोरखा भूकम्पको पुनर्निर्माणबाट सरकारले कस्तो सिकाइ लिन्छ भन्ने कुराले निर्धारण गर्नेछ। किनकि सिकाइ दुई प्रकारले प्रकट गरिन्छन्, पहिलो व्यवस्थापन तहबाट र दोस्रो फिल्ड तहबाट। अहिलेका प्रवृत्तिहरूलाई केलाउने हो भने व्यवस्थापन तहबाट प्रस्तुत गरिने अधिकांश सिकाइ आफ्ना व्यवस्थापकीय कमजोरीहरू लुकाउन प्रेरित हुने गरेका छन्। फिल्ड तहबाट प्रस्तुत गरिने सिकाइ भने वास्तविकताको नजिक हुन्छन्। तर, सरकार सधैँ व्यवस्थापनबाट प्रस्तुत गरिने सिकाइहरूलाई ग्रहण गर्छ। त्यसैले पुनर्निर्माण कार्यलाई उपलब्धिमूलक बनाउन विगतको पुनर्निर्माणको फिल्ड तहको सिकाइलाई ग्रहण गर्दै सोभन्दा परिष्कृत योजना बनाउनुको विकल्प छैन।

विगतमा पुनर्निर्माण प्राधिकरणमा गरेको कार्यानुभवको आधारमा निजी आवास पुनर्निर्माणको क्रममा देखिएका चुनौती तथा आगामी पुनर्निर्माणका लागि सान्दर्भिक हुन सक्ने सिकाइलाई यहाँ प्रस्तुत गर्ने यत्न गरिएको छ।

पुनर्निर्माणमा उपलब्धिलाई ध्यान दिने : नेपाल सरकारले पुनर्निर्माणको कार्यलाई सबैभन्दा सफल कार्यक्रमको रूपमा व्याख्या गरेको थियो। थुप्रै पुरातात्त्विक सम्पदाहरूको पुनर्निर्माण कार्य अझै सुरुवात नभए पनि निजी आवास पुनर्निर्माणको सन्दर्भमा संख्यात्मक रूपमा त्यो दाबी एक हदसम्म सत्य नै हो। ०७२ सालको भूकम्पले पुऱ्याएको क्षतिको पुनर्निर्माणको सन्दर्भमा निजी आवास पुनर्निर्माणतर्फ संख्यात्मक रूपमा आठ लाख ३३ हजार आठ सय २१ मध्ये ८९ प्रतिशत घरहरू पुनर्निर्माण भएको पाइन्छ भने प्रबलीकरणतर्फको तथ्यांक सार्वजनिक रूपमा भेटिँदैन। यसरी हेर्दा सरकारले निजी आवास पुनर्निर्माणमा तय गरेको प्रतिफल प्राप्त भएको देखिन्छ। सम्पूर्ण लाभग्राहीमध्ये आठ लाख ३३ हजार आठ सय ६ लाभग्राहीले प्रथम किस्ता, सात लाख ७५ हजार नौ सय ८२ ले दोस्रो किस्ता र सात लाख ३६ हजार सात सय ५० जनाले तेस्रो किस्ता लिएको देखिन्छ। तर, विचारणीय के भने प्रथम, दोस्रो र तेस्रो किस्ता लिने लाभग्राहीको संख्यामा किन यति धेरै फरक पऱ्यो ? बनेका घरमध्ये कति प्रतिशत घर लाभग्राहीको आवश्यकताअनुसारका बने, कति घरहरू अहिले प्रयोग भइरहेका छन् ? भन्ने नै हो।

संख्यालाई आधार बनाएर विश्लेषण गर्ने हो भने गोरखा भूकम्पको पुनर्निर्माण नेपाल सरकारका सफल कार्यक्रममध्ये एक मान्न सकिएला। तर, अनुगमन तथा मूल्यांकनको आँखाबाट हेर्दा गोरखा पुनर्निर्माणको कमजोरी भनेको प्रतिफल प्राप्त हुनु तर प्रतिफलले उपलब्धि प्राप्तिमा आशातीत सहयोग नगर्नु हो।

करिब सात लाख ३६ हजार नयाँ घर त बने तर ती घरपरिवारको आवश्यकताअनुरूपका बने वा बनेनन् ? किनकि अधिकांश घर एक वा दुईकोठे निर्माण भए। एक अध्ययनले देखाएअनुसार ८० प्रतिशतभन्दा बढी घर एकतले बनेका छन्। यसले गर्दा परम्परागत रूपमा पहाडी क्षेत्रमा भण्डारको रूपमा प्रयोग गर्दै आएको दोस्रो तलाबिना नै घर बने। अर्थात् नयाँ बनेको घरमा खाद्यान्न भण्डारणका लागि स्थान नै भएन। राष्ट्रिय जनगणना ०६८ का अनुसार औषत परिवार संख्या ४.८८ रहेको थियो। त्यसका आधारमा हेर्दा पाँचजनाको परिवारलाई पुग्ने घर संरचना नै बनेनन्।

लाभग्राहीहरूले अनुदान लिनका लागि एक वा दुईकोठे भूकम्पप्रतिरोधी 'भूकम्पको घर' बनाउने र थप रकम लगानी गरी परिवारको आवश्यकताअनुरूपको भूकम्पप्रतिरोधी प्रविधिविनाको 'आफ्नो घर' बनाए। यसले गर्दा न त उपलब्धि प्राप्त भयो, न त ज्ञानको हस्तान्तरण नै भयो। ज्ञानको हस्तान्तरण भयो त केवल दस्ताबेजमा मात्र। तसर्थ उपलब्धिमूलक पुनर्निर्माणका लागि ध्यान दिनुपर्ने विषय भनेको घरको संरचना वा क्षेत्रफलअनुसारको अनुदान दिने योजना बनाउनु हो, ताकि भूकम्पपीडितलाई आफ्नो आवश्यकताअनुसारको घर निर्माणका लागि प्रेरित गर्न सकियोस्।

विश्वसनीय र वैध तथ्यांक संकलन : राष्ट्रिय पुनर्निर्माण प्राधिकरणले सुरुको अवस्थामा सात लाख ७४ हजार



चार सय ८३ आवास पूर्ण तथा आंशिक क्षति भएको तथ्यांक प्रकाशित गरेको थियो। नतिजा प्रकाशनपछि करिब ६ लाख ३४ हजारभन्दा बढी गुनासा दर्ता भए। पुनः सर्वेक्षणपश्चात् नौ लाख ८७ हजार चार सय १३ लाभग्राही कायम भए। जुन सुरुको लाभग्राही संख्याको करिब ३० प्रतिशतभन्दा बढी हो। यसरी हेर्दा लाभग्राहीको तथ्यांक नै विश्वसनीय नहुनु गोरखा पुनर्निर्माणको महत्त्वपूर्ण कमजोरी थियो।

सुरुको तथ्यांक संकलनमा भएको अविश्वास तथा त्रुटिको परिणामतः साधन र स्रोतको दुरुपयोग भएको सबैभन्दा राम्रो उदाहरण सिन्धुपाल्चोक र रसुवामा भएका लाभग्राही संख्यालाई लिन सकिन्छ। सिन्धुपाल्चोकमा ०६८ को जनगणनाअनुसार ६६ हजार ६ सय ८८ घरधुरी थिए। ०७८ को जनगणनाअनुसार ७१ हजार ६ सय ९७ घरधुरी भए। तर, पुनर्निर्माण लाभग्राहीको संख्या ९० हजार पाँच सय ७३ भए। त्यस्तै रसुवामा ०६८ को जनगणनाअनुसार नौ हजार सात सय ७८ घरधुरी रहेकोमा लाभग्राही संख्या १२ हजार नौ सय ३४ भयो। जबकि हिमाली जिल्लामा जनसंख्या घट्दो क्रममा रहेको छ।

पुनर्निर्माणको मूल नेतृत्व राजनीतिक दलप्रति उत्तरदायी रहनु, उच्च व्यवस्थापनका अधिकांश सदस्य राजनीतिक दलप्रति प्रतिबद्ध रहनु, पुनर्निर्माण कार्यमा राजनीतिक हस्तक्षेप, लाभग्राही पहिचानसम्बन्धी कार्यविधिको दुरुपयोगलगायत थुप्रै कारण होलान्। तर, एउटा महत्त्वपूर्ण कारण सरकारले लाभग्राही पहिचानमा गरेको ढिलाइ र सर्वेक्षण गर्ने निकायको अक्षमता पनि हो। तसर्थ अहिले त्यो चुनौती समाधानका लागि सरकारले चाँडोभन्दा चाँडो लाभग्राही पहिचान सर्वेक्षण गर्नुपर्ने देखिन्छ। सर्वेक्षणमा राष्ट्रिय जनगणनाको ०७८ को तथ्यांकलाई समेत स्रोतसामग्रीको रूपमा पहिचान गरी विश्वसनीय र वैध तथ्यांक संकलन गर्नु उपयुक्त हुन्छ।

> राष्ट्रिय जनगणना ०६८ का अनुसार औसत परिवार संख्या ४.८८ रहेको थियो। त्यसका आधारमा हेर्दा पाँचजनाको परिवारलाई पुग्ने घर संरचना नै बनेनन्।

सामाजिक परिचालन : गोरखा भूकम्पको पुनर्निर्माणको क्रममा देखिएको अर्को महत्त्वपूर्ण सिकाइ कमजोर सामाजिक परिचालनको कारणले कार्यक्रमको उपलब्धि प्राप्त हुन नसक्नु हो। सामाजिक परिचालकको न्यून परिचालनको कारणले कार्यान्वयन गर्ने निकायको सरोकारवाला तथा लाभग्राहीसँग प्रभावकारी सम्पर्क र समन्वय हुन सकेन। सामाजिक तथा आर्थिक विषयवस्तुको कमजोर ज्ञान तथा अत्यधिक कामको चापको कारणले प्राविधिक कर्मचारी निजी आवासको मापदण्ड मूल्यांकनमा मात्र सीमित भए। प्राविधिकको ध्यान आवश्यकताअनुसार घरहरूको पुनर्निर्माण गर्ने भन्दा पनि घरको मापदण्ड मात्र पूरा गर्न लगाउनेतिर गयो। जनताको सामाजिक, सांस्कृतिक र धार्मिक जीवनसँग जोडिएका पूजाकोठा, भान्छाकोठा, स्टोरकोठा, बैठक कोठा, पढ्ने कोठा आदिको आवश्यकताको आधारमा भूकम्पप्रतिरोधी संरचना निर्माणको लागि सहमत गराउन सक्ने जनशक्तिको अभाव भयो। त्यसैले अनुदान लिएर बनाएका अधिकांश घर परिवारको आवश्यकताअनुरूपका बनेनन्। सिमेन्ट प्रयोग नगरी पनि भूकम्पप्रतिरोधी घर निर्माण गर्न सकिन्छ भनेर सिकाउने कोही भएन। त्यसैले हिमालमा समेत कंक्रिटका जंगल खडा भए। गोरखाको लाप्राकमा गैरआवासीय नेपाली संघले बनाएजस्तै एकीकृत बस्तीहरू बनाउन साधन र स्रोतको दुरुपयोग भयो।

जनप्रतिनिधिहरूको विश्वसनीय भूमिका : गोरखा पुनर्निर्माणको सन्दर्भमा अनुभव भएको अर्को महत्त्वपूर्ण विषय स्थानीय तहमा जनप्रतिनिधिको भूमिका प्रभावकारी र विश्वसनीय नहुनु पनि हो। पुनर्निर्माणको काम सुरु गर्ने समयमा स्थानीय तहको निर्वाचन नभइसकेकाले स्थानीय सरकारको भूमिका प्रस्ट नभएको र स्थानीय तहको निर्वाचनपछि जनप्रतिनिधिको भूमिका कानुन कार्यान्वयन गर्न सहजीकरण गर्नेभन्दा पनि कानुनको गलत प्रयोगलाई बढावा दिनेतिर अग्रसर रह्यो। कार्यविधिमा भएको व्यवस्थालाई लाभग्राही कायम गर्ने सिफारिस गर्न गलत प्रयोग गरियो। लाखौँको संख्यामा लाभग्राही थपिने क्रमले पुनर्निर्माणको स्रोतमा दबाब पर्न थाल्यो। साथै गुनासो संकलन, पुनः सर्वेक्षण, पुनरावेदन आदि कार्यका लागि थप समय खर्चिनुपर्ने भयो र पुनर्निर्माण कार्य समयमै सम्पन्न नहुने अवस्था आयो। जनप्रतिनिधिबाट भूकम्पप्रतिरोधी मापदण्डअनुसार नबनेका घरलाई पनि अनुदान दिनका लागि सिफारिस भयो। त्यसैले मापदण्ड नपुगेका घर बनाएका हजारौँले समेत अनुदान पाउने अवस्था भयो। यसका लागि स्थानीय तहमा खटिएका कतिपय प्राविधिकलाई दबाब आउन थाल्यो भने कतिपयसँग अपारदर्शी लेनदेन हुन थाल्यो।

मानव संसाधन व्यवस्थापन : गोरखा पुनर्निर्माणको अर्को समस्या मानव संसाधनको व्यवस्थापनमा रह्यो। विशेष प्रकृतिका कार्यक्रम वा अवस्थामा निजामती कर्मचारीले मात्र कार्यसम्पादन गर्न कठिन हुने हुँदा फरक संरचना र कर्मचारीमार्फत कार्य सम्पादन गर्ने गरिन्छ। यसको अर्थ सेवा करारका कर्मचारी क्षमतावान् भएनन् भने कार्यक्रमको प्रतिफल तथा उपलब्धि प्राप्तिमा समेत असर पर्न जाने कुरामा द्विविधा छैन। सोही प्रकृतिको समस्या तथा चुनौती गोरखा पुनर्निर्माणको क्रममा पनि रहेको थियो। ठूलो मात्रामा करारको कर्मचारीको रूपमा नियुक्त गरिएका थुप्रै इन्जिनियर र सब-इन्जिनियर (प्राविधिक कर्मचारीहरू)हरूमा सिर्जनात्मकताको कमी हुँदा पुनर्निर्माण प्राधिकरणले नमुनाका रूपमा तयार गरेको दुईकोठे घरभन्दा बाहिर सोच्नै सकेनन्। थुप्रै ठाउँमा प्राविधिक कर्मचारीले दुईकोठे घरभन्दा ठूलो वा धेरै कोठा बनाएमा मापदण्ड नपुग्न सक्छ भनी दुईकोठे घर पुनर्निर्माणका लागि प्रेरित गरे।

प्रभावकारी अनुगमन तथा मूल्यांकन : कुनै पनि कार्यक्रमको सफलता कार्यक्रमको अनुगमन तथा मूल्यांकन प्रणाली कति प्रभावकारी र व्यवस्थित छ भन्ने कुराले पनि निर्धारण गर्छ। गोरखा भूकम्पको पुनर्निर्माणको अर्को समस्या भनेको कमजोर अनुगमन तथा मूल्यांकन प्रणालीलाई मान्न सकिन्छ। गोरखा पुनर्निर्माणमा अनुगमन तथा मूल्यांकन कार्यलाई कति कम महत्त्व दिइएको थियो भन्ने कुरा अनुगमनका लागि छुट्याइएको जनशक्तिको संख्या, तिनको कार्यक्षेत्रगत सर्त र उनीहरूलाई दिइएको साधनस्रोतले स्पष्ट गर्थ्यो। अनुगमन कार्यलाई प्रभावकारी बनाउन र अनुगमनबाट आएका सुझाव कार्यान्वयनमा व्यवस्थापन पक्षको न्यून इच्छाको कारणले एककोठे घरहरूको न्यूनतम क्षेत्रफल तोक्नेलगायत केही सुझावबाहेक अन्य सुझावको कार्यान्वयन हुनैसकेन। अनुगमन कार्य एक परम्परागत सरकारी संरचनागत प्रक्रियाभन्दा बाहिर जानै सकेन। जसले गर्दा कार्यक्रमको कार्यान्वयनकै चरणमा गर्न सकिने थुप्रै सुधार गर्न सकिएन र पुनर्निर्माण कार्यमा थप समस्या तथा चुनौती थपिन थाले। जाजरकोट भूकम्पको उपलब्धिमूलक पुनर्निर्माण कार्यका लागि अनुगमन तथा मूल्यांकनसम्बन्धी जनशक्तिले सीधै उच्च व्यवस्थापनसमक्ष प्रतिवेदन पेस गर्ने गरी यथेष्ट र दक्ष जनशक्तिको व्यवस्था गर्नु उपयुक्त हुन्छ।

---

३ प्रश्न

परराष्ट्र मामिलाविद् **रमेशनाथ पाण्डेलाई**



■ **हमासले बन्धक बनाएका विपिन जोशी अझै रिहा नहुनुमा तपाईंको टिप्पणी ?**

इजरायलको पक्षमा सक्रिय देशका नागरिकलाई रिहा गर्नु तर नेपालीलाई बन्धक बनाइराख्नुले हाम्रो अन्तर्राष्ट्रिय सम्बन्ध निष्क्रिय र कूटनीतिक सीपमा खिया लागेको पुष्टि गर्छ।

■ **यस्तो निष्कर्षको आधार के हो ?**

विपीनलाई छुटाउनु मुख्य एजेन्डा बनाएर कूटनीतिक अनुभव र सम्पर्कलाई उपयोग गर्नुपर्थ्यो। हमासलाई प्रभाव पार्न सक्ने देशको सहयोग लिने प्रयास गर्नुपर्थ्यो। कतार हमासको आर्थिक आड हो। फ्रेन्च ठम्याइमा कतारले हमासलाई मासिक तीन करोड डलर सहायता दिन्छ। क्षेत्रीय सुरक्षा कूटनीतिमा कतारका अमिरको प्रभावशाली भूमिका छ। नेपालप्रति अमिरको विशेष अनुराग रहेको अनुभूति उहाँसँगका भेटमा मलाई भएको थियो। अन्तर्राष्ट्रिय सम्मेलन भएको वेलामा द्विपक्षीय सम्झौता नगर्ने परम्पराविपरीत नेपालसँग सन् २००५ मार्चमा श्रम सम्झौता गरेर नेपालप्रति विशेष सम्बन्धको संकेत दिएकै हो। तर, नेपालले सद्भावनाको यो सञ्चिति जोगाउन सकेन। कतारी परराष्ट्र राज्यमन्त्रीको भ्रमणको अभिप्रायः बुझ्न नेपाल चुक्यो। विपीनको रिहाइमा सहयोग माग्नु कूटनीतिक सीप होइन, नित्यकर्म थियो। हमासमा प्रभाव पार्न सक्ने अर्को देश टर्की हो। टर्कीका प्रधानमन्त्रीले ब्रिसबेनमा सन् २०१४ मा भएको जी-२० को बैठककै समयमा अस्ट्रेलियाको ग्रिफिद विश्वविद्यालयमा बोल्दै 'आध्यात्मको केन्द्र मानिने नेपाललाई अल्पविकसित देशको कित्तामा कसरी राख्न मिल्छ ?' भनेर नेपालप्रतिको विशेष सम्मान र सद्भावना सार्वजनिक गरेका थिए। तर, नेपालले यो उद्घोषलाई कदर नगरेपछि टर्कीले रुचि लिन छाड्यो। यसरी सद्भावनाका सञ्चिति जोगाउन नसकेकाले हारगुहार पाउन गाह्रो भएको हो।

■ **तपाईंको सुझाब के छ ?**

कतारका अमिर र टर्कीका राष्ट्रपतिसँग प्रधानमन्त्री आफैँले सम्पर्क गर्नुपर्छ। वैदेशिक सम्बन्धमा गरेको त्रुटिले वर्षौंवर्षसम्म देशले कष्ट भोग्नुपर्छ भन्ने कूटनीतिक इतिहासको पाठ हो। सामुन्नेको आवश्यकता बुझ्न र विगतको त्रुटि सच्याउन ढिलो गर्नुहुँदैन।

प्रेरक प्रसंग

अनमोल चार रत्न



एकजना वृद्ध सन्तले आफ्नो अन्तिम घडी आएको देखेर आफ्ना सन्तानलाई नजिक बोलाए र भने, 'मेरो अन्तिम घडी आयो। अब म तिमीहरूलाई मेरा चार अनमोल रत्न दिँदै छु। यी रत्नको सहयोगले तिमीहरू आफ्नो सम्पूर्ण जीवन आनन्दमय र श्रेष्ठतम बनाओ।'

पहिलो रत्न– माफी : तिमीलाई जसले-जेसुकै भनोस् तिमीले उसको कुरालाई कहिल्यै पनि आफ्नो मनमा नलिनू। न त ऊप्रति कहिल्यै प्रतिकारको भावना नै राख्नु। उसलाई माफ गरिदिनू।

दोस्रो रत्न– बिर्सिदिनु : आफूले अरूलाई गरेका उपकारलाई बिर्सिदिने गर्नु। उपकारको बदलामा केही पाउने आशा कहिल्यै नराख्नु।

तेस्रो रत्न– विश्वास : आफ्नो मिहिनेत र परमात्मामा सधैँ अटुट विश्वास राख्नु। किनकि हामी प्रकृतिको नियमबाहिरको केही चिज पनि गर्न सक्दैनौँ। परमात्माप्रतिको विश्वासले तिमीलाई जीवनमा हरेक संकटबाट बचाउनेछ र सफल बनाउनेछ।

चौथो रत्न– वैराग्य : जन्म भएको छ भने एकदिन मर्नु पनि पर्छ भन्ने कुरा हमेसा याद राख्नू। यसैले कसैप्रति पनि आफ्नो मनमा आसक्ति नराख्नू। तिमीहरूले जहिलेसम्म मेरा यी चार रत्न सम्हालेर राख्नेछौँ, तिमीहरू खुसी र प्रसन्न रहनेछौ।

टिप्पणी

nayapatrikaofficial
@naya_patrika

ठेक्कामा चलखेल रोक

काठमाडौं-तराई मधेश फास्टट्र्याकको दुई खण्डको ठेक्का प्रक्रियामा प्राविधिक मूल्यांकनमा फेल भएको कालिका कन्स्ट्रक्सनलाई पुनः मूल्यांकन गराएर सामेल गराएको समाचारले नेपाल लुटको लागि स्वर्गभूमि भएको अभास भयो। फेल भएको कम्पनीलाई २५ अर्बको ठेक्का प्रक्रियामा सामेल गराउन ठूलै आर्थिक चलखेल भएको हुनुपर्छ। कालिका कन्स्ट्रक्सनले निर्माण गरेको नहर गुणस्तरहीन भएर प्रयोजनहीन हुँदा मुलुकलाई अर्बौं क्षति भएको थियो। तर, उसलाई चोख्याउने काम भयो। अहिले पुँजीको ७५ प्रतिशतभन्दा धेरै बिगोका मुद्दा चलिरहेको अयोग्य कम्पनीलाई ठेक्का प्रक्रियामा समावेश गराएर पुनः राज्यस्रोत दोहन गर्ने प्रयास भएको छ। यसलाई तत्कालै रोकियोस्।

● **रामजी प्रसाईं**, काँडाघारी, काठमाडौं

जनतालाई जानकारी देऊ

नेपाली जनताले लामो समय संघर्ष र बलिदानबाट ल्याएको लोकतान्त्रिक गणतन्त्रमा ठूलै आर्थिक स्रोत खर्च गर्छ। तर, जनताका लागि निःशुल्क स्वास्थ्य उपचार गर्ने हस्पिटल संघ, प्रदेश, स्थानीय तहमा कतिवटा र कहाँ-कहाँ छन् ? कहाँ गए नेपाली जनताले सहज, सुलभ र निःशुल्क स्वास्थ्य उपचार गर्न पाउँछन् ? जनतालाई जानकारी गराऊ।

● **बलराम थापा**
कुश्लेचौर, क्षेत्रपाटी

जनताको नजर न्यायालयमा

गृहमन्त्रीजस्तो जिम्मेवार पदमा रहेर नेपाली नागरिकलाई नक्कली भुटानी शरणार्थी बनाई अमेरिका पुऱ्याउने र लाखौँ असुलीको धन्दा चलाउने कार्यलाई सघाउने र मतियार हुने व्यक्तिलाई चोख्याउने हरसम्भव प्रयास भइरहेको छ। आशा न्यायालयमा टिकेको छ। न्यायालय दबाबमा आएर वा प्रलोभनमा परेर खाणलाई चोख्याउने काम नगरोस्। जनताको नजर अब न्यायालयमा छ।

● **बद्रीनारायण श्रेष्ठ**
कुलेश्वर, काठमाडौं

सम्बन्धित निकायमा लेखी पठाउँदैमा हेलो सरकारको कर्तव्य पूरा हुन्छ हो ?

हेलो सरकारबाट पहिले पनि मलाई तपाईंको गुनासो टिकट नं. एचएस-२४७३२-५६०८६ मार्फत् सम्बन्धित निकायमा पठाइएको छ भनी लेखी आएको हो, तर कारबाही केही भएको छैन। जनताको गुनासो टिपेर अर्को निकायमा पठाइदिँदैमा हेलो सरकारको जिम्मेवारी पूरा भएको मानिने हो ? के यसैका लागि हेलो सरकारको व्यवस्था गरिएको हो ? गुनासो सम्बन्धमा टुंगो लगाउनुपर्ने होइन ? यस्तो खालको हेलो सरकारको के अर्थ हुन्छ, मैले बुझिनँ। मैले दिएको निवेदन सम्बन्धित निकायमा पठाइदिँदैमा केही हुनेवाला छैन। हेलो सरकारले सम्बन्धित निकाय भनेको कुन निकाय हो, त्योसम्म पनि स्पष्ट नगरी जनतालाई गुमराहमा राख्ने र झारा टार्ने काम गरेको बुझियो।

यदि काम नै गर्ने हो भन्ने सम्माननीय प्रधानमन्त्रीज्यूको मातहतमा रहेको यस जिम्मेवार कार्यालयले अशोककुमार अग्रवालबाट रकम नभई चेक फर्केको अवस्थामा राष्ट्रिय वाणिज्य बैंकले शुल्कबापत सय रुपैयाँ लिने गरेको र अन्य बैंकले पाँच सय लिने गरेको हुँदा के भएको हो तुरुन्त एक रूपता कायम गर्न-गराउन भनी निर्देशन दिनुपर्ने हो र समस्याको समाधान गरिदिनुपर्ने हो।

पहिले बैंकहरूले चेक क्लियरिङ गर्दा मनपरी तरिकाले शुल्क लिने गरेकोमा मैले पटक-पटक विरोध गरेपछि दुई लाखसम्मको शुल्क नलिने र सोभन्दा माथि जति भए पनि पन्ध्र रूपैयाँ मात्र लिने व्यवस्था भयो। अन्यथा, बैंकले मनपरी शुल्क लिइनै रहने थिए। हेलो सरकारको ध्यान जाओस्।

● **अशोककुमार अग्रवाल**, काठमाडौं

लेखका लागि : opinion@nayapatrikadaily.com
टिप्पणीका लागि : comment@nayapatrikadaily.com

भाजपाले कसरी अप्रत्याशित ढंगले चुनाव जित्छ ?

भाजपालाई चुनाव जिताउने विशेष कारक अर्थात् एक्स-फ्याक्टर भनेको भाजपाको संगठन नै हो



देश/विदेश
● शिवम विज

सत्तारुढ भारतीय जनता पार्टी (भाजपा) र भारतीय राष्ट्रिय कंग्रेसको तुलना गर्दा आउने भिन्नतामा प्रायः नरेन्द्र मोदीको लोकप्रियता, कर्पोरेट मिडिया भाजपापरस्त भएको आरोप, भाजपाको चुनावी अभियानमा आउने ठूलो राशिको धन र हिन्दू राष्ट्रवादी विचारधारा उल्लेख गरिन्छ। उसो त यी कारकले भाजपाको चुनावी विजयमा नसघाएका होइनन्, तर यी कारकले भाजपाको अप्रत्यासित विजयलाई पूर्ण रूपमा व्याख्या गर्न सक्दैन।

हार्ने भनिएको मध्यप्रदेश र छत्तिसगढको चुनावमा भाजपाले कसरी भारी मतले विजय हासिल गऱ्यो त ? वास्तवमा हामीले अप्रत्यासित नतिजा पहिले पनि देखेका थियौँ। सन् २०२२ मा विपक्षी लहर (एन्टी-इन्कम्बेन्सी) छ भन्ने पूर्वानुमानका बाबजुद भाजपाले उत्तराखण्डको चुनावमा विपक्षीको पत्तासाफ गर्ने गरी विजय हासिल गरेको थियो। सन् ०१७ देखि सत्तासीन रहेको भाजपा उत्तर प्रदेशमा विजयी हुने धेरैले आकलन गरेका थिए। तथापि भाजपाकै नेता र गठबन्धन साझेदारले चार सय चार सिटमा तीन सय १२ सिट ल्याएर जित्छौँ भन्ने ठानेका थिएनन्। यसरी पत्तासाफ गर्ने गरी हुने चुनावी विजयलाई लिएर भाजपाविरुद्ध मतदान गर्ने आममतदाता पनि विद्युतीय मतदान मसिनमा छेडखानी भएको हो कि भनेर सन्देह गर्ने गर्छन्। तर, विद्युतीय मतदान मेसिनमा छेडखानी भएको हो भने भाजपाले किन कर्नाटकजस्ता राज्यमा लज्जास्पद हार व्यहोऱ्यो ?

सक्रिय एवं विशाल बुथ कार्यकर्ता : भाजपालाई चुनाव जिताउने विशेष कारक अर्थात् एक्स-फ्याक्टर भनेको भाजपाको संगठन हो। मध्यप्रदेशको भाजपा प्रमुख बिडी शर्माले आफ्नो पार्टीले कंग्रेसलाई आठ प्रतिशतले उछिन्नुका पछाडि ४० लाख बुथ कार्यकर्ताको मिहिनेत हो भन्ने बताएका थिए।

यी बुथ कार्यकर्ता के गर्छन् त ? यी कार्यकर्ताले नागरिकलाई पार्टीको पहुँचमा भएको महसुस गराउँछन्। भाजपाले प्रत्येक ५० घरधुरीमा एकजना बुथ कार्यकर्ता तयार पार्ने महत्त्वाकांक्षी लक्ष्य राखेको छ र यो लक्ष्य हिन्दी बाहुल्य राज्यमा पूरा भएको हो कि भन्ने देखिन्छ।

कंग्रेस र अन्य विपक्षी पार्टीका हकमा प्रत्येक बुथमा मुस्किलले एक वा दुईजना बुथ कार्यकर्ता मात्रै हुने गर्छन् र यी कार्यकर्ता प्रायः हतोत्साहित रहन्छन्। र, यिनको सम्बन्ध स्थानीय नेतामा मात्रै सीमित हुने गर्छ। यो अवस्थामा मतदाता भाजपासँग जोडिन सहज मान्छन्, किनभने मतदाताले सजिलै पार्टीमा पहुँच पाउँछन् र आफ्ना समस्या सुनाउने मौका पनि पाउँछन्।

मोदी-शाह कालको नयाँ भाजपाले चुनाव बुथस्तरमै जितिने वा हारिनेमा विश्वास गर्छ। पार्टीले कार्यकर्ताबाट प्रत्येक बुथमा कम्तीमा ५१ प्रतिशत मत आफ्नो पक्षमा पार्ने लक्ष्य राख्छ। यो लक्ष्यको सफलतालाई कम्तीमा एक हजार चार सय मतदाता हुने बुथको अध्ययन गरेको निर्वाचन आयोगको फर्म २० को तथ्यांकले पुष्टि गर्छ।

ह्वाट्सएपमा भाजपाको वर्चस्व : कंग्रेसलगायत विपक्षी दलले ह्वाट्सएपमा भाजपालाई उछिन्न सक्दैनन्, किनभने यी पार्टीसँग ह्वाट्सएप ग्रुप चलाउन र सन्देश फैलाउन आवश्यक विशाल जनशक्तिको अभाव छ। अन्य दलमा झैँ स्थानीय नेताबाट नभई भाजपामा ह्वाट्सएपका लागि आवश्यक जनशक्ति केन्द्रबाट नै व्यवस्थापन हुने गर्छ। केन्द्रले प्रविधिको प्रयोग गर्दै बुथस्तरमा सरकारी योजनाका लाभार्थी र सामाजिक सञ्जाललक्षित कार्यक्रम चलाउन विशेष भूमिका खेल्छ। यी जनशक्तिलाई भाजपाले निपुणताका साथ व्यवस्थापन गर्ने गरेको छ जुन कंग्रेसलगायत अन्य पार्टीमा देखिँदैन। कार्यकर्तालाई दिइने जिम्मेवारी प्रविधिबाट रुजु गरिन्छ। हालका दिनमा बुथस्तरका सरकारी योजनाका लाभार्थी र सामाजिक सञ्जाललक्षित कार्यक्रमका लागि पार्टीले पद नै सिर्जना गरेको छ। जब पार्टी अप्ठ्यारो अवस्थामा



तस्बिर : एएफपी

जान्छ, अर्थात् विरोधी लहर व्यहोर्ने अवस्थामा पुग्छ वा विपक्षी उम्मेदवार बलिया देखिन्छन्, तब पार्टीको संगठनात्मक संरचनाले भूमिका खेल्छ। मध्यप्रदेश, छत्तिसगढ र राजस्थानमा पार्टीको संगठनात्मक संरचनाले नै भूमिका खेलेको हो।

भाजपाका उच्चस्तरका नेता आफ्ना कार्यकर्तालाई केही न केही ढंगले सम्बोधन गरि नै रहन्छन्। प्रधानमन्त्री नरेन्द्र मोदीसमेत आफ्ना कार्यकर्ता नियमितजसो सम्बोधन र सम्मान गरिरहन्छन्। उदाहरणका लागि यही जुनमा प्रधानमन्त्री मोदीले मुलुकभरिका करिब १० लाख कार्यकर्तालाई सम्बोधन गरेका थिए। महत्त्वपूर्ण कुरो के भने यो सम्बोधन मध्यप्रदेशको भोपालमा भएको थियो। तपाईंले कंगेस अध्यक्ष मल्लिकार्जुन खड्गे वा अनौपचारिक अध्यक्ष राहुल गान्धीले आफ्ना कार्यकर्तालाई सम्बोधन गरेको समाचार कति देख्नु/पढ्नुभएको छ ? यदि तपाईं हिन्दी बाहुल्य राज्यका कार्यकर्तालाई भेट्नुहुन्छ भने तिनले निर्देशन त परको कुरा भयो, कसैले आफूलाई नभेट्ने वा आफ्नो सुझावसमेत ग्रहण नगरेको गुनासो पोख्छन्। स्थानीय नेता यी कार्यकर्तालाई पैसा, भरोसा, वैचारिक प्रोत्साहन, पद वा अन्य कुनै पनि किसिमका प्रोत्साहन दिँदैनन्। नतिजा, ढिलो-चाँडो यी कार्यकर्ता भाजपा प्रवेश गर्छन्।

के संगठन निर्माण अप्ठ्यारो काम हो ? : कंग्रेसले आफूअनुकूल मिडिया कभरेज वा चुनावका लागि आवश्यक रकम उठाउने मामिलामा भाजपालाई उछिन्न नसके पनि कंग्रेसका लागि प्रभावकारी केन्द्रीकृत पार्टी संगठन निर्माण गर्न गाह्रो छैन। कंग्रेसले भाजपास्तरको संगठन बनाउन नसके पनि भाजपासँगको संगठनात्मक भिन्नता घटाउन सक्छ। दक्षिण भारततर्फ जाने हो भने कर्नाटकको चुनावी विजयमा भाजपाका निरुत्साहित कार्यकर्ता र विरोधी लहरले मात्रै नभई संगठनले पनि काम गरेकै हो। तेलंगनाको विजयमा पनि कंग्रेस पार्टीले कार्यकर्तामा राम्रै लगानी गरेको थियो। यस अर्थमा राजस्थान, मध्यप्रदेश र छत्तीसगढको कंग्रेस पार्टीले दक्षिण भारतबाट पाठ सिक्न सक्छन्। छुटेको कुरा भनेको कंग्रेसले राहुल गान्धीले चलाएको भारत जोडो यात्रासँगै समानान्तर रूपमा संगठन निर्माण गर्न नसक्नु हो। कंग्रेस पार्टी अवश्यम्भावी ढंगले सन् ०२४ को लोकसभा चुनावमा नराम्रोसँग पराजित हुनेछ, तथापि कंग्रेस आफ्नो अस्तित्व जोगाउन चाहन्छ भने कंग्रेससँग आउने लोकसभा चुनावमा संगठन निर्माण गर्ने अवसर भने छ।

(विज नयाँदिल्लीमा आधारित पत्रकार एवं राजनीतिक विश्लेषक हुन्)

- गल्फ न्युज

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लि.

MEROMICROFINANCE LAGHUBITTA BITTIYA SANSTHA LTD.

नेपाल राष्ट्र बैंकबाट "घ" वर्गको इजाजतपत्र प्राप्त संस्था (राष्ट्रिय स्तरको कार्यक्षेत्र भएको)

केन्द्रीय कार्यालयः बिदुर-४, बट्टार, नुवाकोट

मेरोमाइक्रोफाइनान्स लघुवित्त वित्तीय संस्था लिमिटेड शाखा कार्यालय वाहुनी, बाह्रविसे, भगतपुर, छातापिपरा, डुमरिया, कालिकास्थान, केराबारी, मधेषा, टंकिसिनुवारी, जगतपुर, मैनापोखर, मलाही, मनहर्वा, मेहलकुना, फर्साटिकर, तेल्घा, मंगलपुर र उत्तरपानीको कर्जा चुक्ता गर्ने बारे ३५ दिने सूचना

(सूचना प्रकाशित मिति : २०८०/०८/२२)

तपाईं तपसिलका उल्लेखित ऋणीहरुले विभिन्न कर्जा शीर्षक अन्तर्गत यस वित्तीय संस्थाबाट लिनुभएको कर्जाको तोकिएको समयमा बुझाउनु पर्ने सावाँ, ब्याज सहितको किस्ता रकम नबुझाएको, कर्जाको म्याद भुक्तान भइसक्दा समेत कर्जा सावाँ, ब्याज, हर्जाना समेतको चुक्ता गर्नुपर्ने रकम चुक्ता/भुक्तान नगरी ऋण लिँदा भए/गरेका शर्त/बन्देजहरुको उल्लंघन गर्नुभएको र वित्तीय संस्थाबाट मौखिक एवं लिखित रुपमा पटक-पटक तरताकेता गर्दा समेत सो कर्जाको तिनुपर्ने सावाँ, ब्याज तथा हर्जाना ब्याज समेत चुक्ता भुक्तानी गर्न नआउनु भएकोले कर्जा चुक्ता गर्न ल्याउने बारेको यस ३५(पैंतीस) दिने सार्बजनिक सूचना प्रकाशन गरिएको छ। यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्रमा यस वित्तीय संस्थामा सम्पर्क राखी तपाईं ऋणीले लिएको कर्जाको सम्पूर्ण सावाँ, ब्याज तथा अन्य दायित्वहरु समेत चुक्ता भुक्तान गर्न जानकारी गरिन्छ।

उपरोक्त तोकिएको म्यादभित्र वित्तीय संस्थालाई तिर्नु/बुझाउनु पर्ने सम्पूर्ण रकम (कर्जा सावाँ, ब्याज तथा हर्जाना ब्याज समेत) नबुझाएमा वा चुक्ता भुक्तान नगरेमा प्रचलित कानुन तथा ऋणी र यस वित्तीय संस्थाबिच भएको लिखित शर्त, बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन २०७३ को दफा ५७ को कर्जा असुली सम्बन्धी व्यवस्था बमोजिम यस वित्तीय संस्थालाई कर्जा सुरक्षण बापत लेखी दिनुभएको तपसिल बमोजिमको चल/अचल सम्पति प्रचलित कानुनले दिएको अधिकार प्रयोग गरी धितो लिलाम बिक्री गरी वा सो बाट आफ्नो लेना असूल उपर नभएमा तपाईं ऋणी तथा व्यक्तिगत जमानी दिने समेतको अन्य चल/अचल श्रीसम्पत्तिबाट वा ऋण असुली न्यायाधिकरणमा मुद्दा दायर गरी वा अन्य प्रचलित कानुन बमोजिम कारवाही गरी वित्तीय संस्थाले आफ्नो लेना रकम असूल उपर गरिनुका साथै तपाईं ऋणी तथा जमानीकर्ताको नाम कालोसूचीमा समावेश गर्न कर्जा सूचना केन्द्रमा सिफारिस गरी पठाइने ब्यहोरा सम्बन्धित ऋणी, जमानीकर्ता तथा हकवाला सबैलाई यसै सूचनाद्वारा जानकारी गराइन्छ। गराइन्छ।

तपसिल :

ऋणीको विवरण	जमानी दिनेको विवरण	धितोको विवरण
१.नन्दलाल मगरको बुहारी, फर्समान मगरको पत्नी मोरङ्ग जिल्ला, केराबारि गा.पा/न.पा., वडा नं. १० स्थायी वतन भई १० बस्ने ना.प्र.प.नं. ०५४७।६७ को जारी मिति २०६६/१०/२५ (जि.प्र.का. मोरङ्ग) रहेको **श्री सुनिता लिम्बु (मगर)।**	१. पदम बहादुर मगरको नाती, नन्दलाल मगरको छोरा मोरङ्ग जिल्ला, केराबारि गा.पा/न.पा., वडा नं. १० स्थायी वतन भई १० बस्ने ना.प्र.प.नं. .२३११० को जारी मिति २०५२/०८/२१ (जि.प्र.का.मोरङ्ग.) रहेको **श्री फर्समान मगर।**	१.सुनिता लिम्बु मगरको नाममा मालपोत कार्यालय बेलबारीमा दर्ता रहेको मोरङ्ग जिल्ला, केराबारि गा.वि.स./न.पा., वडा नं. १०,३ को कित्ता नं. १३८६,१९७९ को १०१।५९ र १९४।७२ वर्ग मि. ... /क्षेत्रफल ०-०-६-०र ०-०-११-२ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२. जित बहादुर माझीको बुहारी, राजेन्द्र माझीको पत्नी सिन्धुपाल्चोक जिल्ला, सांगाचोक गा.पा/न.पा., वडा नं. ०१ स्थायी वतन भई साठीमुरे बस्ने ना.प्र.प.नं. २४-०१-७२-०७६१२ को जारी मिति २०७२/१०/११ (जि.प्र.का. सिन्धुपाल्चोक) रहेको **श्री सन्तोषी माझी।**	२. शंखे माझीको बुहारी गणेश बहादुर माझीको छोरी सिन्धुपाल्चोक जिल्ला, सांगाचोक गा.पा/न.पा., वडा नं. ०१ स्थायी वतन भई साठीमुरे बस्ने ना.प्र.प.नं. १०१/७०५१२ को जारी मिति २०५१/०९/११ (जि.प्र.का. सिन्धुपाल्चोक) रहेको **श्री मनमाई माझी।**	२.मनमाई माझीको नाममा मालपोत कार्यालय चौतारा, सिन्धुपाल्चोक मा दर्ता रहेको सिन्धुपाल्चोक जिल्ला, सांगाचोक गा.वि.स./न.पा., वडा नं. १ (एक) को कित्ता नं. १३४२ को क्षेत्रफल ०-७-२-३, कित्ता नं. १३२७ क्षेत्रफल ०-५-२-०, कित्ता नं. १७७१ को क्षेत्रफल ०-६-१-३, कित्ता नं. १३०७ को क्षेत्रफल ०-८-३-३, कित्ता नं. १७७७ को क्षेत्रफल ०-४-३-२, कित्ता नं. १३५९ को क्षेत्रफल ०-६-१-३, को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३. शेर बहादुर माझीको बुहारी, गुन्जे माझीको पत्नी सिन्धुपाल्चोक जिल्ला, चौतारा सांगाचोकगढी गा.पा/न.पा., वडा नं. १० स्थायी वतन भइ साठीमुरे बस्ने ना.प्र.प.नं. २४३०५४/६ को जारी मिति २०६३/१०/०५ (जि.प्र.का. सिन्धुपाल्चोक) रहेको **श्री राधा माझी।**	३. सोम बहादुर माझीको नाती शेर बहादुर माझीको छोरा सिन्धुपाल्चोक जिल्ला, सांगाचोक गा.पा/न.पा., वडा नं. ०१ स्थायी वतन भई साठीमुरे बस्ने ना.प्र.प.नं. ९७९२१ को जारी मिति २०५६/११/२० (जि.प्र.का. सिन्धुपाल्चोक) रहेको **श्री यज्ञ बहादुर माझी।** २. सोम बहादुर माझीको नाती शेर बहादुर माझीको छोरा सिन्धुपाल्चोक जिल्ला, सांगाचोक गा.पा/न.पा., वडा नं. ०१ स्थायी वतन भई साठीमुरे बस्ने ना.प्र.प.नं. ९७९२० को जारी मिति २०५६/११/२० (जि.प्र.का. सिन्धुपाल्चोक) रहेको **श्री गुन्जे माझी।**	३. यज्ञ बहादुर माझी/गुन्जे माझीको नाममा मालपोत कार्यालय चौतारा, सिन्धुपाल्चोक मा दर्ता रहेको सिन्धुपाल्चोक जिल्ला, सांगाचोक गा.वि.स./न.पा., वडा नं. १(एक) को कित्ता नं. १५५८ को क्षेत्रफल १-२-१-३, कित्ता नं. १५०३ को क्षेत्रफल १-५-१-१, कित्ता नं. १९९२ को क्षेत्रफल १-१२-२-१, कित्ता नं. ११६२ को क्षेत्रफल १-९-२-०, कित्ता नं. १५७२ को क्षेत्रफल ०-१५-३-२, कित्ता नं. १४३६ को क्षेत्रफल १-५-२-१ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
४. रामबाबुको बुहारी, सुवासचन्द्र जयसवालको पत्नी रौतहट जिल्ला, संग्रमपुर गा.पा/न.पा., वडा नं. ०९ स्थायी वतन भई पर्सा बस्ने ना.प्र.प.नं. ०३२३०९२/९८५ को जारी मिति २०६३/१०/१७ (जि.प्र.का. रौतहट,गौर) रहेको **श्री धर्मशीला देवी चौधरी।**	४. रामईश्वर साहको नाती, रामवावु प्रसादको छोरा रौतहट जिल्ला, संग्रमपुर गा.पा/न.पा., वडा नं. ०९ स्थायी वतन भई पर्सा बस्ने ना.प्र.प.नं. ४१३२ को जारी मिति २०५३/०२/२९ (जि.प्र.का. रौतहट, गौर) रहेको **श्री सुवासचन्द्र जयसवाल।**	४. **तारा देवी कलवार**को नाममा मालपोत कार्यालय **मलाही**मा दर्ता रहेको रौतहट जिल्ला, संग्रमपुर गा.वि.स./न.पा., वडा नं. २ को कित्ता नं. १८२० को .... वर्ग मि. ...... /क्षेत्रफल ०-२-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
५. चन्द्रशेखर झाँको बुहारी, सुनील कुमार झाँको पत्नी रौतहट जिल्ला, संग्रमपुर गा.पा/न.पा., वडा नं. ०८ स्थायी वतन भई पर्सा बस्ने ना.प्र.प.नं. ०३२३०९२/९२७ को जारी मिति २०६३/११/१७ (जि.प्र.का. रौतहट) रहेको **श्री चंचला देवी।**	५. बासदेव झाँको नाती, चन्द्रशेखर झाँको छोरा रौतहट जिल्ला, संग्रमपुर गा.पा/न.पा., वडा नं. ०८ स्थायी वतन भई पर्सा बस्ने ना.प्र.प.नं. ११३३ को जारी मिति २०४५/०१/१४ (जि.प्र.का. रौतहट) रहेको **श्री सुनील कुमार झाँ।**	५. **सुनील कुमार झाँ** को नाममा मालपोत कार्यालय मलाही मा दर्ता रहेको रौतहट जिल्ला, गम्हरीया गा.वि.स./न.पा., वडा नं. १(क) को कित्ता नं. ५४७ को क्षेत्रफल ०-०-१०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
६. खजान्ती राउत कुर्मीको बुहारी, शम्भु राउतको पत्नी रौतहट जिल्ला, संग्रमपुर गा.पा/न.पा., वडा नं. ०७ स्थायी वतन भई पर्सा बस्ने ना.प्र.प.नं. को जारी मिति २०३३/०५/१५ (जि.प्र.का. रौतहट.) रहेको **श्री उर्मीला देवी।**	६. फउदारको नाती, खजान्ती राउत कुर्मीको छोरा रौतहट जिल्ला, संग्रमपुर गा.पा/न.पा., वडा नं. ०७ स्थायी वतन भई पर्सा बस्ने ना.प्र.प.नं. १८०० को जारी मिति २०५६/०८/२० (जि.प्र.का. रौतहट) रहेको **श्री शम्भु राउत।**	६. **शम्भु राउत** को नाममा मालपोत कार्यालय मलाहीमा दर्ता रहेको रौतहट जिल्ला, संग्रमपुर गा.वि.स./न.पा., वडा नं. २ को कित्ता नं. १७७६ को ..... वर्ग मि. ... /क्षेत्रफल ०-४-५-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
७. काजीमान विश्वकर्माको नाती सक्तलाल विश्वकर्माको छोरा सुनसरी जिल्ला, बराहक्षेत्र गा.पा /न.पा., वडा नं. १० स्थायी वतन भइ प्रकाशपुर बस्ने ना.प्र.प.नं. ३३१२।१२ को जारी मिति २०४६/१२/०१ (जि.प्र.का सुनसरी) रहेको **श्री शालिक राम विश्वकर्मा।**	७. सिंहमानको नाती काजीमान विश्वकर्माको छोरा सुनसरी जिल्ला, मधुवन गा.पा /न.पा., वडा नं. ७ स्थायी वतनभई मधुवन बस्ने ना.प्र.प.नं. ३३१२।१२६को जारी मिति २०४६/१२/०१ (जि.प्र.का. सुनसरी) रहेको **श्री शालिक राम विश्वकर्मा।**	७. सक्तलाल विश्वकर्माको नाममा मालपोत कार्यालय इनरुवा सुनसरीमा दर्ता रहेको सुनसरी जिल्ला, भोक्राहा गाँउपालिका वडा नं. ७ (७ ज) को कित्ता नं ४१६ को वर्ग मि /क्षेत्रफल ०-१-१-० कोजग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
८. विर्सु उराव झागरको छोरी विशेश्वर उरावको पत्नी सुनसरी जिल्ला, मधुवन गा.पा/न.पा., वडा नं. ३ स्थायी वतन भई हाल नरसिङ बस्ने ना.प्र.प.नं. २।५३७।१३६१ को जारी मिति २०४३/०९/२४ (जि.प्र.का सुनसरी) रहेको **श्री रामवती उराव।**	८. धुपलाल उरावको नाती वशेश्वर उराँवको छोरा सुनसरी जिल्ला, नरसिंह गा.पा/न.पा., वडा नं. १ स्थायी वतन भई नरसिंङ बस्ने ना.प्र.प.नं. ०६१०४९।१६३१५३ को जारी मिति २०६८/०१/१४ (जि.प्र.का. सुनसरी) रहेको **श्री नविन उराँव।**	८. रामवती उराँवको नाममा मालपोत कार्यालय इनरुवा सुनसरीमा दर्ता रहेको सुनसरी जिल्ला, इनरुवा नगरपालिका वडा नं. ६ (६ग) को कित्ता नं ११९१ र कित्ता नं ११९५ को वर्ग मि./क्षेत्रफल ०-५-१६-० तथा क्षेत्रफल ०-२-११-० क्रमशको जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
९. लुचाइ उरावको बुहारी रामदेव उरावको पत्नी सुनसरी जिल्ला, डुम्राहा गा.पा/न.पा., वडा नं. ८ स्थायी वतन भइ बंकुलवा बस्ने ना.प्र.प.नं. १११९३५ को जारी मिति २०६३/०४/१० (जि.प्र.का सुनसरी) रहेको **श्री शान्ती उराव।**	९. चुलाई उरावको नाती लुचाई उरावको छोरा सुनसरी जिल्ला, डुम्राहा गा.पा/न.पा., वडा नं. ८ स्थायी वतन भई बंकुलवा बस्ने ना.प्र.प.नं. ४२६३२।४४६३२ को जारी मिति २०५५/०१/११ (जि.प्र.का. सुनसरी) रहेको **श्री रामदेव उराव।**	९. रामदेव उरावको नाममा मालपोत कार्यालय इनरुवा सुनसरीमा दर्ता रहेको सुनसरी जिल्ला, इनरुवा नगरपालिका वडा नं. ८ (८ग) को कित्ता नं ५९५ को वर्ग मि /क्षेत्रफल ०-२-५-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
१०. निर्मल परियारको छोरी विन्देश्वर परियारको पत्नी सुनसरी जिल्ला, इनरुवा गा.पा/न.पा., वडा नं. ५ स्थायी वतन भइ महेन्द्र चौक बस्ने ना.प्र.प.नं. ७६७।७१८ को जारी मिति २०४६/०३/१५ (जि.प्र.का सुनसरी) रहेको **श्री शुसिला देवी परियार।**	१०. परसुराम परियारको नाती विन्देश्वर परियारको छोरा सुनसरी जिल्ला, इनरुवा गा.पा/न.पा., वडा नं. ५ स्थायी वतन भई महेन्द्र चौक बस्ने ना.प्र.प.नं. ०६१०३७।११८०५ को जारी मिति २०६३/१२/२८ (जि.प्र.का. सुनसरी) रहेको **श्री विकास परियार।**	१०. विकास परियारको नाममा मालपोत कार्यालय इनरुवा सुनसरीमा दर्ता रहेको सुनसरी जिल्ला, इनरुवा नगरपालिका वडा नं. ५ (५क) को कित्ता नं ३१६६ को वर्ग मि/क्षेत्रफल ०-०-१०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
११. माधे माझीको बुहारी, सत्रजीत माझीको पत्नी मोरङ्ग जिल्ला,इन्द्रपुर (हाल सुन्दरहरैचा) गा.पा /न.पा., वडा नं. १ (हाल १२) स्थायी वतन भई सुन्दरहैचा १२,खोसनि बस्ने ना.प्र.प.नं. ०५३००५/व.१६८३ को जारी मिति २०६३/१२/२२ (जि.प्र.का. मोरङ्ग) रहेको **श्री गंगा देवी माझी।**	११. तुलाराम माझीको नाती, माधे माझीको छोरा मोरङ्ग जिल्ला, इन्द्रपुर गा.पा/न.पा., वडा नं. ०१ स्थायी वतन भई सुन्दरहैचा १२,खोसनि बस्ने ना.प्र.प.नं. ६७९५/११ को जारी मिति २०४६/०३/१९ (जि.प्र.का.मोरङ्ग) रहेको **श्री सत्रजीत माझी।**	११. **सत्रजीत माझी** को नाममा मालपोत कार्यालय बेलवारी,मोरङ्ग मा दर्ता रहेको मोरङ्ग जिल्ला, हरैचा गा.वि.स./न.पा., वडा नं. ९(९ज) को कित्ता नं.१९६८ र १९७१ को वर्ग मि. /क्षेत्रफल ०-१-३-२ र ०-१-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
१२. लक्ष्मण यादवको बुहारी, भुपेन्द्र प्रसाद यादवको पत्नी मोङ्ग जिल्ला, दर्वेशा (हाल रंगेली) गा.पा/न.पा., वडा नं. ५(हाल ९) स्थायी वतन भई रंगेली ९, फर्साडाँगी बस्ने ना.प्र.प.नं. ०५२०२४-६ को जारी मिति २०६४/०६/०३ (जि.प्र.का. मोरङ्ग) रहेको **श्री गिता देवी यादव।**	१२. लक्ष्मण यादव को नाती, भुपेन्द्र प्रसाद यादव को छोरा मोरङ्ग जिल्ला, दर्वेशा गा.पा/न.पा., वडा नं.०५ स्थायी वतन भई रंगेली ०९, फर्साडाँगी बस्ने ना.प्र.प.नं. ०५२०२४/ब.११० को जारी मिति २०६४/०९/१६ (जि.प्र.का. मोरङ्ग) रहेको **श्री मुन्ना यादव।**	१२. **गिता देवी यादव** को नाममा मालपोत कार्यालय रंगेली, मोरङ्गमा दर्ता रहेको मोरङ्ग जिल्ला, दर्वेशा गा.वि.स./न.पा., वडा नं. ५(५क) को कित्ता नं.१२३० को ३३८.६४ वर्ग मि. /क्षेत्रफल ०-१-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
१३. रक्सु झागरको बुहारी, अन्तराम झागरको पत्नी मोरङ्ग जिल्ला, केरौन (हाल कानेपोखरी) गा.पा/न.पा., वडा नं. ३ (हाल ०२) स्थायी वतन भई कानेपोखरी २, ढिकुवाडाँगी बस्ने ना.प्र.प.नं. ०५-०२-७३-०४४२२ को जारी मिति २०७३/०९/०५ (जि.प्र.का. मोरङ्ग) रहेको **श्री दिल कुमारी झागर।**	१३. टुनाई झागरको नाती, रक्सु झागरको छोरा मोरङ्ग जिल्ला, केरौन गा.पा/ न.पा., वडा नं. ०३ स्थायी वतन भई कानेपोखरी ०२, ढिकुवाडाँगी बस्ने ना.प्र.प.नं. ०५३०११/१९२ को जारी मिति २०६३/१२/२८ (जि.प्र.का. मोरङ्ग) रहेको **श्री अन्तराम झागर।**	१३. **अन्तराम झागर**को नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्ग मा दर्ता रहेको मोरङ्ग जिल्ला, केरौन गा.वि.स./न.पा., वडा नं. ३ (३ख) को कित्ता नं. ९५२ को ४७४.०२ वर्ग मि. / क्षेत्रफल ०-१-८-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
१४. जस बहादुर राईको बुहारी, युव राज राईको पत्नी मोरङ्ग जिल्ला, वयरवन (हाल कानेपोखरी) गा.पा/न.पा., वडा नं. ९ (हाल ७) स्थायी वतन भई कानेपोखरी ७, विहिवारे बस्ने ना.प्र.प.नं. ०५२०३३/३९० को जारी मिति २०६५/४/१३ (जि.प्र.का. मोरङ्ग) रहेको **श्री रचना खडका।**	१४. नर बहादुर राईको नाती, जस बहादुर राईको छोरा मोरङ्ग जिल्ला, वयरवन गा.पा/न.पा., वडा नं. ९ स्थायी वतन भई कानेपोखरी ७,विहिवारे बस्ने ना.प्र.प.नं. १८८९७ को जारी मिति २०६१/१०/०३ (जि.प्र.का. मोरङ्ग) रहेको **श्री युव राज राई।**	१४. **युवराज राई**को नाममा मालपोत कार्यालय बेलवारी, मोरङ्गमा दर्ता रहेको मोरङ्ग जिल्ला, बयरवन गा.वि.स./न.पा., वडा नं.८ (८ठ) को कित्ता नं. ८१८ को १३५४.५२ वर्ग मि. /क्षेत्रफल ०-४-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
१५. जितमान लिम्बुको बुहारी, मोहन प्रसाद लिम्बु को पत्नी धनकुटा जिल्ला, धनकुटा गा.पा/न.पा., वडा नं.१ त्रिसुले स्थायी वतन भई बस्ने ना.प्र.प.नं. १०२१/५२५६ को जारी मिति २०६९/०१/०६ (जि.प्र.का. धनकुटा) रहेको **श्री अन्जना लिम्बु।**	१५. जितमान लिम्बुको नाती, निरज लिम्बुको छोरा धनकुटा जिल्ला, धनकुटा गा.पा/न.पा., वडा नं. १ स्थायी वतन भई त्रिसुले बस्ने ना.प्र.प.नं. ०७-०१-७७-०२४२३ को जारी मिति २०७७/१२/०१ (जि.प्र.का.धनकुटा) रहेको **श्री निकेश लिम्बु**	१५. **अन्जना लिम्बु**को नाममा मालपोत कार्यालय धनकुटामा दर्ता रहेको धनकुटा जिल्ला, निगाले गा.वि.स./न.पा., वडा नं. ३ को कित्ता नं. १०२७ को वर्ग मि. ४८८/८७/क्षेत्रफल ०-१५-१-२ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
१६. जितमान लिम्बुको बुहारी, निरज लिम्बुको पत्नी धनकुटा जिल्ला, धनकुटा गा.पा/न.पा., वडा नं. १ स्थायी वतन भई त्रिसुले बस्ने ना.प्र.प.नं. १०३०/८५६ को जारी मिति २०६८/०९/१९ (जि.प्र.का. धनकुटा) रहेको **श्री सृजना लिम्बु।**	१६. जितमान लिम्बुको बुहारी, मोहन प्रसाद लिम्बु को पत्नी धनकुटा जिल्ला, धनकुटा गा.पा/न.पा., वडा नं.१ त्रिसुले स्थायी वतन भई बस्ने ना.प्र.प.नं. १०२१/५२५६ को जारी मिति २०६९/०१/०६ (जि.प्र.का. धनकुटा) रहेको **श्री अन्जना लिम्बु।**	१६. **सृजना लिम्बु**को नाममा मालपोत कार्यालय धनकुटामा दर्ता रहेको धनकुटा जिल्ला, निगाले गा.वि.स./न.पा., वडा नं. ३(३) को कित्ता नं. २९६१ को वर्ग मि. ३५६१/१८/क्षेत्रफल ७-०-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
१७. कपुर सिंह खडकाको बुहारी, देबेन्द्र बहादुर खडकाको पत्नी कैलाली जिल्ला, जानकी गा.पा /न.पा., वडा नं. ०१ स्थायी वतन भई दुगौली बस्ने ना.प्र.प.नं. ६७२०४१/६२२६८ को जारी मिति २०७३/०१/१४ (जि.प्र.का. कैलाली) रहेको **श्री रमिला खडका।**	१७. धर्म खडकाको नाती, कपुर सिहं खडकाको छोरा कैलाली जिल्ला, जानकी गा.पा/न.पा., वडा नं. ०१ स्थायी वतन भई दुगौली बस्ने ना.प्र.प.नं. ४२९०३ को जारी मिति २०६३/०४/१२ (जि.प्र.का. अछाम) रहेको **श्री देबेन्द्र बहादुर खडका।**	१७. रमिला खड्काको नाममा मालपोत कार्यालय टिकापुर कैलालीमा दर्ता रहेको कैलाली जिल्ला, जानकी गा.वि.स./न.पा., वडा नं. ०३ (दुगौली) को कित्ता नं. १२१८ को ३३८.६४ वर्ग मि. /क्षेत्रफल ०-१-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
१८. भिम बहादुर खत्रीको बुहारी, डम्मर बहादुर बस्नेतको छोरी, कृष्ण बहादुर खत्रीको पत्नी सुर्खेत जिल्ला, दहचौर गा.पा/न.पा., वडा नं. ०२, स्थायी वतन भई दहचौर बस्ने ना.प्र.प.नं. ४१२ को जारी मिति २०६१/०६/०५ (जि.प्र.का. काठमाण्डौ) रहेको **श्री ईन्द्रा खत्री।**	१८. संम्सेर बहादुर मल्लको नाती, नगेन्द्र बहादुर मल्लको छोरा सुर्खेत जिल्ला, दहचौर गा.पा/न.पा., वडा नं. ०२ स्थायी वतन भई दहचौर बस्ने ना.प्र.प.नं. ३००५२।४५६ को जारी मिति २०५४/०४/२९ (जि.प्र.का. सुर्खेत) रहेको **श्री ओकिल बहादुर मल्ल।**	१८. **ईन्द्रा खत्री**को नाममा मालपोत कार्यालय मेहेलकुना, सुर्खेतमा दर्ता रहेको सुर्खेत जिल्ला, घुमखहरे गा.वि.स./न.पा., वडा नं. ७ (...) को कित्ता नं. ७४३ को ४७५.०० वर्ग मि. /क्षेत्रफल ०-०-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
१९. गोबर्धन सार्की को नाती, ईन्द्रबिर सार्कीको नाती सुर्खेत जिल्ला, रामघाट गा.पा/न.पा., वडा नं. ०१, स्थायी वतन भई चिप्ले बस्ने ना.प्र.प.नं. ६४-०१-७०-०४२२५ को जारी मिति २०७०/०९/१२ (जि.प्र.का. सुर्खेत) रहेको **श्री खगेन्द्र बस्याल।**	१९. गोबर्धन सार्कीको नाती, ईन्द्रबिर सार्कीको नाती सुर्खेत जिल्ला, भेरीगंगा गा.पा/न.पा., वडा नं. ११, स्थायी वतन भई चिप्ले बस्ने ना.प्र.प.नं. ६४-०१-७५-०४७५९ को जारी मिति २०७५/०८/०४ (जि.प्र.का. सुर्खेत) रहेको **श्री बसन्त बस्याल।**	१९. **ईन्द्रबिर सार्की**को नाममा मालपोत कार्यालय मेहेलकुना, सुर्खेत मा दर्ता रहेको सुर्खेत जिल्ला, रामघाट गा.वि.स./न.पा., वडा नं. १(...) को कित्ता नं. २६८ को ११५७.५८ वर्ग मि. /क्षेत्रफल ०-०-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२०. ङे वाङ्दी नेगीको नाती, नुर्चङ तामाङ नेगीको छोरा रसुवा जिल्ला, नौकुण्ड गा.पा/न.पा., वडा नं. ६ स्थायी वतन भई सरर्स्यु बस्ने ना.प्र.प.नं. ४४७०।६५६ को जारी मिति २०६१/०८/१० (जि.प्र.का. रसुवा) रहेको **श्री जित बहादुर तामाङ**	२०. नुर्चङ तामाङ नेगीको बुहारी, जित बहादुर तामाङको पत्नी रसुवा जिल्ला, नौकुण्ड गा.पा/न.पा., वडा नं. ६ स्थायी वतन भई सरर्स्यु बस्ने ना.प्र.प.नं. ४४७१।७२८ को जारी मिति २०६१/०८/१० (जि.प्र.का.रसुवा) रहेको **श्री सोनाम बुटी नेगी।**	२०. नुर्चङ तामाङ नेगीको नाममा मालपोत कार्यालय रसुवामा दर्ता रहेको रसुवा जिल्ला, भार्ले गा.वि.स., वडा नं. २ को कित्ता नं. ४०१ को क्षेत्रफल ०-९-०-२, कित्ता नं. ५९१ को क्षेत्रफल ३-०-२-१, रसुवा जिल्ला, भार्ले गा.वि.स., वडा नं. ३ को कित्ता नं. २७८ को क्षेत्रफल ०-११-३-२, कित्ता नं. १०२४ को क्षेत्रफल ६-२-३-३, कित्ता नं. १०१५ को क्षेत्रफल १-१२-१-१, कित्ता नं. ११३२ को क्षेत्रफल ०-२-०-३, कित्ता नं. ११८५ को क्षेत्रफल ०-३-३-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२१. चन्द्र बहादुर सुनारको बुहारी, भिम बहादुर सुनारको पत्नी पाल्पा जिल्ला, तेल्घा गा.पा/न.पा., वडा नं. १ स्थायी वतन भई छापथोक बस्ने ना.प्र.प.नं. २।६५२९को जारी मिति २०६३/०७/१२ (जि.प्र.का. पाल्पा) रहेको **श्री शकुन्तला सुनार।**	२१. तेज बहादुर सुनारको नाती, चन्द्र बहादुर सुनारको छोरा पाल्पा जिल्ला, मदनपोखरा गा.पा/न.पा., वडा नं. ५ स्थायी वतन भई छापथोक बस्ने ना.प्र.प.नं. २६८२१ को जारी मिति २०४५/०३/०७(जि.प्र.का.पाल्पा) रहेको **श्री भिम बहादुर सुनार।**	२१. भिम बहादुर सुनारको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता रहेको पाल्पा जिल्ला, मदनपोखरा गा.वि.स./न.पा., वडा नं. ४ को कित्ता नं.६६२,५३,६६४ र ५५ को क्षेत्रफल ३-०-०-०, २-१२-१-१, ३-१०-२-० र ३-१०-२-२ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२२. रनविर रसालीको नाती, चुडामणी सुनारको छोरा पाल्पा जिल्ला, नायरनमतलेस गा.पा/न.पा., वडा नं. ८ स्थायी वतन भई नायर बस्ने ना.प्र.प.नं.२।२८५६ को जारी मिति २०६३।०३।०५ (जि.प्र.का.पाल्पा) रहेको **श्री तेज प्रसाद रसाली।**	२२. चुडामणी सुनारको नाती, तेज प्रसाद रसालीको छोरा पाल्पा जिल्ला, नायरनमतलेस गा.पा/न.पा., वडा नं. ८ स्थायी वतन भई नायर बस्ने ना.प्र.प.नं. २।४८९९ को जारी मिति २०६३।०५।१४ (जि.प्र.का. पाल्पा) रहेको **श्री किरण रसाली।**	२२. तेज प्रसाद रसालीको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता रहेको पाल्पा जिल्ला, नायरनमतलेस गा.वि.स./न.पा., वडा नं. ८ को कित्ता नं.२५६ र २४५ को क्षेत्रफल १-७-०-२ र ०-८-३-१ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२३. तारा प्रसाद आचार्यको बुहारी, शक्ति प्रसाद आचार्य उपाध्यायको पत्नी पाल्पा जिल्ला, चिदीपानी गा.पा /न.पा., वडा नं. ५ स्थायी वतन भई चिदिपानी बस्ने ना.प्र.प.नं. ३।३२९७४ को जारी मिति २०४६।१०।१५ (जि.प्र.का.पाल्पा) रहेको **श्री इन्दिरा देवी आचार्य।**	२३. नारायण प्रसाद आचार्यको नाती, तारा प्रसाद आचार्यको छोरा पाल्पा जिल्ला, चिदीपानी गा.पा/न.पा., वडा नं. ५ स्थायी वतन भई चिदीपानी बस्ने ना.प्र.प.नं. १५।२० को जारी मिति २०४४/१०/१३ (जि.प्र.का.पाल्पा) रहेको **श्री शक्ति प्रसाद आचार्य उपाध्याय।**	२३. शक्ति प्रसाद आचार्य उपाध्यायको नाममा मालपोत कार्यालय पाल्पामा दर्ता रहेको पाल्पा जिल्ला, चिदीपानी गा.वि.स./न.पा., वडा नं. ५ को कित्ता नं.९५६ र ७८३ को क्षेत्रफल ९-१२-१-२, र ३-५-३-२ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२४. भगलु सरदारको बुहारी, बासुदेव सरदारको पत्नी सप्तरी जिल्ला, रुपनगर गा.पा/न.पा., वडा नं. ७ स्थायी वतन भई परेमारा बस्ने ना.प्र.प.नं. १६३०१३/२६० को जारी मिति २०६१/११/२३ (जि.प्र.का. सप्तरी) रहेको **श्रीमती मैना कुमारी सरदार।**	२४. पन्ध सरदारको नाती, महिकर भगलु सरदार थारुको छोरा सप्तरी जिल्ला, पिप्र(पुर्व) गा.पा/न.पा., वडा नं. २ स्थायी वतन भई परेमाराबस्ने ना.प्र.प.नं. १६३०१२/१९० को जारी मिति २०६३/११/१५ (जि.प्र.का. सप्तरी) रहेको **श्रीबासुदेव सरदार।**	२४. बासुदेव सरदारको नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरी मा दर्ता रहेको सप्तरी जिल्ला, पिप्र (पुर्व) गा.वि.स./न.पा., वडा नं. १ को कित्ता नं. ४३१ को क्रमशः ३३८.६४ वर्ग मि. /क्षेत्रफल ०-१-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२५. जोखन प्रसाद यादबको नाति, कुम्बर लाल यादबको छोरा सप्तरीजिल्ला, जगतपुरगा.पा/न.पा., वडा नं. १ स्थायी वतन भई बेरियरबस्ने ना.प्र.प.नं. ४५२३ को जारी मिति २०५४/०३/२२(जि.प्र.का. सप्तरी) रहेको **श्री जर्नादन प्रसाद यादब।**	२५. सिताराम यादबको नाती, जोखनययादबको छोरा सप्तरी जिल्ला, जगतपुर गा.पा/न.पा., वडा नं. १ स्थायी वतन भई बेरियर बस्ने ना.प्र.प.नं. ४४१८०५०८ को जारी मिति २०५२/१२/०५ (जि.प्र.का. सप्तरी) रहेको **श्रीकुम्बर लाल यादब।**	२५. देवकी अहिरको नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरीमा दर्ता रहेको सप्तरी जिल्ला, जगतपुर गा.वि.स./न.पा., वडा नं. १ (१क) को कित्ता नं. ५२९ को ४७४०.८२ वर्ग मि. /क्षेत्रफल ०-१४-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२६. प्रताप सिहं राईको बुहारी, रत्न कुमार राईको पत्नी सप्तरी जिल्ला, रुपनगरगा.पा/न.पा., वडा नं. ३स्थायी वतन भई रुपनगरबस्ने ना.प्र.प.नं.१६३०१३/२१२ को जारी मिति २०६७/१०/२० (जि.प्र.का. सप्तरी) रहेको **श्रीमती निसा कुमारी राई।**	२६. मान बहादुर राईको नाती, प्रताप सिहं राईको छोरा सप्तरी जिल्ला, रुपनगरगा.पा/न.पा., वडा नं. ३ स्थायी वतन भई रुपनगर बस्ने ना.प्र.प.नं. ८०१६७२२६ को जारी मिति २०५९/०२/१९ (जि.प्र.का. सप्तरी) रहेको **श्री रत्न कुमार राई।**	२६. रत्न कुमार राईको नाममा मालपोत कार्यालय कन्चनपुर सप्तरीमा दर्ता रहेको सप्तरी जिल्ला, रुपनगर गा.वि.स./न.पा., वडा नं. ३(३) को कित्ता नं. १०१०को ७११.१४ वर्ग मि. /क्षेत्रफल ०-२-२-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२७. मोती मिया को नाति, सुभान मियाँको छोरा सप्तरी जिल्ला, रुपनगरगा.पा/न.पा., वडा नं. ४स्थायी वतन भई रुपनगरबस्ने ना.प्र.प.नं. ११९७/८०१६६८०१ को जारी मिति २०६३/०६/०८ (जि.प्र.का. सप्तरी) रहेको **श्री मो. नसिर मियाँ।**	२७.सुभान मियाँको बुहारी, म. नसिर मियाँको पत्नी सप्तरी जिल्ला, रुपनगरगा.पा/न.पा., वडा नं. ४ स्थायी वतन भई रुपनगर बस्ने ना.प्र.प.नं. ७०२७ को जारी मिति २०५६/०५/२४ (जि.प्र.का. सप्तरी) रहेको **श्रीमती नुरजहान खातुन।**	२७. नुरजहान खातुनको नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरीमा दर्ता रहेको सप्तरी जिल्ला, रुपनगर गा.वि.स./न.पा., वडा नं. ४(४घ) को कित्ता नं. ३१८ को ६७७.२८ वर्ग मि. /क्षेत्रफल ०-२-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२८. श्यामदेब खंग खत्बेको बुहारी, कृष्ण खंगको पत्नी सप्तरी जिल्ला, जगतपुर गा.पा/न.पा., वडा नं. ७ स्थायी वतन भई भौराहा बस्ने ना.प्र.प.नं. १६-०२-७५-०१२२१ को जारी मिति २०७५/०४/१६ (जि.प्र.का. सप्तरी) रहेको **श्रीमती बच्चु कुमारी खंग।**	२८. सुकदेव खंग खत्बेको नाती, श्यामदेव खंग खत्बेको छोरा सप्तरी जिल्ला, कन्चनरुप गा.पा/न.पा., वडा नं. ४ स्थायी वतन भई भौराहा बस्ने ना.प्र.प.नं. १६-०२-७३-०२५१७ को जारी मिति २०७३/१०/०३ (जि.प्र.का. सप्तरी) रहेको **श्री कृष्ण खंग।**	२८. श्याम देव खंग खत्वेको नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरीमा दर्ता रहेको सप्तरी जिल्ला, जगतपुर गा.वि.स./न.पा., वडा नं. १(१क) को कित्ता नं. ४७१,३३७ को ४२.३३,३४२.८७ वर्ग मि. /क्षेत्रफल ०-०-२.५-० , ०-१-०.२५-०को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
२९. रवि लाल पासमानको बुहारी, विनोद कुमार पासमानको पत्नी सप्तरी जिल्ला, कन्चनपुर गा.पा /न.पा., वडा नं. १ स्थायी वतन भई बेरियर बस्ने ना.प्र.प.नं. १६३००९-९२ को जारी मिति २०६३/१२/१२ (जि.प्र.का. सप्तरी) रहेको **श्रीमती चन्द्रिका देबी पासमान।**	२९. ठिठरको बुहारी, वसन्त कुमार पासमानको पत्नी सप्तरी जिल्ला, कन्चनपुर गा.पा/न.पा., वडा नं. १ स्थायी वतन भई बेरियर बस्ने ना.प्र.प.नं. १६-०२-७७-०१४३७ को जारी मिति २०७७/०८/२६ (जि.प्र.का. सप्तरी) रहेको **श्रीमती सुनिता देवि पासमान।**	२९. विनोद कुमार पासमानको नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरी मा दर्ता रहेको सप्तरी जिल्ला, कन्चनपुर गा.वि.स./न.पा., वडा नं. १(१) को कित्ता नं. ८७३ को ३५५.५७ वर्ग मि. /क्षेत्रफल ०-१-१-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३०. चुल्हाई लेखिको बुहारी, विरेन्द्र कुमार लेखिको पत्नी सप्तरी जिल्ला, कमलपुरगा.पा/न.पा., वडा नं. ७ थायी वतन भई मलेठ बस्ने ना.प्र.प.नं. ४०८१ को जारी मिति २०५५/०७/१५ (जि.प्र.का. सप्तरी) रहेको **श्रीमती संगिता कुमारी चौधरी।**	३०. लकरु लेखिको नाती, चुल्हाई लेखिको छोरा सप्तरी जिल्ला, कमलपुरगा.पा/न.पा., वडा नं. ९ स्थायी वतन भई मलेठ बस्ने ना.प्र.प.नं. १६-३७५८ को जारी मिति २०४६/०२/२४ (जि.प्र.का. सप्तरी) रहेको **श्री विरेन्द्र कुमार लेखि।**	३०. विरेन्द्र कुमार लेखिको नाममा मालपोत कार्यालय कन्चनपुर, सप्तरीमा दर्ता रहेको सप्तरी जिल्ला, कमलपुर गा.वि.स./न.पा., वडा नं. ९(९क) को कित्ता नं. ४१९,६०० को ३३८.६४, २६२.४५ वर्ग मि. /क्षेत्रफल ०-१-०-० , ०-०-१५.५-०को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३१. दिलिप कुमार चौधरीको नाति, रक्सु चौधरीको छोरा सप्तरी जिल्ला, जण्डोल गा.पा/न.पा., वडा नं. ४थायी वतन भई जण्डोलबस्ने ना.प्र.प.नं. २३३१ को जारी मिति २०६१/०७/२२ (जि.प्र.का. सप्तरी) रहेको **श्रीमती शकुन्तला कुमारी चौधरी।**	३१. शंख चौधरीको बुहारी, गोपाल चौधरीको पत्नी सप्तरी जिल्ला, बरमझिया गा.पा/न.पा., वडा नं. ८ स्थायी वतन भई बरमझिया बस्ने ना.प्र.प.नं. ०३२०२७२२ को जारी मिति २०४५/०२/०७ (जि.प्र.का. सप्तरी) रहेको **श्रीमती रतनी देबी थरुनी।**	३१. जोखनी देबी थरुनीको नाममा मालपोत कार्यालय राजविराज, सप्तरी मा दर्ता रहेको सप्तरी जिल्ला, जण्डोल गा.वि.स./न.पा., वडा नं. ५(५क) को कित्ता नं. ८७ को ३२६७.८७ वर्ग मि. /क्षेत्रफल ०-९-१३-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३२. महिकर चौधरी थारुको बुहारी, सन्तोष कुमार चौधरीको पत्नी सप्तरी जिल्ला, बकधुवा गा.पा /न.पा., वडा नं. ९ स्थायी वतन भई जण्डौल बस्ने ना.प्र.प.नं. १६१०१४/४१६ को जारी मिति २०६८/१०/२३ (जि.प्र.का.सप्तरी) रहेको **श्री संगिता कुमारी लेखी।**	३२. पर्मि चौधरीको नाती, महिकर चौधरी थारुको छोरा सप्तरी जिल्ला, जण्डौल गा.पा/न.पा., वडा नं. २ स्थायी वतन भई जण्डौल बस्ने ना.प्र.प.नं. १६३०२७/२८६ को जारी मिति २०६३/१०/०५ (जि.प्र.का. सप्तरी) रहेको **श्री सन्तोष कुमार चौधरी।**	३२. महिकर चौधरी थारुको नाममा मालपोत कार्यालय राजविराजमा दर्ता रहेको सप्तरी जिल्ला, जण्डौल गा.वि.स./न.पा., वडा नं. ५(५क) को कित्ता नं. १००९,१०१३ को क्रमशः २५९८.९६, २५१४.३२ वर्ग मि. /क्षेत्रफल ०-७-१३.५-०, ०-७-८.५-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३३. राम बहादुर चौधरीको बुहारी, को पत्नी लिलाकान्त कुमार चौधरी सप्तरी जिल्ला, जण्डौल गा.पा/न.पा., वडा नं. ७ स्थायी वतन भई जण्डौल बस्ने ना.प्र.प.नं. १६३०२७/२५९ को जारी मिति २०६३/१०/०५ (जि.प्र.का. सप्तरी) रहेको **श्री ललिता कुमारी लेखी।**	३३. लुटन चौधरीको नाती, राम बहादुर चौधरी थारुको छोरा सप्तरी जिल्ला, ठेलीया गा.पा/न.पा., वडा नं. २ स्थायी वतन भई ठेलीया बस्ने ना.प्र.प.नं. १६२०१८/५४७ को जारी मिति २०७०/०३/२४ (जि.प्र.का. सप्तरी) रहेको **श्री लिलाकान्त कुमार चौधरी।**	३३. राम बहादुर चौधरी थारुको नाममा मालपोत कार्यालय कन्चनपुर मा दर्ता रहेको सप्तरी जिल्ला, ठेलीया गा.वि.स./न.पा., वडा नं. २(२) को कित्ता नं. ७१२ को वर्ग मि. /क्षेत्रफल ०-१-१४-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३४. अकालु तबदार थारुको बुहारी, भागेश्वर तवदार को पत्नी मोरङ जिल्ला, लखन्तरी गा.पा/न.पा., वडा नं. ०४ स्थायी वतन भई लखन्तरी बस्ने ना.प्र.प.नं. ५।१५४५ को जारी मिति २०६१/१२/०२ (जि.प्र.का. मोरङ) रहेको **श्रीमती श्यमवती देवि तवदार।**	३४. बेदलु तबदारको नाती, अकालु तवदारको छोरा मोरङ जिल्ला, लखन्तरी गा.पा/ न.पा., वडा नं. ४ स्थायी वतन भई लखन्तरी बस्ने ना.प्र.प.नं. ५४९७३ को जारी मिति २०५७/१०/०९ (जि.प्र.का. मोरङ) रहेको **श्री भागेश्वर तवदार।**	३४. श्यामवती देवी तवदारको नाममा मालपोत कार्यालय विराटनगर मोरङमा दर्ता रहेको मोरङ जिल्ला, लखन्तरी गा.वि.स./न.पा., वडा नं. ८ (१७८०४२६) को कित्ता नं. २५८ को ४५६० वर्ग मि./क्षेत्रफल ०-१३-९.३२-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३५. भमर लाल खवासको बुहारी, पती लाल खवासको पत्नी मोरङ जिल्ला, डग्राहा गा.पा/न.पा., वडा नं.९ स्थायी वतन भई बाँसबारी बस्ने ना.प्र.प.नं. ३७९४।४ को जारी मिति २०४८/०१/२६ (जि.प्र.का. मोरङ) रहेको सु**श्री गायत्री कुमारी खवास।**	३५. क) टोकै खवास को नाती, भमर लाल खवासको छोरा मोरङ जिल्ला, हरैचा गा.पा/न.पा., वडा नं. ०८ स्थायी वतन भई बाँसबारी बस्ने ना.प्र.प.नं.८३० को जारी मिति २०४२/१०/०१ (जि.प्र.का. मोरङ) रहेको **श्री पती लाल खवास।** २. ख) भमर लाल खवासको नाती, पतीलाल खवासको छोरा मोरङ जिल्ला, टंकिसीनुवारी गा.पा/न.पा., वडा नं. ०४ स्थायी वतन भई बाँसबारी बस्ने ना.प्र.प.नं.०५१०१८।९४२ को जारी मिति २०६८/०४/०६ (जि.प्र.का. मोरङ .) रहेको **श्री नारायण खवास।**	३५. गायत्री कुमारी खवासको नाममा मालपोत कार्यालय विराटनगर मोरङ मा दर्ता रहेको मोरङ जिल्ला, टंकिसीनुवारी गा.वि.स./न.पा., वडा नं.४.(४/क) को कित्ता नं. ६२३ को १८६.२५ वर्ग मि./क्षेत्रफल ०-०-११-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३६. लज नारायण खवासको बुहारी, संजिव कुमार खवासको पत्नी मोरङ जिल्ला, ग्रामथान गा.पा/न.पा., वडा नं.६ स्थायी वतन भई बाँसबारी बस्ने ना.प्र.प.नं.०५-०१-७१-२९६७६ को जारी मिति २०७१/०६/०७ (जि.प्र.का. मोरङ) रहेको **श्रीमती राखी कुमारी खवास।**	३६. जित नारायण खवासको नाती, लज नारायण खवासको छोरा मोरङ जिल्ला, बनीगामा गा.पा /न.पा., वडा नं. ०२ स्थायी वतन भई बाँसबारी बस्ने ना.प्र.प.नं.०५१०३१।१३३ को जारी मिति २०६६/१०/२७ (जि.प्र.का. मोरङ) रहेको **श्री संजिव कुमार खवास।**	३६. राखी कुमारी खवासको नाममा मालपोत कार्यालय विराटनगर मोरङमा दर्ता रहेको मोरङ जिल्ला, टंकिसीनुवारी गा.वि.स./न.पा., वडा नं.०७ (७क) को कित्ता नं.११५९ को १८६.२५ वर्ग मि./क्षेत्रफल ०-०-८-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३७. गौर बहादुर बुस्नेतको छोरी, भोला बहादु खड्काको पत्नी मोरङ जिल्ला, बुढीगंगा गा.पा/न.पा., वडा नं. ५ स्थायी वतन भई हात्तीमुढा बस्ने ना.प्र.प.नं. ०५।४९०८।२९ को जारी मिति २०४५/०२/२४ (जि.प्र.का. मोरङ) रहेको **श्रीमती डोमी कुमारी खड्का।**	३७. को नाती, को छोरा पदम बहादुर खड्का जिल्ला, मोरङ, हात्तीमुढा गा.पा/न.पा., वडा नं. ३ स्थायी वतन भई हात्तीमुडा बस्ने ना.प्र.प.नं. ४६६६ को जारी मिति २०४५/०२/२० (जि.प्र.का. मोरङ) रहेको **श्री भोला बहादुर खड्का।**	३७. **डोमी कुमारी खड्का**को नाममा मालपोत कार्यालय विराटनगरमा दर्ता रहेको मोरङ जिल्ला, हात्तीमुढा गा.वि.स./न.पा.,वडाल नं. २ (१७८०३४६) को कित्ता नं.४४७ को २२८२.३६ वर्ग मि./क्षेत्रफल ०-६-१४.८-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।
३८. गोधलु माझी थारुको बुहारी, परशुराम माझी थारुको पत्नी सुनसरी जिल्ला, भलुवा गा.पा/न.पा., वडा नं.२ स्थायी वतन भई डंग्राहा बस्ने ना.प्र.प.नं. ४५०४६।४७९०४६ को जारी मिति २०५५/०८/०९ (जि.प्र.का. सुनसरी) रहेको **श्रीमती सिरिस कुमारी तब्दार।**	३८. पुतन लाल माझीको नाती, गोधलु माझी थारुको छोरा मोरङ जिल्ला, डंग्राहमा गा.पा/न.पा., वडा नं. ०३ स्थायी वतन भई डंग्राहा बस्ने ना.प्र.प.नं.२२१०९ को जारी मिति २०५२/०८/१० (जि.प्र.का. मोरङ) रहेको **श्री परशुराम माझी थारु।**	३८. कलर देवि भन्ने कलरनी थारुको नाममा मालपोत कार्यालय विराटनगरमा दर्ता रहेको मोरङ जिल्ला, डंग्राहा गा.वि.स./न.पा., वडा नं.०३ (३क) को कित्ता नं.२१७ को १८२८.५९ वर्ग मि./क्षेत्रफल ०-५-८-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत।

क्रमशः पृष्ठ ६ मा

अर्थ पत्रिका
नयाँ पत्रिका
शुक्रबार २२ मंसिर ०८०

दूध किसानको आठ अर्ब बक्यौता उठ्न कठिन

डिडिसीसँग ४० करोड ६७ लाख ५० हजार, डेरी एसोसिएसनमातहतका उद्योगसँग एक अर्ब ४१ करोड ७८ लाख र डेरी उद्योग संघमातहतका उद्योगीसँग सात अर्ब ६० करोडबराबरको दुग्ध पदार्थ मौज्दात रहेकाले तिर्न नसकेको जिकिर

भरतपुरमा **विवेक पोखेल**
काठमाडौंमा **अजित अधिकारी**

देशभरका ६ लाख किसानले दूध बिक्री गरेबापत पाउनुपर्ने करिब आठ अर्ब भुक्तानी पाउन सकेका छैनन् । किसानबाट उठाएको दूध बजारमा बिक्री गर्न नसकी उद्योगको गोदाममै थन्क्याएर राख्नुपरेको जिकिर गर्दै उद्योगीले ठूलो रकम बक्यौता राखेका हुन् ।

राष्ट्रिय दुग्ध किसान सहकारी संघ लिमिटेडका अध्यक्ष अमर कुँवरका अनुसार १६ असारदेखि किसानले दूध बिक्री गरेको रकम पाउन सकेका छैनन् । 'थोरै किसानले १६ असारदेखि रकम पाउन सकेका छैनन् भने बाँकी सबैले साउनदेखि दूध बिक्री गरेको पैसा पाएका छैनन्,' उनले गुनासो गरे ।

किसानले स्थानीय सहकारीमा दूध बिक्री गर्ने गर्छन् । संकलन केन्द्रका रूपमा रहेका सहकारीले चिस्यान केन्द्रसमेत सञ्चालन गरेका छन् र त्यहींबाट विभिन्न उद्योगले ठूलो परिमाणमा दूध उठाउँछन् । उद्योगले प्रत्येक १५ दिनमा किसानको रकम भुक्तानी दिन सहकारीलाई पैसा पठाउने र सहकारीमार्फत किसानले रकम पाउने गरेका थिए । तर, उद्योगले नौ अर्ब ४२ करोड ४५ लाख ५० हजार रुपैयाँबराबरको घिउ, बटर, पनिर, आइसक्रम, चिजलगायतका दुग्ध पदार्थ मौज्दात गर्नुपरेकाले नगद अभाव भई किसानको भुक्तानी गर्न नसकेको जिकिर गर्दै आएका छन् ।

राष्ट्रिय दुग्ध विकास बोर्डले संकलन गरेको तथ्यांकअनुसार सरकारी स्वामित्वको दुग्ध विकास संस्थान (डिडिसी)सँग ४० करोड ६७ लाख ५० हजार, डेरी एसोसिएसनमातहतका उद्योगसँग एक अर्ब ४१ करोड ७८ लाख र डेरी उद्योग संघमातहतका उद्योगीसँग सात अर्ब ६० करोडबराबरको दुग्ध पदार्थ मौज्दात रहेको छ ।

कृषि तथा पशुपक्षी विकासमन्त्री डा. बेदुराम भुसालले गत असोजदेखि किसानको बक्यौता दिलाउन प्रयास गरे पनि असफल भएको बताए । 'किसानको पैसा दिनुस् भनेर कतिपटक भनिसकेँ । तर, उद्योगीहरू पैसा छैनन् मात्र भन्छन्,' उनले भने, 'गोदाममा अर्बौंको दुग्ध पदार्थ मौज्दात छ भन्छन् । त्यही मौज्दात सामान बैंकमा धितो राखेर भए पनि किसानको पैसा दिनु भनेर पछिल्लो समय निर्देशन दिएको छु ।'

मन्त्रालयसँगको निरन्तर संवादका कारण उद्योगहरूले किसानबाट दूध उठाउन भने नछाडेको उनले बताए । 'दूध बिक्री नभएपछि किसानबाट दूध नउठ्ने चिन्ता थियो, तर उद्योगीलाई सबै किसानको दूध उठाउनु भनेका छौं,' मन्त्री भुसालले भने । दुग्ध सहकारी संघका अनुसार देशभर रहेका ६ लाख दुग्ध किसानमध्ये पाँच लाख साना किसान हुन् । यस्ता किसानले दूध बेचेरै जीविकोपार्जन गर्ने भएकाले लामो समयदेखि पैसा नपाउँदा सकसमा पर्न थालेको संघका अध्यक्ष कुँवरले जानकारी दिए ।

'दूध बेचेको पैसा लामो समयदेखि नपाउँदा साना किसानको जीविकोपार्जनमा धेरै समस्या भइसक्यो,' उनले भने, 'एउटै फार्ममा पाँच सय गाई-भैंसी राखेका ठूला किसानलाई पनि बैंकको ब्याज तिर्न ताकेता गरिरहेका छन् ।' उनले जतिसक्दो छिटो किसानको पैसा भुक्तानीका लागि पहल गरिदिन मन्त्रालयसँग आग्रह गरे पनि सुनुवाइ नभएको गुनासो गरे ।

किसानले ४ प्रतिशत चिल्लो पदार्थ र ८ प्रतिशत ठोस पदार्थ भएको दूध अहिले प्रतिलिटर ६५ रुपैयाँमा बिक्री गर्दै आएका छन् । केही समयअघि दूध अभाव हुँदा भने उद्योगीहरूबीच प्रतिस्पर्धा भई किसानले प्रतिलिटर ७८ रुपैयाँसम्ममा पाउने गरेका थिए ।

कृषि मन्त्रालयका सचिव डा. रेवतीरमण पौडेलले उद्योगसँग मौज्दात रहेको दुग्ध पदार्थ बिक्री सुरु भएपछि मात्रै किसानको भुक्तानी सुरु हुने देखिएको बताए । 'यो विषयमा पटक-पटक छलफल भएको छ । फागुनदेखि मौज्दातमा रहेको दुग्ध पदार्थको बिक्री सुरु हुने र किसानले पैसा पाउने क्रम सुरु हुने देखिन्छ,' उनले भने ।



चितवनको भरतपुर- १३ मा रहेको उज्ज्वल दुग्ध सहकारीमा दूध संकलन गर्दै किसान ।

मौज्दात बैंकमा राखेर भए पनि किसानको पैसा दिनु भनेको छु



● **डा. बेदुराम भुसाल**, मन्त्री, कृषि तथा पशुपक्षी विकास

किसानको उधारो बढ्न थालेपछि मन्त्रालयमा सरोकारवाला सबै पक्ष राखेर बारम्बार छलफल गरेको छु । सो छलफलमा किसानको पैसा छिटो दिनुपर्‍यो भनेर कति भनियो, भनियो । तर, उद्योगीले दिन सकेका छैनन् । उद्योगमा रहेको दुग्ध पदार्थ सबै बैंकमा धितो राखेर पैसा निकाल्ने र किसानको पैसा दिने भनेर निर्देशन दिएको छु ।

स्टकको सामान बेचेर किसानलाई पैसा दिन्छौं



● **सुमित केडिया**, पूर्वअध्यक्ष, डेरी उद्योग संघ

गत वर्ष जाडो महिनाभर कन्भर्सन गरेको पाउडर गर्मीमा सक्नुपर्ने थियो, तर दूधको खपत घटेका कारण गर्त वर्षको पाउडर नै नसकिएका वेला यो वर्ष थप पाउडर बनाएर गोदाममा थन्क्याउनुपरेको छ । जसकारण किसानको पैसा दिन सकिएको छैन । अब फागुन महिनादेखि पाउडरको प्रयोग बढ्छ र पैसासमेत संकलन भई किसानको पैसा दिन थाल्नेछौं ।

■ गत वैशाखमा दूध नपुगेर आयात गर्न खोजेका थिए उद्योगीले

गत वैशाखमा दूध उत्पादन अपुग भएकाले भारतबाट आयात गर्न उद्योगी र दुग्ध विकास संस्थान (डिडिसी) का प्रतिनिधिले लबिङ गरेका थिए । त्यतिवेला भर्खरै कृषि तथा पशुपक्षी विकासमन्त्री नियुक्त भएका डा. बेदुराम भुसालले मानेका थिएनन् । 'म मन्त्री भएर आउनासाथ दूध उत्पादनले पुगेन, भारतबाट ल्याउन सीताराम डेरीका सञ्चालक तथा डेरी एसोसिएसनका पूर्वअध्यक्ष सुमित केडियाले मौज्दातमा रहेको दुग्ध पदार्थ बिक्री हुन नसक्दा पैसा दिन नसकेको बताए । 'हामीलाई सफ्ट लोन मिलाइदिनुस् भन्दा पनि सरकारले चासो दिएको छैन । त्यसैले अब गोदाममा रहेको दुग्ध पदार्थको बिक्री फागुनदेखि सुरु भएपछि भुक्तानीलाई निरन्तरता दिन सकिने देखिन्छ,' उनले भने ।

■ किसानसँग दाना खुवाउने पैसासमेत सकियो

चितवनको भरतपुर- २३, जगतपुरका किसान वीरप्रसाद चालिसेले गाई-भैंसीको दाना-चोकर खुवाउने पैसाको अभाव हुन थालेको बताए । 'व्यापारीलाई नगद नदिई दाना-चोकर पाइँदैन, तर दूध बेचेको पैसा नपाउँदा गाई-भैंसीलाई दाना खुवाउन पनि मुस्किल पर्दै गएको छ । अर्कोतिर नौजनाको परिवारको खर्च चलाउनै मुस्किल भएको छ,' उनले भने ।

भरतपुर- १३, चम्पनागरकी ४३ वर्षकी विष्णुमाया तिमिल्सेनाले पनि यस्तै समस्या भोगिरहेकी छिन् । दर्सै-तिहारमा भुक्तानी पाउने आस गरेकी उनले अहिलेसम्म पैसा नपाउँदा घरखर्च चलाउनै मुस्किल भएको दुःखेसो गरिन् ।

'दूध बेचेको दुई महिनाको पैसा बाँकी छ । दूध बिक्रीबाट आएको पैसाले नै घरमा नुनतेल जोड्ने गर्छौं,' उनले भनिन्, 'समयमा भुक्तानी नआउँदा घर चलाउन नै मुस्किल भएको छ ।'

भरतपुरस्थित उज्ज्वल दुग्ध उत्पादक सहकारी संघका अध्यक्ष होमनाथ सुवेदीका अनुसार असार मसान्तदेखि सुजल डेरीले भुक्तानी दिएको छैन । साउनको मात्रै तीन लाख बाँकी छ । 'भदौदेखि अहिलेसम्म एक रुपैयाँ पनि आएको छैन,' उनले भने, 'मूल्य पनि प्रतिलिटर ६८ रुपैयाँभन्दा दिन्नौं भनेर पत्र पठाएको छ । जुन राज्यले तोकेको भन्दा कम हो ।'

किसानले ६५ रुपैयाँ र सहकारीले ३.६९ रुपैयाँ गरेर उद्योगीबाट कुल ६८.६९ रुपैयाँ पाउने गरी सरकारले गरेको निर्णयअनुसार अहिले उद्योगले पैसा दिन आनाकानी गर्दै आएका छन् । चितवनका दूध किसानको मात्रै २१ करोड बाँकी रहेको जिल्ला दुग्ध उत्पादक सहकारी संघ, चितवनका अध्यक्ष किशोर बगालेले जानकारी दिए । चितवनमा दैनिक साढे तीन लाख लिटर दूध उत्पादन हुने गरेकामा विभिन्न उद्योगले डेढ लाख लिटर उठाउने गरेका छन् ।

अर्थतन्त्र सुधारका लागि नयाँ घोषणा गर्ने तयारीमा प्रधानमन्त्री



काठमाडौं/ प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले अर्थतन्त्र सुधारका लागि नयाँ घोषणा गर्ने तयारी गरिरहेको बताएका छन् । तथ्यांक हेर्दा अर्थतन्त्रमा सुधारको अनुभूति हुँदै गए पनि व्यवहारमा आमजनतामा आशाको सञ्चार सिर्जना गर्न अझै मिहिनेत गर्नुपर्ने देखिएको उल्लेख गर्दै उनले त्यसका लागि बृहत् कार्यक्रम र नयाँ घोषणा गर्ने तयारी गरेको बताएका हुन् ।

राष्ट्रिय व्यावसायिक पहल (एनबिआई)को आयोजनामा बिहीबारदेखि सुरु भएको चौथो संस्करणको जिम्मेवार व्यवसाय सम्मेलनलाई सम्बोधन गर्दै प्रधानमन्त्रीले अर्थतन्त्रको दबाबलाई चिर्न आफूले प्रयास गरिरहेको र त्यसमा सघाउन निजी क्षेत्रलाई आह्वानसमेत गरेका छन् ।

'अर्थतन्त्रको क्षेत्रमा विद्यमान दबाबलाई चिर्न र देशभित्र लगानीमैत्री वातावरणसहित अर्थतन्त्रमा आशाको रक्तसञ्चार गर्न मैले लगातार प्रयास गर्दै आएको छु,' उनले भने, 'अन्तर्क्रियापछि केही महत्त्वपूर्ण घोषणाहरूसमेत गरिएको छ । मेरो विश्वास छ, अन्तर्क्रिया र घोषणाले अर्थतन्त्रमा सुधार ल्याउन महत्त्वपूर्ण भूमिका खेल्नेछ ।'

प्रधानमन्त्रीले अर्थतन्त्रलाई चलायमान बनाउन विभिन्न आर्थिक कार्यक्रम अगाडि सारेको बताउँदै अझ मिहिनेत गर्ने बताए ।

४० मेगावाट विद्युत् किन्ने प्रस्ताव बंगलादेशको सरकारबाट स्वीकृत

काठमाडौं/ बंगलादेशको सरकारले नेपालबाट ४० मेगाावाट विद्युत् किन्ने प्रस्ताव स्वीकृत गरेको छ । भारतीय प्रसारणलाइन प्रयोग गरेर नेपालबाट सोबराबरको विद्युत् किन्ने निर्णय बंगलादेशले गरेको हो ।

बुधबार सम्पन्न बंगलादेशको आर्थिक मामिलासम्बन्धी मन्त्रिपरिषद्ले नेपालबाट विद्युत् किन्ने प्रस्ताव स्वीकृत गरेको त्यहाँको न्यु एज बिजनेसमा समाचार छ । प्रत्यक्ष खरिद प्रक्रियाबाट नेपालबाट विद्युत् किन्ने गरी मन्त्रिपरिषद्ले स्वीकृत गरेको हो । बैठकको अध्यक्षता त्यहाँका अर्थमन्त्री आह्म मुस्तफा कमलले गरेका थिए । नेपालको ऊर्जा जलस्रोत तथा सिँचाइ मन्त्रालयका प्रवक्ता नवीनराज सिंहले पनि बंगलादेशले नेपालबाट विद्युत् किन्ने प्रस्ताव स्वीकृत गरेको अनौपचारिक जानकारी आएको बताए । सम्भवतः अब छिट्टै यसको औपचारिक जानकारी आउने उनको विश्वास छ ।

योसँगै अब बंगलादेशमा विद्युत् निर्यात गर्ने प्रक्रिया अन्तिम चरणमा पुगेको उनको भनाइ छ ।

Global IME Bank
ग्लोबल आइएमई बैंक लि.
सबैका लागि बैंक

ऋणीको विवरण	जमानी दिनेको विवरण	धितोको विवरण
३९. पुर्न सिंह सुनारको बुहारी, टेक बहादुर सुनारको पत्नी, बर्दिया जिल्ला, गुलरिया गा.पा/न.पा., वडा नं. ६ स्थायी वतन भई तुलापुर बस्ने ना.प्र.प.नं. १६०३३ को जारी मिति २०६०/१०/१५ (जि.प्र.का.बर्दिया) रहेको **श्री निर्मला सुनार ।**	३९. नौर सिंह सुनारको नाती, पुर्न सिंह सुनारको छोरा टेक बहादुर सुनार जिल्ला, बर्दिया गुलरिया गा.पा/न.पा., वडा नं. ६ स्थायी वतन भई तुलापुर बस्ने ना.प्र.प.नं. ५३९९को जारी मिति २०५६/१५/२७ (जि.प्र.का. बर्दिया) रहेको **श्री टेक बहादुर सुनार ।**	३९. **निर्मला सुनार**को नाममा मालपोत कार्यालय गुलरियामा दर्ता रहेको बर्दिया जिल्ला, बर्दिया गा.वि.स./न.पा., वडा नं. ८ को कित्ता नं. ४२३३ को १३५.४६ वर्ग मि./क्षेत्रफल ०-०-८-० को जग्गा र सो जग्गामाबनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४०. राज कमार सहनीको नाती, मंसी सहनीको छोरा बारा जिल्ला, दोहरी गा.पा/न.पा., वडा नं. ०६ स्थायी वतन भई बकुलहर बस्ने ना.प्र.प.नं. ३३१०५७/२२२८६ को जारी मिति २०६८/०९/०१ (जि.प्र.का. बारा) रहेको **श्री श्याम सुन्दर सहनी ।**	४०. महन्थ सहनीको नाती, राज कुमार सहनीको छोरा बारा जिल्ला, दोहरी गा.पा/न.पा., वडा नं. ०६ स्थायी वतन भई बकुलहर बस्ने ना.प्र.प.नं. ७३९/२८८९१२८५ को जारी मिति २०३८/०२/०४ (जि.प्र.का. बारा) रहेको **श्री मंसी सहनी ।**	४०. **रुकमिनीया मलाहिन**को नाममा मालपोत कार्यालय कलैया,बारा मा दर्ता रहेको बारा जिल्ला, दोहरी गा.वि.स./न.पा., वडा नं.(०६) को कित्ता नं.१२१,१२४ को ..... वर्ग मि. ... /क्षेत्रफल ०-२-५-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४१. बैजनाथ चमारको बुहारी, राजेन्द्र महरा चमारको पत्नी बारा जिल्ला, भोडाहा गा.पा/न.पा., वडा नं.०९ स्थायी वतन भई मदिलवा बस्ने ना.प्र.प.नं. ३३५१९/१४२१०८९२ को जारी मिति २०३५/०२/२३ (जि.प्र.का.बारा.) रहेको **श्री हिरमुनिया चमइन ।**	४१. ईशर महराको नाती, बैजनाथ चमारको छोरा बारा जिल्ला, भोडाहा गा.पा/न.पा., वडा नं. ०९ स्थायी वतन भई मदिलवा बस्ने ना.प्र.प.नं. ७१५/०९७४ को जारी मिति २०४५/०१/२५ (जि.प्र.का. बारा) रहेको **श्री राजेन्द्र महरा चमार ।**	४१. **हिरमुनीया चमइन** को नाममा मालपोत कार्यालय कलैया,बारा मा दर्ता रहेको बारा जिल्ला, भोडाहा गा.वि.स./न.पा., वडा नं. .(०९) को कित्ता नं.१५८५ को ..... वर्ग मि. ... /क्षेत्रफल ०-२-०-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४२. सिताराम चौधरीको बुहारी, अमित कुमार चौधरीको पत्नी बारा जिल्ला, भोडाहा गा.पा/न.पा., वडा नं.०१. स्थायी वतन भई भोडाहा बस्ने ना.प्र.प.नं. २१७३ को जारी मिति २०६१/१२/१८ (जि.प्र.का. रौतहट) रहेको **श्री सुनिता चौधरी ।**	४२. राजाराम चोधरीको नाती, सिताराम चोधरीको छोरा बारा जिल्ला, भोडाहा गा.पा/न.पा., वडा नं. ०१. स्थायी वतन भई भोडाहा बस्ने ना.प्र.प.नं. ३१०४/२५९२/३०३० को जारी मिति २०५७/०२/३१ (जि.प्र.का. बारा) रहेको **श्री अमित कुमार चौधरी ।**	४२. सिताराम चौधरीको नाममा मालपोत कार्यालय कलैया,बारा मा दर्ता रहेको बारा जिल्ला, भोडाहा गा.वि.स./न.पा., वडा नं. (०३) को कित्ता नं. ४९७ को ..... वर्ग मि. ... /क्षेत्रफल ०-७-२-८ को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४३. राजा राम रायको बुहारी, लाल बहादुर यादवको पत्नी रौतहट जिल्ला, गुजरा गा.पा/न.पा., वडा नं. ६ स्थायी वतन भई बेदौली बस्ने ना.प्र.प.नं. ५०६ को जारी मिति २०६४/०१/०७ (जि.प्र.का. रौतहट) रहेको **श्री ज्ञान्ती देवी ।**	४३. राम बिरिक्ष राय यादवको नाती, राजा राम रायको छोरा रौतहट जिल्ला, गुजरागा.पा/न.पा., वडा नं.६ स्थायी वतन भई बेदौली बस्ने ना.प्र.प.नं. १०९६ को जारी मिति २०५५/११/२६ (जि.प्र.का.रौतहट) रहेको **श्री लाल बहादुर यादव ।**	४३. लालबहादुर यादवको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुरमा दर्ता रहेको रौतहट जिल्ला, प्रतापपुर पल्टुवा गा.वि.स./न.पा., वडा नं. ८ (क) को कित्ता नं. ७९१ र ७८७ को क्षेत्रफल ०-०-८-० र ०-२-१२-० को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४४. राधेश्याम बिश्वकर्माको बुहारी जलन्धर विश्वकर्मा लोहारको श्रीमती रुपन्देही जिल्ला, गैडहवा गा.पा/न.पा./उमनपा /मनपा, वडा नं. ०३ मंगलपुर स्थायी वतन भई हाल मंगलपुर बस्ने ना.प्र.प.नं. ३७-०१-६९-०७१८७ को जारी मिति २०६९/१२/३० (जि.प्र.का.) रुपन्देही रहेको श्री **जानकी लोहार ।**	४४. मगरुको नाति, राधेश्याम बिश्वकर्माको छोरा, रुपन्देही जिल्ला, गैडहवा गा.पा. न.पा/उपनपा/मनपा, वडा नं.०३ मंगलपुर स्थायी वतन भई हाल मंगलपुर बस्ने ना.प्र.प.नं. ३७३०४०/२४ को जारी मिति २०६३-११-१७ (जि.प्र.का. रुपन्देही) रहेका श्री **जलन्धर विश्वकर्मा लोहार ।**	४४. जलन्धर विश्वकर्मा लोहारको नाममा मालपोत कार्यालय भैरहवामा दर्ता रहेको रुपन्देही जिल्ला, बिसुनपुरा गा.पा/न.पा./उमनपा/मनपा, वडा नं. ०४ को कित्ता नं. ८८१, (०-०-१०.-०) र ७२८ को (०-१-०-०) क्षेत्रफल को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४५. चुल्हई कोहारको बुहारी, त्रिवेणी कोहारको श्रीमती रुपन्देही जिल्ला, गैडहवा, गापा/नपा./उमनपा/मनपा, वडा नं.०३ मंगलपुर स्थायी वतन भई हाल मंगलपुर बस्ने ना.प्र.प.नं. १८९८१ को जारी मिति २०६२ /०३/१२ (जि.प्र.का. रुपन्देही) रहेको श्री **बिन्द्रा वति कोहार ।**	४५. औतारको नाति, चुल्हई कोहारको छोरा, रुपन्देही जिल्ला, गैडहवा गा.पा, न.पा/उपनपा/म.न.पा, वडा नं. ०३ मंगलपुर स्थायी वतन भई हाल मंगलपुर बस्ने ना.प्र.प.नं.४/९१३५ का जारी मिति २०५६/०२/२५ (जि.प्र.का. रुपन्देही) रहेका श्री **त्रिवेणी कोहार ।**	४५. बिन्द्रावति कोहार र प्रभुराजी कोहाइनको नाममा मालपोत कार्यालय भैरहवामा दर्ता रहेको रुपन्देही जिल्ला, बिसुनपुरा गा.पा/न.पा./उमनपा/मनपा, वडा नं. ०४, कित्ता नं. क्रमश २६३ को (०-४-६-०), २१० को (०-२-३-०) ,२६१ को (०-०-१०-०), ३१४ को (०-०-५-०) ६१७ को (०-१-११-०), ३११ को (०-१-०-०) को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४६. बुद्धिलाल रैदासको बुहारी, तुलसीराम रैदासको श्रीमती रुपन्देही जिल्ला, सियारी गापा/नपा./उमनपा/मनपा, वडा नं.०३ जगत्था स्थायी वतन भई हाल जगत्था बस्ने ना.प्र.प.नं. २५३१ को जारी मिति २०५१/१०/०८ (जि.प्र.का. रुपन्देही) रहेको श्रीमति **शान्ती रैदास ।**	४६. विरेको नाति, बुद्धिलाल रैदासको छोरा, रुपन्देही जिल्ला, सियारी गापा, नपा/ उपनपा/मनपा, वडा नं.०३ जगत्था स्थायी वतन भई हाल जगत्था बस्ने ना.प्र.प.नं. २३७८१ को जारी मिति २०३५/०७/०६ (जि.प्र.का. रुपन्देही) रहेका **तुलसीराम रैदास ।**	४६. **तुलसीराम रैदास**को नाममा मालपोत कार्यालय भैरहवामा दर्ता रहेको रुपन्देही जिल्ला, हर्नैया गा.पा/न.पा./उमनपा/मनपा, वडा नं. ०७, कित्ता नं. क्रमश ८३८ को (०-०-९-०), ५४५ को (०-१-४-०), ६०० को (०-४-१०-०), ८२२ को (०-२-०-०), ९०२ को (०-०-११-०) क्षेत्रफलको जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४७. रामचन्द्र प्रसाद कलवारको बुहारी, राजेन्द्र प्रसाद साहको पत्नी रौतहट जिल्ला, गुजरा गा.पा/न.पा., वडा नं. ८ स्थायी वतन भई जोगौलिया बस्ने ना.प्र.प.नं. ३२३०७१/७३९ को जारी मिति २०६४/०१/०८ (जि.प्र.का.रौतहट) रहेको **श्री बबिता कुमारी देवी ।**	४७. महादेव साहको नाती, रामचन्द्र प्रसाद कलवारको छोरा रौतहट जिल्ला, गुजरा गा.पा/न.पा., वडा नं. ८ स्थायी वतन भई जोगौलिया बस्ने ना.प्र.प.नं. १०७९ को जारी मिति २०५५/११/२४ (जि.प्र.का.रौतहट) रहेको **श्री राजेन्द्र प्रसाद साह ।**	४७. बबिता कुमारी देवीको नाममा मालपोत कार्यालय चन्द्रनिगाहपुरमा दर्ता रहेको रौतहट जिल्ला, सिमरा भवानिपुर गा.वि.स./न.पा., वडा नं.७ को कित्ता नं. २८९ को क्षेत्रफल ०-३-०-० कोजग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४८. फौदी थारुको बुहारी, रामबाबु चौधरीको पत्नी बारा जिल्ला, फतेपुर गा.वि.सं. वडा नं. ६ स्थायी वतन भई जितपुर सिमरा उ.म.न.पा. वडा नं. ७, जितपुर बस्ने ना.प्र.प.नं. ५६५/१७५२ को जारी मिति २०५१/१२/२० (जि.प्र.का. बारा) रहेको **श्री कविता देवीचौधरी ।**	४८. भातु खाँ थारुको नाती, फौदी थारुको छोरा बारा जिल्ला, फतेपुर गा.वि.सं. वडा नं. ६ स्थायी वतन भई जितपुर सिमरा उ.म.न.पा. वडा नं. ७, जितपुर बस्ने ना.प्र.प.नं. ३३२०६२/२४१५६ को जारी मिति २०६५/०३/११ (जि.प्र.का. बारा) रहेको **श्री रामबाबु चौधरी ।**	४८. रामबाबु चौधरीको नाममा मालपोत कार्यालय सिमरा, बारामा दर्ता रहेको बारा जिल्ला, फतेपुर गा.वि.स./न.पा., वडा नं. ५ को कित्ता नं. १०५ को २०३१.७८ वर्ग मि./क्षेत्रफल ०-६-०-० कोजग्गा र सो जग्गामाबनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।
४९. नर बहादुर रानाभाटको नातिनि, तेज बहादुर रानाभाटको छोरी, नरेश रानाभाटको पत्नि, चितवन जिल्ला भरतपुर गा.पा./न.पा./उ.म.न.पा./म.न.पा., वडा नं. १३ स्थायी वतन भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ५ बस्ने ना.प्र.प.नं. ४१७२१ को जारी मिति २०६५/०४/१६ (जि.प्र.का. चितवन) रहेको वर्ष ३८ की श्री **दुर्गा रानाभाट ।**	४९. बखान सिं रानाभाटको नाति, कुल बहादुर रानाभाटको छोरा, दुर्गा रानाभाटको पति लमजुङ्ग जिल्ला, वाग्ले गा.पा., न.पा./उ.प.न.पा./म.न.पा., वडा नं. १ स्थायी वतन भई हाल चितवन जिल्ला भरतपुर म.न.पा. वडा नं. ५ बस्ने ना.प्र.प.नं. ४४४९५ को जारी मिति २०५९/१०/२६ (जि.प्र.का.चितवन) रहेको वर्ष ३९ को श्री **नरेश रानाभाट ।**	४९. **नरेश रानाभाटको** नाममा मालपोत कार्यालय **भरतपुर, चितवनमा** दर्ता रहेको चितवन जिल्ला, श्रीपुर गा.पा./न.पा./उ.म.न.पा./म.न.पा., वडा नं. ७ मा रहेको कित्ता नं. १५२९, १५३१, १५३४ र १५३६ को जम्मा क्षेत्रफल ५२४.८३ वर्ग मिटर को जग्गा र सो जग्गामा बनेको घर र सो ले चर्चेको सम्पूर्ण लिगलिगापात समेत ।

Invitation for Bids

Ekdara Rural Municipality, Mahottari

Invitation for Bids for the

Supplying and Installation of Handpumps at Public places & economically backwards of Ekdara Rural Municipality.

Contract Identification No:
ERM/RM/HANDPUMP/NCB-01/2080-081

Date of publication: **2080/08/19**

1. **Ekdara Rural Municipality** invites sealed bids from Nepalese eligible bidders for the construction of **Supplying and Installation of Handpumps at Public places & economically backwards of Ekdara Rural Municipality.** under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. **1,03,22,138.68** ***[exclusive VAT].***
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents may visit PPMO website www.bolpatra.gov.np/egp.
3. A complete set of Bidding Documents may be purchased from the office ***Ekdara Rural Municipality,Ekdara,Mahottari*** and the office ***Ekdara Rural Municipality,Ekdara,Mahottari*** by eligible Bidders on the submission of a written application, along with the copy of company/firm registration certificate, and upon payment of a non-refundable fee of ***3000.00*** till ***2080/09/18*** during office hours.

   Or

   Bidder who chooses to submit their bid electronically may purchase the hard copy of the bidding documents as mentioned above or may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the cost(as specified above) of bidding document in the Project's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:

   Name of the Bank: PRABHU BANK LTD., Ekdara Branch, Aantrik Rajaswa khata (revenue) account no. **1390103994700051** & for security deposit Dharauti khata account no. **1390103994700041,** Ekdara rural Municipality, Mahottari.
4. Pre-bid meeting shall be held at ***2080/09/08 at 2:00 pm .***[1]
5. Electronic bids must be submitted through PPMO website www.bolpatra.gov.np/egpon or before ***12PM*** on ***2080/09/19***. Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at ***2PM, 2080/09/19*** at the office of ***Ekdara Rural Municipality, Ekdara, Mahottari***. Bids must be valid for a period of ***90*** after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of **2,60,000.00**, which shall be valid for 30 days beyond the validity period of the bid(i.e.) 120 Days in total.

नेपाल बैंकले भारतको एक्जिम बैंकसँग कारोबार गर्न सहज बनायो



काठमाडौं/ नेपाल बैंक लिमिटेडले वित्तीय व्यापार क्षमता अभिवृद्धि गर्ने उद्देश्यले एक्जिम बैंक इन्डियासँग ट्रेड एसिस्टेन्ट प्रोग्राम (टिएपी)अन्तर्गत सम्झौता गरेको छ। नेपाल बैंक भारतसँगको आयात कारोबारमा सहयोग गर्ने एक्जिम बैंकको साझेदार हुने पहिलो सरकारी बैंक हो।

बैंकको वित्तीय व्यवस्थापन, सुशासन, जोखिम र अनुपालन र दुई देशबीच चलिरहेको व्यापार कारोबारका विषयमा दुवै बैंकका वरिष्ठ व्यवस्थापनसँगको व्यापक छलफलपछि हस्ताक्षर भएको जनाइएको छ।

हस्ताक्षर कार्यक्रममा बैंकका कायममुकायम प्रमुख कार्यकारी अधिकृत समता पन्तले एक्जिम बैंक इन्डियासँग व्यापारिक सम्झौतासँगै आगामी दिनमा सम्भावित व्यापारिक क्षेत्रको अध्ययन र पहिचान गरी उक्त बैंकसँगको सहकार्यमा आफ्ना ग्राहकको व्यापारिक गतिविधिलाई टेवा पुग्ने गरी कार्य गर्ने योजनामा रहेको बताइन्।

स्ट्यान्डर्ड चार्टर्डले घोषणा गऱ्यो 'सुत्केरी बिदा लाभ'

काठमाडौं/ स्ट्यान्डर्ड चार्टर्ड बैंकले आफ्ना कर्मचारीका लागि 'सुत्केरी बिदा लाभ' घोषणा गरेको छ। बैंकले यही महिना (डिसेम्बर)देखि लागू हुने योजनामा कर्मचारीले कम्तीमा २० हप्ता अर्थात् एक सय ४० दिन सुत्केरी बिदाबराबरको भुक्तानी पाउने योजना ल्याएको हो।

कर्मचारीलाई सुत्केरी बिदा दिनेमा स्ट्यान्डर्ड पहिलो बैंक रहेको बैंकले दाबी गरेको छ। यसको उद्देश्य अभिभावकलाई आफ्ना बालबालिका हेरचाह गर्ने जिम्मेवारीमा समान सहभागिताको क्षमता प्रदान गर्ने र यसका लागि एक सय ४० दिन राखिएको जनाइएको छ।

'बच्चालाई परिवारमा स्वागत गर्नु महत्त्वपूर्ण अवसर हो,' बैंकका मानव संसाधन प्रमुख राजन उदासले भने, 'यसमा बैंक आफ्ना सहकर्मीको समर्थन गर्न चाहन्छ। यसो गर्दा उनीहरूले व्यक्तिगत र काम दुवैमा सन्तुलन बनाउन सक्छन्।'

ज्योति विकास बैंकको प्रमुख कार्यकारी अधिकृतमा ढकाल

काठमाडौं/ ज्योति विकास बैंक लिमिटेडको प्रमुख कार्यकारी अधिकृतमा कपिल ढकाल नियुक्त भएका छन्। बैंकको सञ्चालक समितिले बैंकको वरिष्ठ नायब प्रमुख कार्यकारी अधिकृतका रूपमा कार्यरत ढकाललाई प्रमुख कार्यकारी अधिकृतमा नियुक्त गरेको हो।

नवनियुक्त प्रमुख कार्यकारी अधिकृत ढकालमा बैंकिङ क्षेत्रको उच्च व्यवस्थापन तहमा १५ वर्षभन्दा बढी समयको अनुभव रहेको जनाइएको छ। चार्टर्ड एकाउन्टेन्ट रहेका ढकालसँग डिलोइट इन्डिया, आइसिआइसिआई बैंक इन्डिया, हाम्रो



विकास बैंकको प्रमुख कार्यकारी अधिकृत तथा एनआइसी एसिया बैंकको सहायक प्रमुख कार्यकारी अधिकृतका रूपमा जिम्मेवारी निर्वाह गरेका छन्। ढकाल एनआइसी एसिया क्यापिटल लिमिटेड र एनआइसी एसिया लघुवित्त वित्तीय संस्थाका अध्यक्ष रहनुका साथै हाल ज्योति क्यापिटल लिमिटेडको अध्यक्ष पनि भएको बैंकले जनाएको छ।

ढकालको यस क्षेत्रमा रहेको लामो कार्य अनुभव तथा कुशल व्यवस्थापकीय क्षमताले उनको नेतृत्वमा आगामी दिनमा बैंकले थप प्रगति गर्ने विश्वास व्यक्त गरेको छ।

ऋषिङ्ग गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
पोखरी भञ्ज्याङ्ग, तनहु
गण्डकी प्रदेश नेपाल

विद्युतीय बोलपत्र आह्वानको सूचना

प्रथम पटक प्रकाशित मिति : २०८०/०८/२२

यस गाउँपालिकाको आ.व. २०८०/८१ को लागि स्वीकृत वार्षिक कार्यक्रम बमोजिम निम्न उल्लेखित कार्य गराउनुपर्ने आवश्यक भएकोले नेपाल सरकारबाट इजाजतपत्र प्राप्त योग्य नेपाली निर्माण व्यवसायीहरुबाट २०८०/०९/२२ गते कार्यालय समय भित्र सार्वजनिक खरिद अनुगमन कार्यालयको विद्युतीय प्रणालीको माध्यमबाट बोलपत्र सम्बन्धी कागजात खरिद गर्न रु. ३००० यस कार्यालयको नाममा रहेको कुमारी बैंक ऋषिङ्ग शाखा स्थित सञ्चित कोष खाता नं. ग ४ १-०८३००३४५५४१००००७ मा जम्मा गरि सो सक्कल भौचर, साथै जमानत रकम यस कार्यालयको नाममा रहेको कुमारी बैंक ऋषिङ्ग शाखा स्थित धरौटी खाता न. ग ३-०८३००३४५५४१००००४ मा जम्मा गरि सक्कल भौचर सहित वा नेपाल राष्ट्रबैंकबाट मान्यता प्राप्त क वर्गको बैंकबाट बोलपत्र जमानतपत्र बोलपत्र दाखिला गर्ने अन्तिम मितिबाट घटीमा ९० दिन र थप ३० दिन म्याद भएको) २०८०/०९/२३ गते १२:०० बजे सम्ममा आवश्यक कागजपत्र विद्युतीय प्रणाली मार्फत बुझाउनु हुन अनुरोध गरिन्छ। साथै टेन्डर सोही दिन १४:०० मा बोलपत्रदाताहरुको रोहबरमा खोलिनेछ। सो समयमा कुनै पनि बोलपत्रदाता उपस्थित नभएमा पनि बोलपत्र खोल्न बाधा परेको मानिने छैन।

थप जानकारीको लागि www.bolpatra.gov.np/egp मा वा ९८५६०६३६८५ मा सम्पर्क गर्न सकिन्छ।

क्र. स	ठेक्काको नाम	ठेक्का न.	ठेक्का रकम	जमानत रकम	बोलपत्रको दस्तुर
1	Upgrading of road from Dhakre Khola to Simnath Chowk.	03/RRM/THN/NCB/WORKS/2080-81	२६७७४४४।४५ (भ्याट र कन्टिन्जेन्सी बाहेक)	८००००	३०००

चिन बहादुर रानाभाट
प्रमुख प्रशासकीय अधिकृत

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७०७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	जमानीकर्ताको विवरण
१)	**१) फुर्तीलाल कलवार** स्थायी ठेगाना : पर्सा जिल्ला, बिन्दवासिनी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११, श्रीपुर बाबु : श्रीलाल साह कलवार बाजे : हरिहर साह कलवार **तथा** **लक्ष्मीना देवी गुप्ता कलवार** स्थायी ठेगाना : पर्सा जिल्ला, बिन्दवासिनी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११, श्रीपुर बाबु : नगिना साह कलवार ससुरा : श्रीलाल साह कलवार पति : फुर्तीलाल कलवार	**असिस कुमार** स्थायी ठेगाना : पर्सा जिल्ला, बिन्दवासिनी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११, श्रीपुर बाबु : फुर्तीलाल कलवार बाजे : श्रीलाल साह कलवार
	ऋणीको विवरण	
	२) नेपाल सरकार, वाणिज्य तथा आपूर्ति मन्त्रालय, वाणिज्य तथा आपूर्ति व्यवस्थापन विभाग, वाणिज्य कार्यालय वीरगंज, पर्सामा प्रा.फ.र.नं. ३२६३६/०७१/७२ अन्तर्गत मिति २०७१/०७/०३ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. १४, श्रीपुर स्थित **आशिष ट्रेड कन्सर्न** **प्रोप्राईटर तथा जमानीकर्ता : असिस कुमार**	
	जमानीकर्ताहरुको विवरण	
	१) असिस कुमार (क्रेडिट कार्ड कर्जा समेत) स्थायी ठेगाना : पर्सा जिल्ला, बिन्दवासिनी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११, श्रीपुर बाबु : फुर्तीलाल कलवार बाजे : श्रीलाल साह कलवार	**२) लक्ष्मीना देवी गुप्ता कलवार** स्थायी ठेगाना : पर्सा जिल्ला, बिन्दवासिनी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११, श्रीपुर बाबु : नगिना साह कलवार ससुरा : श्रीलाल साह कलवार पति : फुर्तीलाल कलवार
	धितोको विवरण	
	१) नगिना साह कलवारकी छोरी, श्रीलाल साह कलवारकी बुहारी, फुर्तीलाल कलवारकी पत्नी, पर्सा जिल्ला, बिन्दवासिनी गा.वि.स. वडा नं. ६ स्थायी ठेगाना भई हाल पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११, श्रीपुर बस्ने लक्ष्मीना देवी गुप्ता कलवारको नाममा भूमिसुधार तथा मालपोत कार्यालय पर्साको लगातमा दर्ता कायम रहेको पर्सा जिल्ला, वीरगंज उ.म.न.पा. वडा नं. १४ (हाल वीरगंज म.न.पा. वडा नं. ११) स्थित कित्ता नं. २२९, १६९ र २४३ को क्षेत्रफल क्रमशः ००३३८.६३, ००४३०.२० र ००३७०.२३ (व.मि.) को घरजग्गा र सो घरजग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) आशिष ट्रेड कन्सर्नको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
	३) असिस कुमार स्थायी ठेगाना : पर्सा जिल्ला, बिन्दवासिनी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११, श्रीपुर बाबु : फुर्तीलाल कलवार बाजे : श्रीलाल साह कलवार	**लक्ष्मीना देवी गुप्ता कलवार** स्थायी ठेगाना : पर्सा जिल्ला, बिन्दवासिनी गा.वि.स. वडा नं. ६ हालको ठेगाना : पर्सा जिल्ला, वीरगंज म.न.पा. वडा नं. ११, श्रीपुर बाबु : नगिना साह कलवार ससुरा : श्रीलाल साह कलवार पति : फुर्तीलाल कलवार
	ऋणीको विवरण	
२)	१) नेपाल सरकार, उद्योग मन्त्रालय, घरेलु तथा साना उद्योग विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्रा.फ.नं. १४६८/३१/०५७/०५८, अन्तर्गत मिति २०५७/०७/१६ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. २ स्थित **रामनाथ राईस मिल** **प्रोप्राईटर तथा जमानीकर्ता: फेकु चौधरी**	२) नेपाल सरकार, वाणिज्य तथा आपुर्ति मन्त्रालय, वाणिज्य विभाग, घरेलु तथा साना उद्योग कार्यालय, महोत्तरीमा प्रा.फ.र.नं. ३३२९/१६-०७३/७४, अन्तर्गत मिति २०७३/०४/१३ मा प्राईभेट फर्म रजिष्ट्रेशन ऐन, २०१४ बमोजिम दर्ता भएको महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. २ स्थित **अमरशिव किराना एवंम जेनरल स्टोर्स** **प्रोप्राईटर तथा जमानीकर्ता:सुनिता देवी**	**३) फेकु चौधरी** स्थायी ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ हालको ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : सिताराम चौधरी बाजे : राम खेलावन चौधरी
	धितोको विवरण		
	१) राम खेलावन चौधरीको नाती, सिताराम चौधरीको छोरा महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ स्थायी ठेगाना भई हाल महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. २ बस्ने फेकु चौधरीको नाममा मालपोत कार्यालय जलेश्वर, महोत्तरीको लगातमा दर्ता कायम रहेको महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. १ (हाल औरही न.पा. वडा नं. १) स्थित कित्ता नं. १९७ र ४१० को क्षेत्रफल क्रमशः ०-४-१० र ०-३-० (विगाहा)को जग्गा र महोत्तरी जिल्ला, मेघनाथ गोरहन्ना गा.वि.स. वडा नं. १ क (हाल भंगाहा न.पा. वडा नं. ७) स्थित कित्ता नं. ३१३ को क्षेत्रफल ०-४-१६ (विगाहा)को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) रामनाथ राईस मिल तथा अमरशिव किराना एवंम जेनरल स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण। ३) अमरशिव किराना एवंम जेनरल स्टोर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।		
	जमानीकर्ताहरुको विवरण		
	१) फेकु चौधरी स्थायी ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ हालको ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : सिताराम चौधरी बाजे : राम खेलावन चौधरी	**२) सुनिता देवी** स्थायी ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. २ हालको ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : सिवालय चौधरी ससुरा : सिताराम चौधरी पति : फेकु चौधरी	**३) शिवनाथ चौधरी** स्थायी ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. २ हालको ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : फेकु चौधरी बाजे : सिताराम चौधरी
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**	
	४) सुनिता देवी स्थायी ठेगाना : महोत्तरी जिल्ला, औरही गा.वि.स. वडा नं. २ हालको ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : सिवालय चौधरी ससुरा : सिताराम चौधरी पति : फेकु चौधरी	**फेकु चौधरी** स्थायी ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. १ हालको ठेगाना : महोत्तरी जिल्ला, औरही न.पा. वडा नं. २ बाबु : सिताराम चौधरी बाजे : राम खेलावन चौधरी	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

NIC ASIA
एन आई सी एशिया बैंक लि.

एन आई सी एशिया बैंक लिमिटेड
रजिष्टर्ड कार्यालय: ट्रेड टावर थापाथली, काठमाडौं वडा नं. ११
फोन नं.: +९७७-१-५१११११७७/७८/८८, फ्याक्स: +९७७-१-५१११११८०
टोल फ्री नं.: १६६०-०१-७७०७७१
सुझावको लागि: FB टाईप गरी ३४४८८ मा SMS पठाउनुहोस्
कर्जा असुली विभाग, राधाभवन, त्रिपुरेश्वर, काठमाण्डौं।
सम्पर्क फोन.: +९७७-१-०-४२६६५२०/२२ (एक्सटेन्सन: २०८/२२५/२२६)

ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी ३५ (पैंतीस) दिने सार्वजनिक सूचना

यस बैंकबाट तपसिलमा उल्लेखित चल अचल सम्पति सुरक्षण वापत धितो राखी तपसिलका ऋणीले लिनुभएको ऋण कर्जाको साँवा, ब्याज लगायतका अन्य रकम समेत यस बैंकसँगको शर्त कबुलियत बमोजिम समय समयमा तिर्नु बुझाउनु पर्नेमा सो नतिरी नबुझाई ऋण कर्जा सम्बन्धी शर्त बन्देज उल्लंघन गर्नु भएकोले कर्जा चुक्ता भुक्तानी गर्न अनुरोध गरी पटक पटक मौखिक तथा लिखित रुपमा तरताकेता गर्दा समेत कुनै चासो नदेखाई बेवास्ता गर्नुभएकोले सो ऋण कर्जा चुक्ता भुक्तान गर्ने सम्बन्धी यो ३५ (पैंतीस) दिने सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

यो सूचना प्रकाशित भएको मितिले ३५ (पैंतीस) दिन भित्र यस बैंकमा सम्पर्क राखी बैंकबाट लिनुभएको ऋण कर्जाको सम्पूर्ण साँवा, ब्याज र अन्य दै-दस्तुर चुक्ता भुक्तान गर्नुहोला। अन्यथा प्रचलित ऐन कानून तथा यस बैकसँग गरेको लिखत बमोजिम धितोमा रहेको चल अचल सम्पति लिलाम बिक्री गरी वा अन्य कुनै व्यवस्था गरी बैंकको आफ्नो लेना रकम असुल उपर गरिनुका साथै ऋणी तथा जमानीकर्तालाई समेत कर्जा सूचना केन्द्र लि. को कालोसूचीमा नाम समावेश गर्ने व्यहोरा यसै सूचनाद्वारा जानकारी गराइन्छ। साथै तपसिलमा रहेको धितो बाट समेत बैंकको सम्पूर्ण लेना रकम असुल उपर नभएमा बैंक तथा वित्तीय संस्था सम्बन्धी ऐन, २०७३, बैक तथा वित्तीय संस्थाको ऋण असुली ऐन, २०५८ र सोको नियमावली २०५९ तथा प्रचलित कानून अनुसार ऋणी तथा जमानीकर्ताको अन्य चल अचल जायजेथा श्रीसम्पतिबाट बाँकी लेना रकम असुल उपर गरिने व्यहोरा समेत ऋणी, जमानीकर्ता तथा सम्बन्धित सबैलाई यसै सूचनाद्वारा सूचित गरिन्छ।

तपसिल

क्र.सं.	ऋणीको विवरण	धितोको विवरण
१)	**सदिप शर्मा** स्थायी ठेगाना: नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स. वडा नं. ५ हालको ठेगाना: नवलपरासी जिल्ला, देउचुली न.पा. वडा नं. १४ बाबु : राम प्रसाद शर्मा बाजे : ऋषीराम मरासेनी	१) उमाकान्त मरासेनीको नाती, ऋषीराम मरासेनीको छोरा, नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स. वडा नं. ५ स्थायी ठेगाना भई हाल नवलपरासी जिल्ला, देउचुली न.पा. वडा नं. १४ बस्ने राम प्रसाद मरासेनीको नाममा मालपोत कार्यालय कावासोती नवलपरासी (बर्दाघाट सुस्ता पूर्व)को लगातमा दर्ता कायम रहेको नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स. वडा नं. ४ क स्थीत कित्ता नं. ३६६० र ३६६३ को क्षेत्रफल क्रमशः ०-२-१३-० र ०-०-४.५-० (विगाह) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) सवारी मोडल: Hyundai Creta 1.6 Gasoline SX+2016 च्यासिस.नं.: MALC381CLGM130027*G ईन्जिन नं.: G4FGGU848330 | सवारी दर्ता नं. : बा १५ च ७१८४
	जमानीकर्ताहरुको विवरण	
	१) पवित्रा शर्मा स्थायी ठेगाना : नवलपरासी जिल्ला, प्रगतीनगर गा.प. वडा नं. ५ हालको ठेगाना : नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १४ बाबु : बालाकृष्ण तिमल्सिना ससुरा : ऋषीराम मरासेनी पति : राम प्रसाद मरासेनी	**२) पार्वती पौडेल** स्थायी ठेगाना:चितवन जिल्ला, भरतपुर उ.म.न.पा. वडा नं. ६ हालको ठेगाना: नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १४ बाबु : लिलाधर पौडेल ससुरा : राम प्रसाद मरासेनी पति : सदिप शर्मा
	३) राम प्रसाद मरासेनी स्थायी ठेगाना: नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : नवलपरासी जिल्ला, देवचुली न.पा. वडा नं. १४ बाबु : ऋषीराम मरासेनी बाजे : उमाकान्त मरासेनी	**४) शरिता शर्मा** स्थायी ठेगाना: नवलपरासी जिल्ला, प्रगतीनगर गा.वि.स. वडा नं. ५ हालको ठेगाना : नवलपरासी जिल्ला, देउचुली न.पा. वडा नं. ५ बाबु : दुर्गा नाथ शर्मा ससुरा : ऋषीराम मरासेनी पति: राम प्रसाद मरासेनी
	ऋणीको विवरण	**जमानीकर्ताको विवरण**
२)	प्रदेश सरकार, उद्योग पर्यटन वन तथा बातावरण मन्त्रालय, उद्योग वाणिज्य तथा उपभोक्ता हित संरक्षण निर्देशनालय, घरेलु तथा साना उद्योग कार्यालय, बागमती प्रदेश त्रिपुरेश्वर, काठमाण्डौंमा प्राइभेट फर्म दर्ता नं. ५२० अन्तर्गत मिति २०७६/०४/१४ मा प्रदेश औद्योगिक ब्यवसाय ऐन २०७६ बमोजिम दर्ता भएको काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ०८ स्थित **एस.एस.बि. फेशन टेलर्स** **संचालक तथा जमानीकर्ता: विक्रम कुमार दमाई** स्थायी ठेगाना: सर्लाही जिल्ला, वरहथवा गा.वि.स. वडा नं. ७ हालको ठेगाना: काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ८ बाबु : ष्ठ बहादुर दमाई बाजे : कृष्ण बहादुर दमाई	**प्रमिला कुमारी श्रेष्ठ** स्थायी ठेगाना: सर्लाही जिल्ला, वरहथवा न.पा. वडा नं. ७ हालको ठेगाना: काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ८ बाबु : लाल बहादुर श्रेष्ठ ससुरा : ष्ठ बहादुर दमाई पति : विक्रम कुमार दमाई
	धितोको विवरण	
	१) लाल बहादुर श्रेष्ठकी छोरी, ष्ठ बहादुर दमाईकी बुहारी, विक्रम कुमार दमाईकी पत्नी, सर्लाही जिल्ला, वरहथवा गा.वि.स. वडा नं. ७, स्थायी ठेगाना भई हाल काठमाण्डौं जिल्ला, गोकर्णेश्वर न.पा. वडा नं. ८ बस्ने प्रमिला कुमारी श्रेष्ठको नाममा मालपोत कार्यालय सिन्धुपाल्चोकको लगातमा दर्ता कायम रहेको सिन्धुपाल्चोक जिल्ला, भोटेचौर गा.वि.स.वडा नं. ७ (हाल मेलम्ची न.पा. वडा नं. २) स्थित कित्ता नं. ४५५ र ४५६ को क्षेत्रफल क्रमशः ८६४.४६ र ५७४.३२ (व.मि.) को जग्गा र सो जग्गाले चर्चेको र भविष्यमा चर्चिने सम्पूर्ण लिगालगापात समेत। २) एस.एस.बि. फेशन टेलर्सको स्वामित्वमा रहेको मालसामान तथा आय प्राप्ती (Goods & Assignment of Bills & Receivables) उपर हाइपोथिकेशन सुरक्षण।	

नोट: ऋणी तथा जमानीकर्ता बाहेक सूचनामा उल्लेखित अन्य व्यक्तिहरुको नाम ऋणी तथा जमानतकर्ताको परिचय खुलाउने प्रयोजनको लागि मात्र प्रयोग गरिएको।

■ नेपाल सुपर लिग

इन्जुरी समयमा सम्हालिन नसक्दा चितवन रोकियो



बुटवल-लुम्बिनीसँग १-१ को बराबरी नतिजा व्यहोरेको चितवनले प्ले अफमा स्थान बनाउन बाँकी चार खेल जित्नैपर्ने

नयाँ पत्रिका

विदेशी खेलाडी स्टेफन समिर विनोडले अन्तिम पाँच मिनेट इन्जुरी समयकै पहिलो मिनेटमा गोल गरेपछि दशरथ रंगशालामा एफसी चितवन दोस्रो जित निकाल्न वञ्चित भएको छ। नेपाल सुपर लिगको आफ्नो चौथो खेलमा बुधबार बुटबल लुम्बिनी र चितवनले १-१ गोलको बराबरी खेलेका हुन्। बराबरी नतिजाबाट दुवै टोली खुसी देखिएन्। स्पष्ट ३ अंकले प्ले अफको सम्भावना बलियो हुने थियो। यसकारण पनि यी दुवै टोली प्ले अफमा स्थान बनाउन चर्को दबाबमा देखिएका हुन्। अब लिगमा चार खेल बाँकी छ। चारै खेलमा जित निकाल्दा मात्र प्ले अफको सम्भावना हुनेछ। तीन खेलमा हार वा बराबरीले नतिजाले प्ले अफबाट टाढिने अवस्था छ।

बुटबल लुम्बिनीसँगको बराबरी नतिजा निकाल्दा चितवनले अंक तालिकाको तेस्रो स्थानमा उक्लने मौका गुमाएको छ। चितवनले चार खेलबाट ५ अंक बटुल्दा एक जित र हार सामना गरेको छ। यसैगरी चितवन दुई खेलमा बराबरीमा रोकियो। चितवन पहिलो खेलमा पोखरा थन्डर्ससँग १-० ले पराजित भएको थियो। दोस्रो खेलमा साबिक विजेता काठमाडौं रेजर्ससँग १-१ को बराबरी खेल्दै अंक बटुल्यो। चितवनले तेस्रो खेलमा वीरगन्जविरुद्ध २-१ को रोमाञ्जक जित निकालेको थियो। एनएसएलमा चितवनले पहिलो जित नै वीरगन्जमाथि निकालेको थियो।

'दिनदिनै मिहिनेत गरिरहेका छौं। प्रदर्शनमा सुधार आएको छ। प्रत्येक खेलमा अवसर धेरै बनाएका छौं,' चितवनका लागि भारतीय प्रशिक्षक मेहराजुद्दिन वाडुले भने, 'प्ले अफ पुग्न कठिन छ, तर प्रदर्शन हेर्ने हो भने सम्भावना बलियो छ।' अन्तिम समयमा गोलरक्षक तथा मार्की विशाल श्रेष्ठसँगै दुई विदेशी खेलाडीबीच तालमेल नमिल्दा चितवन स्पष्ट जितबाट टाढियो। बुटवलले निरन्तर रूपमा गोल प्रयास जारी राखेको थियो। खेलको अन्तिम इन्जुरी समयसम्म गोल गर्ने लक्ष्यका साथ प्रतिस्पर्धा गरिरहेको बुटवलले १ अंक हात पाऱ्यो। बराबरीसँगै बुटवलले एक स्थान सुधार पनि गऱ्यो। चार खेलबाट ४ अंक जोडेको बुटवल छैटौं स्थानमा उक्लेको छ।

बुटवल पहिलो खेलमा ललितपुर सिटीसँग २-० ले पराजित भएको थियो। दोस्रो खेलमा साबिक उपविजेता धनगढी एफसीसँग १-० ले नै हार्न पुग्यो। मार्की खेलाडी एरिक विष्टको विश्वस्तरीय गोलसँगै तेस्रो खेलमा स्पोर्टिङ इलाम एफसीलाई २-१ ले हराएको थियो। बुटवलका प्रशिक्षक विजय महर्जनले बाँकी खेल जित्नै पर्ने दबाब रहेको प्रस्ट पारे। 'बाँकी खेलमा निकै दबाब हुनेछ। हामीले जसरी पनि जित्नैपर्छ। तर, यो दबाब स्वीकार गर्छु,' महर्जनले भने। चितवनविरुद्ध जित्नुपर्ने खेलेमा एक सामान्य गल्ती गोलका कारण दबाबमा परेको उनले जनाए। 'आज जसरी हुन्छ ३ अंक नगुमाउने लक्ष्यका साथ आएका थियौं। तर, खेलमा एक सिल्ली गोल भयो। जसकारण अंक बाँड्नुपऱ्यो,' महर्जनले भने। प्रतियोगितामा ४० मध्ये १६ खेल सम्पन्न हुँदा ८ अंकसहित पोखरा शीर्ष स्थानमा छ।

स्टेफनले टारे संकट

हारतर्फ अग्रसर भइसकेको बुटवलका लागि विदेशी खेलाडी स्टेफनले संकट टारेका थिए। ९० मिनेटको खेलसम्म चितवन १-० ले जिततर्फ अग्रसर थियो। फिफा रेफ्री प्रज्वल क्षेत्रीले खेलमा पाँच मिनेट इन्जुरी समय थप गरे। इन्जुरी समयको पहिलो मिनेटमै स्टेफनले गोल गर्दै बुटबललाई १-१ को बराबरीमा ल्याए। मोन्टेनेग्रोका रक्षक इभानोभिक र घानाका रक्षक अब्मुबारिक युसिफसँगै चितवनका गोलरक्षक विशालबीच डिबक्सभित्र तालमेल मिलेन। विपक्षी खेलाडीको गल्तीमा स्टेफनले भरपुर फाइदा लिँदै गोल गरे।

■ यू-१९ एसिया कप आजदेखि

पाकिस्तानको सामना गर्दै नेपाल

नयाँ पत्रिका

युएईमा शुक्रबारदेखि एसिसी यू-१९ एसिया कप क्रिकेट प्रतियोगिता सुरु हुँदै छ। नेपालको युवा टोली आज पहिलो खेलमै पाकिस्तानविरुद्ध खेल्नेछ। नेपालको समूह 'ए'मा भारत र अफगानिस्तान पनि छन्। कठिन समूहमा रहेको नेपालका कप्तान देव खनालले सेमिफाइनल पहिलो लक्ष्य भएको बताएका छन्। यद्यपि, सर्वाधिक बलिया राष्ट्र रहेको नेपाललाई अन्तिम चारमा पुग्न कठिन देखिन्छ।

'हामीहरूको समूहमा उपाधि दाबेदार राष्ट्र भए पनि उत्कृष्ट प्रदर्शन गरी सेमिफाइनल पुग्ने लक्ष्य राखेका छौं,' कप्तान देवले भने। यसपटक नेपाली टोलीमा सिनियर खेलाडी गुल्सन झा फर्किएका छन्। उनको आगमनले टोली हौसिएको छ। गुल्सनले



सिनियर टोलीबाट २४ एकदिवसीय र ११ अन्तर्राष्ट्रिय टी-२० खेलेका छन्। उनले श्रीलंका र पाकिस्तानमा भएको एसिया कपमा पाकिस्तान र भारतविरुद्ध खेलेका थिए।

यू-१९ अन्तर्राष्ट्रिय क्रिकेटमा नेपाललाई एक बलियो राष्ट्रका रूपमा लिने गरिन्छ। नेपालले टेस्ट मान्यताप्राप्त राष्ट्रलाई हराइसकेको छ। युवा टोलीले यू-१९ विश्वकपमा सन् २००१ देखि उत्कृष्ट प्रदर्शन गर्दै आएको छ। सन् २००२ मा न्युजिल्यान्डमा भएको आइसिसी यू-१९ विश्वकपमा नेपालले पाकिस्तानलाई हराएको थियो। सोही प्रतियोगितामा नेपालले प्लेट च्याम्पियनसिपको सेमिफाइनलमा अर्को टेस्ट टोली बंगलादेशलाई पनि स्तब्ध बनायो। सन् २००४ मा नेपालको युवा टोलीले दक्षिण अफ्रिकालाई हराएको थियो।

सन् २००६ को यू-१९ विश्वकपको प्लेट च्याम्पियनसिपको सेमिफाइनलमा दक्षिण अफ्रिका र फाइनलमा न्युजिल्यान्डलाई हराएर नेपाल प्लेट च्याम्पियन बनेको थियो। सन् २०१६ को युवा विश्वकपमा नेपालले न्युजिल्यान्डलाई हराएको थियो। उमेर समूहमा एसोसिएट राष्ट्रमध्ये सर्वाधिक बलियो मानिने नेपालले पाकिस्तानविरुद्ध यस्तै इतिहास दोहोऱ्याउने लक्ष्य राखेको छ।

मूल्य सूची सम्बन्धी सूचना

यस उद्योगबाट उत्पादित निम्न ब्राण्डका मदिराहरु मिति २०८०/०८/२२ गते देखि लागू हुने गरी निम्न बमोजिमको मूल्यमा बिक्री वितरण गरिने भएकाले सम्बन्धित सबैको जानकारीका लागि यो सार्वजनिक सूचना प्रकाशित गरिएको छ।

दि नेपाल डिष्टिलरिज प्रा. लि.
बालाजु, काठमाडौं

क्र.सं.	ब्राण्डको नाम	मि.लि.	शक्ति UP	नेशनल डिष्ट्रिब्युटर्स (मू.अ.क.समेत)	नेशनल डिष्ट्रिब्युटर्स कमिशन	डिष्ट्रिब्युटर्स मूल्य (मू.अ.क.समेत)	डिष्ट्रिब्युटर्स कमिशन	होलसेल मूल्य (मू.अ.क.समेत)	होलसेल कमिशन	खुद्रा विक्रेता मूल्य (मू.अ.क.समेत)	खुद्रा विक्रेता कमिशन	उपभोक्ता मूल्य (मू.अ.क.समेत)	
				प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति कार्टुन	प्रति बोतल
१.	Khukri XXX RUM	९०	२५	२२,६०२.३६	७७२.८३	२३,३७५.१९	१,०५१.८८	२४,४२७.०७	९७७.०९	२५,४०४.१६	२,०२५.८४	२७,५००.००	२७५

स्थानीय सरकार
ईन्द्रावती गाउँपालिका
गाउँ कार्यपालिकाको कार्यालय
नवलपुर, सिन्धुपाल्चोक
बागमती प्रदेश, नेपाल

सेवा करारमा पदपूर्ति गर्ने सम्बन्धी सूचना

(प्रथम पटक प्रकाशित मिति : २०८०/०८/२२)

क्र. सं.	विज्ञापन नं.	पद	तह	माग संख्या	परीक्षा दस्तुर रु.	न्युनतम शैक्षिक योग्यता	दरखास्त पेश गर्ने अन्तिम मिति	कैफियत
१	०३/२०८०/०८१	अ.न.मी.	सहायक चौथो	३ (तिन)	५००।	प्रचलित कानून अनुसार।	सूचना प्रकाशन भएको १५ दिन (२०८० पौष ६ गते) भित्र	-

यस विज्ञापन सम्बन्धी विस्तृत विवरण ईन्द्रावती गाउँपालिकाको वेवसाइट **indrawatimun.gov.np** मा हेर्न सकिनेछ।

Chamunda Bindrasaini Municipality
Jambukandh, Dailekh
Karnali Province, Nepal

Invitation for Bids for the Construction of Omkot Ma.Vi. Building

Contract Identification No: NCB/W/03/2080/81

Date of publication: 2080/08/22 (8 Dec., 2023)

1. Chamunda Bindrasaini Municipality Jambukandh Dailekh invites electronic bids from Nepalese eligible bidders for the construction of Omkot Ma. Vi. Omkot Building under National Competitive Bidding procedures. The estimated amount for the works is Rs. 40,00,000.00 (including VAT and PS)
2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Chamunda Bindrasaini Municipality Jambukandh dailekh. Office mailing address: ito.chamundabindrasainimun@gmail.com contract ph.: 9858038178 or may visit PPMO website www.bolpatra.gov.np/egp.
3. Bidder to submit their bid electronically may download the bidding documents for e-submission from PPMO's Web Site www.bolpatra.gov.np./egp,. Bidders, submitting their bid electronically, should deposit the Cost 3000.00 of bidding document in the Office's Rajaswa (revenue) account as specified below and the scanned copy (pdf format) of the Bank deposit voucher shall be uploaded by the bidder at the time of electronic submission of the bids. Information to deposit the cost of bidding document in Bank:
   Name of the Bank : Nepal SBI Bank Chamund Branch.
   Name of Office : Chamunda Bindrasaini Municipality Jambukandh Dailekh
   Office Code no. : 80106123
   Office Account no (Rajaswa acount) : ga (1.1) 41295241207004
4. Pre-bid meeting shall be held at Chamunda Bindrasaini Municipality, Jambukandh, Dailekh at 11:00 Hours on 28/12/2023
5. Electronic bids must be submitted to the office Chamunda Bindrasaini Municipality, Jambukandh, Dailekh through PPMO website www.bolpatra.gov.np/egp. on or before 12:00 hours on 2080/09/22 (07/01/2024). Bids received after this deadline will be rejected.
6. The bids will be opened in the presence of Bidders' representatives who choose to attend at 14:00 Hours on 2080/09/22 (07/01/2024). at the Chamunda Bindrasaini Municipality, Dailekh
7. Bids must be valid for a period of 90 days after bid opening and must be accompanied by a bid security or scanned copy of the bid security in .pdf format in case of e-bid, amounting to a minimum of NRs 100,000.00, which shall be valid for 30 days beyond the validity period of the bid. Information to deposit the bid amount in Bank:
   Information to deposit the Bid-Security Amount
   Name of the Bank : Nepal SBI Bank Chamaunda Branch Dailekh.
   Name of Office : Chamunda Bindrasaini Municipality Office.
   Account name : Deposit.
   Dharauti Account no. : ga (3) 41225240600007
8. If the last date of purchasing and /or submission falls on a government holiday, then the next working day shall be considered as the last date. In such case the validity period of the bid security shall remain the same as specified for the original last date of bid **submission.**

Chief Administrative Officer

दशौं राष्ट्रिय खेलकुद निर्धारित समयमै हुने



सुर्खेतमा निर्माणाधीन रंगशाला अवलोकन गर्दै खेलकुदमन्त्री डिगबहादुर लिम्बू

नयाँ पत्रिका

युवा तथा खेलकुदमन्त्री डिगबहादुर लिम्बूले कर्णाली प्रदेशमा पहिलोपटक आयोजना हुन लागेको दशौं राष्ट्रिय खेलकुद प्रतियोगिता निर्धारित समयमै हुने बताएका छन्। सुर्खेतमा निर्माणाधीन रंगशाला अवलोकन गर्ने क्रममा मन्त्री लिम्बूले भविष्यमा अवस्थामा बाहेक प्रतियोगिता निर्धारित मितिमै हुने विश्वास दिलाएका हुन्।

'भविष्यमा परिस्थितिबाहेक प्रतियोगिता निर्धारित समयमै हुन्छ,' मन्त्री लिम्बूले भने, 'भौतिक पूर्वाधार निर्माणमा प्रदेश सरकारको लगानी र प्रदेश खेलकुद परिषद्को सक्रियतालाई धन्यवाद दिन चाहन्छु।' उनले पूर्वाधार अभावमा प्रतियोगिता प्रभावित नहुने बताए।

राष्ट्रिय खेलकुद परिषद्का सदस्यसचिव टंकलाल घिसिङले ०८१ मंसिरमा दशौं राष्ट्रिय खेलकुद सम्पन्न गर्न राज्यका तीनै तहको उत्तिकै भूमिका रहने बताए। दशौं राष्ट्रिय खेलकुदको पूर्वतयारीका लागि आवश्यक परामर्शका लागि सुर्खेत पुगेको युवा तथा खेलकुद मन्त्रालय र राष्ट्रिय खेलकुद परिषद्को टोलीले रंगशालाको अवलोकन गरेको छ।

आठ बिघा क्षेत्रफलमा निर्माण भइरहेको रंगशालाको हालसम्म ७० प्रतिशतभन्दा बढी काम सम्पन्न भएको प्रदेश खेलकुद परिषद्का सदस्यसचिव विश्वामित्र सञ्ज्यालले जानकारी दिए। आगामी जेठभित्र सम्पन्न गर्ने गरी काम भएको भन्दै सञ्ज्यालले बहुउद्देश्यसहित मार्सल आर्ट र ब्याडमिन्टनका समेत तीनवटा कभर्ड हल निर्माण भएको जानकारी दिए।यसैबीच, कोहलपुर क्रिकेट रंगशालालाई महिला क्रिकेट एकेडेमी बनाउनुपर्नेमा मन्त्री लिम्बूले सुझाए। उनले स्थानीय तहसँगको सहकार्यमा रंगशालाको संरक्षण गर्नुपर्नेमा जोड दिए।

खेल संक्षेप

हिमरश्मीलाई उपाधि

काठमाडौं/ एन्जल्स हार्ट र हिमरश्मीले दोस्रो तार्केश्वर मेयर रनिङ सिल्ड खेलकुद प्रतियोगिताअन्तर्गत बास्केटबलको उपाधि जितेका छन्। एन्जल्स हार्ट जुनियर पुरुष तथा हिमरश्मी महिलामा च्याम्पियन बनेका हुन्। जुनियर पुरुषको फाइनलमा एन्जल्स हार्टले लालीगुराँस नेसनल एकेडेमीलाई २४-१९ ले पराजित गऱ्यो। सिनियर महिलाको उपाधि भिडन्तमा हिमरश्मीले ल्यान्डमार्कलाई २०-१८ ले हरायो।

सत्यवती विजयी

धनगढी/ कैलालीको युथ अफ टीकापुर र सत्यवती एकेडेमीले धनगढीमा भइरहेको लिटल फ्लावर प्रिमियर लिगमा जित हासिल गरेका छन्। प्रतियोगिताको बिहीबार भएको खेलमा युथ अफ टीकापुरले शारदा माविलाई ९४ रनले पराजित गऱ्यो। अर्को खेलमा सत्यवती एकेडेमीले जेएस स्पोर्टस्-११ लाई ३ विकेटले पराजित गऱ्यो। जेएस स्पोर्टस्ले दिएको ९९ रनको लक्ष्य सत्यवतीले १२.५ ओभरमा ७ विकेट गुमाएर पूरा गऱ्यो। सत्यवतीका ओपनर इमरान शेखले ३४ रनको योगदान दिए।

ज्ञानोदय सेमिफाइनलमा

काठमाडौं/ आयोजक ज्ञानोदय २९औं ज्ञान कार्निभलअन्तर्गत अन्तरविद्यालय बास्केटबल प्रतियोगिताको पुरुषतर्फ सेमिफाइनलमा प्रवेश गरेको छ। ज्ञानोदयले रातो बंगलालाई ४९-३५ ले पराजित गऱ्यो। पुरुषतर्फ ओएसिसले रेडियन्ट रिडर्सलाई ३६-२५ ले हरायो। रेडियन्ट पब्लिकले एलआरआईलाई ४०-१५ र पुष्पसदनले त्रियोगलाई ३६-२३ ले निराश पारे।

एस्टन भिल्ला तेस्रो स्थानमा उक्लियो



लन्डन/ इंग्लिस प्रिमियर लिगको साबिक विजेता म्यानचेस्टर सिटीलाई १-० ले स्तब्ध पार्दै एस्टन भिल्ला अंकतालिकाको तेस्रो स्थानमा उक्लिएको छ। भिल्लाको जितमा एक मात्र निर्णायक गोल लियोन बेलीले गरेका थिए। उनले खेलको ७४औं मिनेटमा टियलिमेन्सको पासमा गोल गरेका हुन्। भिल्लाले १५ खेलबाट ३२ अंक जोडेको छ। लगातार तीनपटकको लिग च्याम्पियन सिटी ३० अंकसहित चौथो स्थानमा रह्यो। लिगमा आर्सनल शीर्ष र लिभरपुल दोस्रो स्थानमा छ।

अर्को खेलमा म्यानचेस्टर युनाइटेडले चेल्सीमाथि २-१ को रोमाञ्चक जित निकालेको छ। युनाइटेडको जितमा स्कट मिकटोमिनेले दुई गोल गरेका थिए। उनले खेलको १९औं मिनेटमा युनाइटेडलाई १-० को अग्रता दिलाए। खेलको ४५औं मिनेटमा चेल्सीले १-१ को बराबरी गोल फर्काएको थियो। चेल्सीका लागि कोल पाल्मरले गोल फर्काएका हुन्। खेलको ६९औं मिनेटमा स्कटले युनाइटडलाई २-१ को अग्रता दिलाए। मध्यान्तरपछि चेल्सीले खासै राम्रो मुभ बनाउन सकेन। जितसँगै युनाइटेड १५ खेलबाट २७ अंक बटुल्दै अंकतालिकाको छैटौं स्थानमा छ। चेल्सी १९ अंकसहित दशौं स्थानमा छ।

नयाँ प्रकाशन प्रा.लि.द्वारा प्रकाशित तथा मुद्रित। **कार्यकारी निर्देशक** : सुशील थापा। **अध्यक्ष, प्रबन्ध निर्देशक तथा प्रधानसम्पादक** : कृष्णज्वाला देवकोटा। **कार्यालय** : स्टारमल, पुतलीसडक, काठमाडौं, फोन नं. ४०१२५६६/६६६ फ्याक्स नं ४०१२५६९, E-mail: letter@nayapatrikadaily.com